# स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन

(मातृभाषासहित)

२०७६


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

# स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन

(मातृभाषासहित)

२०७६

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

**प्रकाशक : नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

ISBN :

© **प्रकाशकमा**

**प्रथम संस्करण :** वि. सं. २०७६

**मुद्रक :**

**मूल्य :** रु.

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# प्राक्कथन

पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर प्रक्रिया हो । समाजको माग र सिकारुको आवश्यकताका आधारमा पाठ्यक्रममा समसामयिक, विश्वव्यापी र स्थानीय विषयवस्तुलाई समावेश गरिन्छ । कुनै तहमा अध्ययन गर्ने विद्यार्थीमा व्यवहारकुशल तथा जीवनोपयोगी सिप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सिकारुमैत्री बनाउने प्रयास गरिन्छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको सैद्धान्तिक अवधारणाअनुसार आधारभूत तहको मौजुदा पाठ्यक्रममा परिमार्जन गरी एकीकृत पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ घण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप समावेश हुने छन् । यसअन्तर्गतका सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापसँग पनि सम्बन्धित गराउन सकिन्छ । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

स्थानीय पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले क्षमता विकास गरी सबै विद्यालयमा मातृभाषा वा मातृभाषा र स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहमै रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसारको संरचनामा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता पूर्ति हुनाका साथै सिकाइप्रतिको अपनत्वसमेत विकास हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयवस्तुमा आधारित विषय तथा मातृभाषाका पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले यो स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन तयार गरिएको हो । यसमा स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा, स्थानीय पाठ्यक्रमसम्बन्धी प्रावधान, स्थानीय पाठ्यक्रमको ढाँचा, सम्भावित विषय क्षेत्र, स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था, मातृभाषाको पाठ्यक्रमको सन्दर्भ र अवधारणा, मातृभाषाको शिक्षासम्बन्धी विद्यमान प्रावधान, मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको ढाँचा, मातृभाषाका पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था र मातृभाषा शिक्षणको कार्यान्वयन गरी तेर परिच्छेद रहेका छन् । यसले स्थानीय तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न र मातृभाषाको शिक्षालाई विषयका रूपमा प्रयोग गर्न सहजीकरण गर्ने अपेक्षा गरिएको छ ।

यो मार्गदर्शन विकास गर्दा स्थानीय पाठ्यक्रमसम्बन्धी विगतको अनुभव, वर्तमान नीतिगत व्यवस्था तथा भइरहेको अभ्याससमेत अध्ययन गरिएको थियो भने सम्बन्धित सरोकारवाला तथा विज्ञहरूको राय सुझाव पनि लिइएको थियो । यो मार्गदर्शन विकासमा सहयोग पुऱ्याउने विज्ञहरू, सरोकारवालाहरू, पाठ्यक्रम विकास

केन्द्रका सम्बन्धित कर्मचारीहरूलगायत मार्गदर्शन विकास तथा लेखन कार्यदलका सबै सदस्यहरूलाई केन्द्र धन्यवाद दिन्छ ।

यस मार्गदर्शनमा स्थानीय पाठ्यक्रम विकास प्रक्रियाका विभिन्न चरणहरू कार्यान्वयन गर्न आवश्यक प्राविधिक र शैक्षणिक पक्ष उल्लेख गरिएको छ भने मातृभाषालाई विषयका रूपमा प्रयोग गर्न आवश्यक हुने पाठ्यक्रम ढाँचा समावेश छ । यसको कार्यान्वयनका क्रममा देखिने सबल पक्ष र सुधारापेक्षी पक्षको पृष्ठपोषणसहित रचनात्मक सुझावको केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

## विषयसूची


| | | |
|---|---|---|
| **परिच्छेद : १ स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा** | | **१-१२** |
| १.१ | सन्दर्भ | १ |
| १.२ | मार्गदर्शन विकासको उद्देश्य | २ |
| १.३ | नेपालमा स्थानीय पाठ्यक्रमको अभ्यास | २ |
| १.४ | स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त | ४ |
| १.५ | स्थानीय पाठ्यक्रमको औचित्य | ९ |
| १.६ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका चुनौती | ११ |
| **परिच्छेद : २ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया** | | **१३-१७** |
| २.१ | नेपालको संविधान | १३ |
| २.२ | पन्ध्रौं योजनाको अवधारण पत्र (२०७६/०७७-२०७९/०८०) | १३ |
| २.३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | १३ |
| २.४ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ | १४ |
| २.५ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ | १४ |
| २.६ | राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ | १५ |
| २.७. | प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ | १५ |
| २.८ | आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम,२०७५ | १६ |
| २.९. | आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ | १६ |
| २.१० | आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम | १७ |
| **परिच्छेद : ३ स्थानीय पाठ्यक्रमको अन्तरसम्बन्ध** | | **१८-२१** |
| ३.१ | शिक्षाको राष्ट्रिय उद्देश्यसँग स्थानीय पाठ्यक्रमको सम्बन्ध | १८ |
| ३.२ | राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिचको सम्बन्ध | १९ |
| **परिच्छेद : ४ स्थानीय पाठ्यक्रमको ढाँचा** | | **२२-२८** |
| ४.१ | सक्षमता/उद्देश्य | २२ |
| ४.२ | विषयवस्तु | २३ |
| ४.३ | कक्षागत सिकाइ उपलब्धि | २३ |
| ४.४ | शिक्षण विधि र प्रक्रिया | २३ |
| ४.५ | विद्यार्थी मूल्याङ्कन | २५ |
| ४.६ | समय निर्धारण (पाठ्यभार) | २६ |
| ४.७ | पाठ्यक्रमको विस्तृतीकरण | २६ |

| | | |
|---|---|---|
| **परिच्छेद : ५ स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्र** | | **२९-३२** |
| ५.१ | स्थानीय विषयका लागि सम्भावित विषय क्षेत्र | २९ |
| ५.२ | विभिन्न विषय तथा कक्षामा स्थानीय विषयवस्तु एकीकरण | ३१ |
| **परिच्छेद-६ स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया** | | **३३-३६** |
| ६.१ | स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया | ३३ |
| ६.२ | सिकाइ सहजीकरण प्रक्रिया | ३४ |
| ६.३ | स्रोत साधनको व्यवस्थापन र परिचालन | ३५ |
| ६.४ | क्षमता विकास | ३५ |
| ६.५ | मूल्याङ्कन प्रणाली | ३५ |
| **परिच्छेद : ७ स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था** | | **३७-३८** |
| **परिच्छेद : ८ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको जिम्मेवारी** | | **३९-४४** |
| ८.१ | विद्यालय तह | ३९ |
| ८.२ | स्थानीय तह | ४१ |
| ८.२ | स्थानीय तथा सामुदायिक संस्थाहरू | ४२ |
| ८.४ | प्रदेश तह | ४३ |
| ८.५ | सङ्घीय तह | ४३ |
| **परिच्छेद : ९ मातृभाषाको पाठ्यक्रमको सन्दर्भ र अवधारणा** | | **४६-५०** |
| ९.१ | पृष्ठभूमि | ४६ |
| ९.२ | वर्तमान अवस्थाको विश्लेषण | ४७ |
| ९.३ | मातृभाषाको पाठ्यक्रमको औचित्य | ४८ |
| ९.४ | मातृभाषा पाठ्यक्रमका चुनौती | ४९ |
| **परिच्छेद : १० मातृभाषाको शिक्षासम्बन्धी विद्यमान प्रावधान** | | **५१-५५** |
| १०.१ | नेपालको संविधान | ५१ |
| १०.२ | आवधिक योजना | ५१ |
| १०.३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | ५१ |
| १०.४ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ | ५२ |
| १०.५ | प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५ | ५२ |
| १०.६ | राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ | ५२ |
| १०.७ | उच्चस्तरीय राष्ट्रिय आयोगको प्रतिवेदन २०५५ | ५३ |
| १०.८ | विद्यालय क्षेत्र विकास योजना | ५३ |

| | | |
|---|---|---|
| १०.९ | आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ | ५४ |
| १०.१० | भाषा आयोगको प्रतिवेदन, २०७५ | ५४ |
| १०.११ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ | ५५ |
| १०.१२ | आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५ | ५५ |
| **परिच्छेद : ११** | **मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको ढाँचा** | **५६-७०** |
| ११.१ | पाठ्यक्रम | ५६ |
| ११.२ | भाषिक सिप/विषयवस्तु | ५६ |
| ११.३ | कक्षागत सिकाइ उपलब्धि | ५७ |
| ११.४ | सहजीकरण प्रक्रिया | ५९ |
| ११.५ | विद्यार्थी मूल्याङ्कन | ६० |
| ११.६ | समय निर्धारण (पाठ्यभार) | ६१ |
| ११.७ | मातृभाषाको पाठ्यक्रमको ढाँचा | ६२ |
| ११.८ | मातृभाषाको पाठ्यक्रम विकासको नमुना ढाँचा | ६२ |
| ११.९ | मातृभाषाको पाठ्यपुस्तक विकास | ६६ |
| **परिच्छेद : १२** | **मातृभाषाका पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था** | **७१-७२** |
| **परिच्छेद : १३** | **मातृभाषा शिक्षणको कार्यान्वयन** | **७३-७७** |
| १३.१ | कार्यान्वयन | ७३ |
| १३.२ | मातृभाषा शिक्षण कार्यान्वयनमा सहयोग र सहजीकरण | ७६ |
| १३.३ | मातृभाषा शिक्षकको व्यवस्था | ७६ |
| | **सन्दर्भ सामग्री** | **७८** |
| | **अनुसूचीहरू** | **७९-८५** |
| | अनुसूची १ | ७९ |
| | अनुसूची २ | ८१ |
| | अनुसूची ३ | ८५ |

# स्थानीय पाठ्यक्रमको परिचय

## परिच्छेद : १

# स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा

### १.१ सन्दर्भ

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकतासमेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । देश विकासका विभिन्न पक्षमा सबै नागरिकको स्वामित्व र सहभागिता आवश्यक हुन्छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ । यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराई सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ । नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएका थिए । राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्ले सिफारिस गरेको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ मा पनि स्थानीय पाठ्यक्रमलाई पाठ्यक्रम महत्त्वपूर्ण स्थान दिनुपर्ने उल्लेख छ । स्थानीय पाठ्यक्रमको विकास तथा निर्माण प्रक्रिया र त्यसको प्रभावकारी कार्यान्वयनमा विद्यालय तथा स्थानीय तहलाई सहयोग पुऱ्याउने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रले यो स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ तयार गरेको छ । यो मार्गदर्शन स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने स्थानीय तहका जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षाविद्, शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलगायत स्थानीय पाठ्यक्रमसम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

यो मार्गदर्शनमा स्थानीय पाठ्यक्रमअन्तर्गत मातृभाषा तथा अन्य स्थानीय विषयहरूका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । यो मार्गदर्शनलाई तीन

भागमा विभाजन गरिएको छ । पहिलो, अर्थात् परिचय भागमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन विकासको सन्दर्भ, यो मार्गदर्शन विकास गर्नुका उद्देश्य, स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त, नेपालमा यसको अभ्यास, स्थानीय पाठ्यक्रमको औचित्य र यसको विकासमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । दोस्रो भागमा स्थानीय पाठ्यक्रमसम्बन्धी नीति, यसको विकास तथा कार्यान्वयनका विधि तथा प्रक्रिया उल्लेख गरिएको छ । तेस्रो भागमा स्थानीय पाठ्यक्रमअन्तर्गत विकास तथा कार्यान्वयन हुने मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनसँग सम्बन्धित विषवस्तु तथा उदाहरणहरू प्रस्तुत गरिएको छ ।

### १.२ मार्गदर्शन विकासको उद्देश्य

यो मार्गदर्शन विकास गर्नुका उद्देश्य निम्नलिखित छन् :

(क) सबै सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा, सिद्धान्त र औचित्यसहित यसको आवश्यकता पहिचान गर्न सहयोग गर्नु

(ख) नेपालमा स्थानीय पाठ्यक्रमसम्बन्धी नीति तथा अभ्यासको समीक्षा गरी विद्यालय तहका लागि भावी योजना निर्माण र कार्यान्वयनका लागि सहजीकरण गर्नु

(ग) स्थानीय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनमा सहजीकरण गर्नु

(घ) पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्नु

### १.३ नेपालमा स्थानीय पाठ्यक्रमको अभ्यास

नेपालमा स्थानीय पाठ्यक्रमको सम्बन्धमा ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने अनौपचारिक रूपमा परम्परादेखि चलनचल्तीमा रहेको पारिवारिक शिक्षासम्म पुग्न सकिन्छ । यसमा परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा कनिष्ठ सदस्यलाई पेसागत ज्ञान र सिप दिने, पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने चलन थियो । गुरुकुल, गुम्बा, मदर्सा, मुन्धुम जस्ता धार्मिक शिक्षामा गुरुले चेलालाई सिकाउने विषयवस्तु र सिकाइ प्रक्रियालाई समेत स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ । औपचारिक शिक्षा सुरु भइसकेपछि नेपालमा राष्ट्रिय पाठ्यक्रमको अवधारणाको प्रारम्भ भए पनि स्थानीय ठाउँमा पाइने शैक्षिक सामग्री, स्रोत साधन आदिका आधारमा देशभित्र पनि विविध प्रकारका विषयवस्तु र शिक्षण प्रक्रिया धेरै पछिसम्म अभ्यासमा रहेका देखिन्छन् । यसलाई पनि पाठ्यक्रमको स्थानीयकरणको रूपमा लिन सकिन्छ । वि.सं.२०२८ मा देशभरि शिक्षा पद्धतिलाई एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरियो । यसले देशभरि एकै प्रकारको पाठ्यक्रम लागु गर्नुपर्ने आवश्यकता महसुस गरेपछि शिक्षामा अत्यधिक केन्द्रीकरण सुरु भएको आभास दिन्छ । यद्यपि यसप्रकारको केन्द्रीय पाठ्यक्रम भए तापनि विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान, शिक्षण प्रक्रियाको क्रममा स्थानीय विषयवस्तुको उदाहरण दिन सकिने अवस्था आदिले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने जमर्को गरेको देखिन्छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो । उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेन । पाठ्यक्रम विकास केन्द्रले नै विकास गरेका केही मातृभाषाका नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक सीमित विद्यालयले पठनपाठनमा ल्याए भने धेरै विद्यालयले अङ्ग्रेजी, अतिरिक्त गणित, कम्प्युटर जस्ता विषय अध्यापन गरेको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै यसलाई केही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिँदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा समावेश गर्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० समेत विकास गरियो । स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुँदैन भन्ने कुरा निक्र्योल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययनसमेत गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरिएको छ । कक्षा १-८ कै स्थानीय विषयलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन स्रोत सामग्रीसमेत विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक पाठ्यघन्टा १६० कायम गरेको छ । यसैअनुरूप तयार गरिएको आधारभूत तह (कक्षा १ देखि ३) को एकीकृत पाठ्यक्रम २०७५ मा ५ पाठ्यभारको मातृभाषिक सिप/स्थानीय विषयवस्तुका लागि स्थानीय तहले नै पाठ्यक्रम विकास तथा छनोट गरी कार्यान्वय गर्नुपर्ने उल्लेख गरिएको छ । त्यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारभूत तहकै कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु पाठ्यभार ४ र पाठ्यघन्टा १२८ तोकिएको छ ।

पाठ्यक्रम संरचनामा स्थानीय पाठ्यक्रमको व्यवस्था भएपछि यसको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले विभिन्न कार्यक्रममार्फत् प्राविधिक तथा अन्य सहयोगसमेत प्रदान गर्दै आएको छ । सम्बन्धित भाषिक समुदायको सहभागितामा मातृभाषाका नमुना पाठ्यसामग्री विकास गरिएको छ । वि.सं.२०६१ देखि वि. सं. २०६६ सम्मकक्षा १-५ को पाठ्यक्रम परीक्षण गर्ने क्रममा देशका १० जिल्लाका ५० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सहयोग पुऱ्याइएको थियो । वि.सं. २०६७ मा तत्कालीन पाँच विकास क्षेत्रका एकएकओटा जिल्लाका एकएकओटा विद्यालयमा स्थलगत भ्रमण गरी विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई स्थानीय पाठ्यक्रम विकास गर्न प्राविधिक सहयोग प्रदान गरिएको थियो । यसका लागि पूर्वाञ्चल विकास क्षेत्रबाट सुनसरी, मध्यमाञ्चल

विकास क्षेत्रबाट काभ्रेपलाञ्चोक, पश्चिमाञ्चल विकास क्षेत्रबाट मुस्ताङ, मध्य पश्चिमाञ्चलबाट बर्दिया र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रबाट डोटी जिल्ला छनोट भएका थिए ।

वि.सं. २०६८ मा सिन्धुपाल्चोक जिल्लाका ५०० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्ला तथा स्रोत केन्द्रस्तरमा पाठ्यक्रम विकाससम्बन्धी तालिम सञ्चालन गरिएको थियो । कक्षा ६-८ मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएपछि परीक्षण भएका १०० विद्यालयका शिक्षकलाई यस सम्बन्धमा प्रबोधीकरण गरिएको थियो ।

स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनको अवस्था दिनप्रतिदिन सुधारात्मक र व्यापक हुँदै गएको देखिन्छ । विभिन्न जिल्लामा स्थानीय पाठ्यक्रम विकास भई त्यसको जानकारीसहित केही पाठ्यक्रमका प्रति पाठ्यक्रम विकास केन्द्रमा प्राप्त भएका छन् । यस कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको उल्लेखनीय भूमिका रहेको देखिन्छ । परिवर्तित सन्दर्भमा केही गाउँपालिका तथा नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास गरी त्यसको आधारमा पाठ्यसामग्री तयार गरेर पठनपाठन प्रारम्भ गरेका छन् ।

अन्तर्राष्ट्रिय सन्दर्भमा विभिन्न देशमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिन्छ । यसका केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ । इन्डोनेसियामा २० प्रतिशत भार बराबर स्थानीय विषयलाई छुट्याइएको पाइन्छ । यहाँको शिक्षा नीतिमा नै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको व्यवस्था गरिएको छ । जापानमा प्रत्येक विद्यालयले छुट्टै शैक्षिक योजना निर्माण गर्न पाउने व्यवस्था छ । राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका मापदण्ड पुरा गर्न विद्यालयले स्थानीय समुदायलाई पाठ्यक्रम कार्यान्वयनमा संलग्न गराउँछ । लाओसमा २० प्रतिशत पाठ्यभार स्थानीय पाठ्यक्रमलाई छुट्याइएको छ । यसका लागि कृषि, वृक्षरोपण, वन विज्ञान, हस्तकला जस्ता विषय स्थानीय विषयको रूपमा पठनपाठन गरेको देखिन्छ । मङ्गोलियामा केन्द्रबाट निर्धारित र विद्यालयमा आधारित गरेर विद्यालय पाठ्यक्रमलाई दुई भागमा वर्गीकरण गरिएको छ । केन्द्रबाट निर्धारित ५५ प्रतिशत, केन्द्रबाट दिइएका विषयमध्येबाट छनोट गर्नुपर्ने २० प्रतिशत र विद्यालयमा आधारित २५ प्रतिशत पाठ्यभार बराबरको पाठ्यक्रम रहने व्यवस्था छ । फिलिपिन्समा स्थानीय समुदायमा सान्दर्भिक विषय स्थानीय स्तरमा नै छनोट गर्न सक्ने व्यवस्था छ । दक्षिण कोरियामा केन्द्रीय, प्रोभिन्स र महानगरपालिकाले पाठ्यक्रमको ढाँचा तथा संरचना दिने र त्यसको आधारमा विद्यालयले आफ्नो अनुकूलताअनुसारका विषय छनोट गर्न पाउने सुविधा प्रदान गरिएको छ । भियतनाममा १५ प्रतिशत स्थानीय इतिहास, भूगोल, परम्परागत उत्पादन, संस्कृति आदि विषयवस्तु छनोट गरी विद्यालयले अध्ययनअध्यापन गर्न पाउने प्रावधान देखिन्छ ।

### १.४ स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको

सैद्धान्तिक अवधारणाका रूपमा स्विकारेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।"

उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप र आधारभूत तह (कक्षा १ देखि ३) को पाठ्यक्रम २०७५ मा उल्लेख भएअनुसार स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा/स्थानीय भाषा, संस्कृति तथा स्थानीय सिपमध्येबाट विषयवस्तु समावेश गर्न सकिने छ । स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ, शिक्षक र विद्यार्थीबिच सम्बन्ध विकासमा सहयोग गर्छ र समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । त्यसै गरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ । नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ र समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ ।

पाठ्यक्रममा सिकारुका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने भनाइका आधारमा स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई विश्लेषण गर्न सकिन्छ ।

स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based Education Theory) ले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै समाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998) ।

शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने एउटा साधनका रूपमा पाठ्यक्रमको स्थानीयकरण प्रारम्भ भएको हो । नेपालको वर्तमान सङ्घीय संरचनाअन्तर्गत बनेका स्थानीय सरकारको कार्यस्वरूपले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको थप आधार तयार गरेको छ । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम पनि विकास गरिनुपर्छ भन्ने मान्यतालाई सैद्धान्तिक रूपमा स्वीकार गरी स्थानीय पाठ्यक्रमको आवश्यकता विकास भएको पाइन्छ । पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा महत्त्वपूर्ण निकाय भनेको विद्यालय र व्यक्ति भनेको शिक्षक हुने भएकाले शिक्षकले विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने मान्यताबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो ।

स्थानीय पाठ्यक्रमको अर्को सैद्धान्तिक अवधारणा भनेको पाठ्यक्रम जसका लागि बनाइने हो तिनीहरूको संलग्नता पनि आवश्यक छ भन्ने रहेको छ । यस अर्थमा पाठ्यक्रम विद्यार्थीका लागि बनाइने भएकाले उनीहरूको सहभागिता जरुरी देखिन्छ । पाठ्यक्रमबाट उत्पादित जनशक्तिको असर तथा प्रभाव जजसलाई पर्छ, पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा तिनीहरूको सहभागिता पनि आवश्यक छ भन्ने मान्यताअनुसार यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका पाठ्यक्रम विकास तथा कार्यान्वयनमा रहनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिकोणबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ ।

स्थानीय पाठ्यक्रमलाई स्थान विशेषमा आधारित पाठ्यक्रम (Area Based Curriculum) का रूपमा पनि हेर्ने गरिन्छ । यसले विद्यालयको वरिपरि वा निश्चित स्थान वा क्षेत्र (जस्तैः गाउँ, वडा, गाउँ वा नगरपालिका) केन्द्रित भएर त्यहाँका विशेषता तथा आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यस्तो पाठ्यक्रम निर्माण र कार्यान्वयन स्थानीय सहकार्य र सहभागितामा हुने गर्दछ । यसमा स्थानीय सन्दर्भ तथा साधनको प्रयोग गरेर सिकाइने र स्थानीय सरोकारवालाको सहकार्यमा पाठ्यक्रम निर्माण तथा सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । यसमा पाठ्यक्रम तथा सिकाइ क्रियाकलाप स्थानीय बालबालिका र समुदायकै विशिष्ट आवश्यकतामा आधारित हुने गर्दछ । यसबाट स्थानमा आधारित पाठ्यक्रम स्थानका बारे, स्थानीयद्वारा र स्थानीयका लागि तयार गरिएको हो (Thomas, 2012) भन्न सकिन्छ ।

स्थानीय पाठ्यक्रमलाई अलग्गै विषयका रूपमा मात्र नलिई कुनै ज्ञान, सिप, सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन, कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रूपमा लिने दृष्टिकोण पनि रहेको छ । पाठ्यक्रमको यस्तो सान्दर्भीकरणले अलग्गै विषयका रूपमा स्थानीय पाठ्यक्रम निर्माण गर्नेभन्दा पनि सिकाइ प्रक्रियामार्फत विभिन्न विषय वा विषयवस्तुलाई स्थानीय परिवेश, उदाहरण, अनुभवसँग एकाकार गर्नु भन्ने बुझाउँछ । यसरी सान्दर्भीकृत (Contextualized) पाठ्यक्रमका रूपमा स्थानीय पाठ्यक्रमलाई लिन सकिने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पुरा नहुने हुँदा विविध क्षेत्रका आवश्यकता पुरा गर्ने सैद्धान्तिक अवधारणाको आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरी यसको प्रावधान राखिएको पाइन्छ । यसका लागि स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको छ । यसले सबै क्षेत्रको विकासका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिइन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने मान्यता स्थापित गर्न खोजेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम हुनका लागि मुख्य रूपमा निम्नलिखित तीन पक्ष हुनुपर्ने देखिन्छ :

### (क) स्थानीय आवश्यकता

स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्नुपर्दछ । स्थानीय समुदायको आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई मात्र स्थानीय पाठ्यक्रम भन्न सकिन्छ । यसका लागि पाठ्यक्रम विकास गर्ने क्रममा स्थानीय समुदायमा रहेका व्यक्तिको सही तरिकाले आवश्यकता पहिचान गर्न सक्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माणका क्रममा सुझाव सङ्कलन गर्नका लागि स्थानीय जनप्रतिनिधि, विभिन्न क्षेत्रका स्थानीय विज्ञ, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक आदिसँग स्थानीय तहका वडा, बस्तीहरू समावेश गरी समूहगत तथा व्यक्तिगत छलफल, अन्तरक्रिया, प्रश्नोत्तर तथा निश्चित समूहकेन्द्रित छलफल (Focal Group Discussion) गर्नुपर्छ ।

### (ख) स्थानीय विषयवस्तु

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हो होइन भनेर जाँच्ने कसी भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप, प्रविधि हुनु जरुरी छ । यसमा मातृभाषा, स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयवस्तु, स्थानीय सिपमध्येबाटै विषयवस्तु समावेश गर्न सकिन्छ तर ती विषयवस्तु स्थानीय समुदायसँग सम्बन्धित हुनुपर्दछ ।

### (ग) स्थानीय सहभागिता र विज्ञता

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय पाठ्यक्रम हुनका लागि पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा स्थानीय समुदायमा रहेका व्यक्तिको सहभागिता अनिवार्य हुन्छ । यसमा उनीहरूकै विज्ञताको प्रयोग गरिन्छ । पाठ्यक्रम विकासमा स्थानीयको सहभागितालाई पाठ्यक्रम विकास तथा परिमार्जनमा सुझाव दिने कार्यमा, पाठ्यक्रम लेखनमा विशेषज्ञको रूपमा, विभिन्न स्रोत, साधन र सूचना उपलब्ध गराउने सूचना सम्प्रेषकका रूपमा विज्ञताको उपयोग गर्न सकिन्छ । यसै गरी पाठ्यक्रम कार्यान्वयन गराउने क्रममा कक्षाकोठाभित्र तथा बाहिर विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराउन शिक्षकको रूपमा, स्रोत व्यक्तिको रूपमा, विद्यालय तथा शिक्षकलाई सल्लाह प्रदान गर्ने सल्लाहकारको रूपमा, विभिन्न सहयोग प्रदान गर्ने सहयोगीको रूपमा पनि सहभागिता बढाउन सकिन्छ ।

कुनै विषय स्थानीय पाठ्यक्रमअन्तर्गत पर्छ पर्दैन भन्ने कुरालाई उल्लिखित तीनओटा सैद्धान्तिक पक्षबाट हेर्न सकिन्छ । कुनै विषय स्थानीय आवश्यकता हो होइन, उक्त विषयमा स्थानीय विषयवस्तु समावेश गरिएका छन् छैनन् र उक्त विषयको पाठ्यक्रम तथा अन्य सामग्री विकास र कार्यान्वयन प्रक्रियामा स्थानीय सहभागिता छ छैन भन्ने प्रश्नको उत्तर सकारात्मक आएमा उक्त विषय स्थानीय पाठ्यक्रम मान्न सकिन्छ । यी तीनओटा प्रश्नमध्ये सबै वा कुनै एकको मात्र पनि नकारात्मक उत्तर प्राप्त भएमा उक्त पाठ्यक्रमलाई सैद्धान्तिक रूपमा नै स्थानीय पाठ्यक्रमको रूपमा मान्यता दिन सकिँदैन ।

निम्नलिखित मान्यताका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ :

- स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने
- स्थानीय विषयवस्तुमा आधारित हुने
- पाठ्यक्रम स्थानीय तहबाटै विकास हुने
- स्थानीय भौतिक र मानवीय स्रोतको उपयोग हुने
- पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्व रहने
- पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने
- विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने
- न्यून मूल्यका स्थानीय सामग्रीको प्रयोग हुने
- सरोकारवालाको सक्रिय सहभागिता रहने

नेपालमा विद्यालय शिक्षाका लागि तयार पारिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपले उल्लेख गरेका पाठ्यक्रम निर्माणका केही सैद्धान्तिक आधार निम्नअनुसार रहेका छन् :

- पाठ्यक्रमले बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्षका विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर हासिल हुने अवस्था सिर्जना गर्ने विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, हरेक विविधतालाई सम्मान गर्ने र समालोचना तथा सिर्जनात्मक अभिव्यक्तिको सिप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित गर्ने
- विद्यार्थीका विविध आवश्यकता र चाहनालाई पुरा गर्न स्थानीयतालाई स्थान दिई सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गर्ने
- विद्यालयले राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा सहयोग गरी स्थानीय संस्थाको क्षमता विकास गर्ने

स्थानीय पाठ्यक्रम विकास, निर्माण, कार्यान्वय र मूल्याङ्कनमा राष्ट्रिय पाठ्यक्रमले निर्देशन गरिरहेको हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणका समयमा देखिएका आवश्यकता एवम् मागलाई राष्ट्रिय पाठ्यक्रम विकासको आधार बनाउन सकिन्छ । यसबाट राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमलाई एकअर्काका परिपूरकको रूपमा बुझ्न सकिन्छ ।

विश्वव्यापी रूपमा सोच्ने र स्थानीय आवश्यकतानुसार कार्य गर्ने भन्ने अवधारणाको साथसाथै स्थानीय सन्दर्भमा सोच्ने, कार्य गर्ने र समालोचनात्मक हुने मान्यता स्थापित हुनुपर्ने देखिन्छ । व्यवस्थापन क्षेत्रमा पछिल्लो समयमा स्थापित विश्व स्थानीकरण शब्दले नेपाली सन्दर्भमा महत्त्व पाउनुपर्ने विद्यमान अवस्था

छ । यसले स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वसँग जोड्न र विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीय परिवेशमा प्रयोग योग्य हुने गरी सान्दर्भिक बनाउन सहयोग गर्नुपर्दछ भन्ने मान्यता पनि राख्दछ । यसै सन्दर्भमा हेर्दा स्थानीय आवश्यकतालाई ध्यान दिई पाठ्यक्रम विकास गर्ने अवधारणा सुरु भएको मान्न सकिन्छ ।

पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिलाई समेट्न सघाउँछ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यताअनुरूप बनाउँछ । यसले विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदानप्रदान संस्कृतिको विकास गराउँछ । त्यस्तै यसले सरोकारावालाको सक्रिय सहभागिताको अपेक्षा गर्दछ र निर्णय प्रक्रियामा सबै पक्षको अर्थपूर्ण सहभागिता गराउँछ ।

स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप र प्रविधि तथा स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा यसले योगदान पुऱ्याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुन्छ ।

### १.५ स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पुरा गर्न सम्भव नहुन सक्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औँल्याएका छन् ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन् :

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु

- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सोकारवालालाई जिम्मेवारी बोध गराउनु
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु
- स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु
- विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अत: स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ ।

नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनसमुदायाले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ ।

## १.६ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका चुनौती

देशको सामाजिक र आर्थिक विकासका लागि शिक्षा नीतिले ठुलो प्रभाव पार्दछ । उत्पादनशील, सिर्जनशील, गुणात्मक, राष्ट्रिय चिन्तनमुखी, रोजगारमूलक र विश्वपरिवेशअनुकूलको शिक्षाको व्यवस्थापन गरी दक्ष जनशक्ति विकास गर्नु आजको आवश्यकता बनेको हो । यसका लागि शिक्षाका राष्ट्रिय उद्देश्य पुरा गर्न स्थानीय तहमा निर्माण गर्ने गरी स्थानीय पाठ्यक्रमको निर्माण गरिँदै आएको छ ।

स्थानीय तहको पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयका सन्दर्भमा निम्नलिखित चुनौती रहेका छन् :

(क) आवश्यकता पहिचान गर्ने पद्धति र संयन्त्र विकास गर्न

(ख) स्थानीय तहका सरोकारवालाको सहभागिता र संस्थागत क्षमता अभिवृद्धि गर्न

(ग) स्थानीय आवश्यकता र राष्ट्रिय अन्तर्राष्ट्रिय आवश्यकताबिच सन्तुलन कायम गर्न

(घ) भौगोलिक, सांस्कृतिक र सामाजिक विविधतालाई सम्बोधन गर्न

(ङ) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन संयन्त्र तथा प्रक्रियालाई स्थापित गर्न

(च) राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच सामञ्जस्य स्थापित गर्न

(छ) निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रबोधीकरण र प्रभावकारी कार्यान्वयन गर्न

(ज) स्थानीय तहलाई पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जिम्मेवार बनाउन

(झ) प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी सिप विकासमा सहयोगी बनाउन

(ञ) स्थानीय पाठ्यक्रम सम्बन्धमा सरोकारवालामा अपनत्वको भावना विकास गराउन

(ट) स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने जनशक्ति तयार गर्न

(ठ) स्थानीय विषयका पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोग वृद्धि गर्न

(ड) प्रभावकारी अनुगमन, मूल्याङ्कन, पृष्ठपोषणसंयन्त्र विकास र कार्यान्वयन गर्न

(ढ) स्थानीय पाठ्यक्रमअनुसार निर्माण गरिएका पाठ्यसामग्री शिक्षण गर्न स्थानीय विज्ञलाई परिचालन गर्ने

(त) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको खोज, विकास तथा परिचालन गर्ने

स्थानीय तहको पाठ्यक्रम निर्माणका सन्दर्भमा उल्लिखित चुनौती सामना गरी यसको विकास र कार्यान्वयनलाई प्रभावकारी बनाइनु आवश्यक छ । यसका लागि निम्नलिखित कार्यहरू गर्नु आवश्यक छ

(क) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा कार्यान्वयनका लागि स्थानीय स्तरमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने

(ख) स्थानीय पाठ्यक्रम निर्माणमा सबै तहका व्यक्ति, सरोकारवाला, बुद्धिजीवी, शिक्षाविद्, शिक्षक, विद्यार्थी, स्थानीय सिपका ज्ञातालगायतका व्यक्तिलाई समेटेर स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने व्यावहारिक पाठ्यक्रम निर्माणका लागि व्यापक बहसको थालनी गर्ने

(ग) सबै विषयमा स्थानीय तहको आवश्यकतालाई समेट्ने पाठ्यक्रम निर्माण र समावेशका लागि राजनीतिक तहमा व्यापक सहभागिता कायम गर्ने

(घ) स्थानीय पाठ्यक्रमलाई राष्ट्रिय पाठ्यक्रमसँग अन्तरसम्बन्धित गर्ने र यसलाई अन्तर्राष्ट्रिय सन्दर्भसँग जोड्ने गरी पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि सबै पक्षको सकारात्मक र रचनात्मक सहयोग जुटाउने वातावरण सिर्जना गर्ने

(ङ) सबै स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेअनुरूप आफ्नो क्षेत्रभित्रको आवश्यकतालाई सम्बोधन हुने गरी स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने अनिवार्य दायित्वको कानुनी आधार निर्माण गर्ने

# स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन

परिच्छेद : २

# स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

## २.१ नेपालको संविधान

जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ ।

अत: यसलाई व्यवहारत: कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक माध्यम रहेको छ ।

## २.२ पन्ध्रौँ योजनाको अवधारणा पत्र (२०७६/०७७-२०७९/०८०)

पन्ध्रौँ योजनाको उद्देश्य प्राप्तिका लागि मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रममार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीति लिइएको छ । यसका लागि विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्डबमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति तय गरिएकोछ ।

## २.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

## २.४ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारूपले उल्लेख गरेको छ :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने

## २.५ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७५/२/१८ को बैठकले सिफारिस गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा समय छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

## २.६ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

वि. सं. २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकारसमक्ष प्रतिवेदन पेस गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहायबमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

(क) ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नुका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ।

(ख) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ ।

(न) प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(घ) कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनुपर्छ ।

## २.७. प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने

(ख) मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने

(ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ) पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको

(ङ) स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने

### २.८. आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९

आभारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रस्ट पार्दै भनिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने

(ख) स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सिप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

(ग) मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ) अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषय पर्ने। उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दै जाने

### २.९. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५

आधारभूत तहमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास

गरी कार्यान्वयन गरिने छ ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(ग) कक्षा १–३ को कुल पाठ्यभार २६ पाठ्यघन्टामध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघन्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ ।

### २.१० आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम

वि.सं. २०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षमा कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४–८ कक्षा मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ । कक्षा १–८ यो समयावधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् । सामान्यतया कक्षा १–३ मा कम्तीमा २ देखि बढीमा ५ पाठ्यघन्टा तथा कक्षा ४–५ कम्तीमा २ देखि बढीमा ४ पाठ्यघन्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुने छ । कक्षा ६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा, मातृभाषा र अन्य कुनै एक स्थानीय विषय वा स्थानीय विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

## परिच्छेद : ३

# स्थानीय पाठ्यक्रमको अन्तरसम्बन्ध

### ३.१ शिक्षाको राष्ट्रिय उद्देश्यसँग स्थानीय पाठ्यक्रमको सम्बन्ध

मुलुकले तय गरेको शिक्षाको राष्ट्रिय उद्देश्यको प्राप्ति गर्ने कार्यको थालनी पाठ्यक्रमबाट हुन्छ । नागरिक चेतनाको विकास, मानवहितको संरक्षण, प्राकृतिक स्रोतको जगेर्ना, सामाजिक तथा सांस्कृतिक सम्पत्ति र सम्पदाको उचित सदुपयोग, संरक्षण र विकास, उत्पादन र वितरण प्रणालीको सन्तुलन, धार्मिक आस्थाको प्रवर्धन, स्वतन्त्रताप्रतिको जागरुकता र इमानदारी, कर्तव्य र अधिकारप्रतिको सचेतता शिक्षाका राष्ट्रिय उद्देश्य रहेका छन् । यी राष्ट्रिय उद्देश्य प्राप्तिका लागि केन्द्रीयस्तरमा बनेको पाठ्यक्रम मात्र पर्याप्त नभएकाले स्थानीय पाठ्यक्रमको विकास गर्ने प्रावधान गरिएको छ । त्यसैले स्थानीय पाठ्यक्रम विकासको आधार शिक्षाका राष्ट्रिय उद्देश्य नै भएकाले स्थानीय पाठ्यक्रम र शिक्षाका राष्ट्रिय उद्देश्यबिच सिधा सम्बन्ध हुने गर्दछ । स्थानीय पाठ्यक्रमको गुणस्तर र त्यसको सफल तथा प्रभावकारी कार्यान्वयनबाट शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

राष्ट्रिय र स्थानीयस्तरका पेसा, व्यवसाय एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्ने राष्ट्रिय उद्देश्य पुरा गर्न केन्द्रबाट निर्देशित पाठ्यक्रम मात्र पर्याप्त भएन । निर्देशित पाठ्यक्रमले समेट्न नसकेको लुप्त (Hidden) विषयवस्तु र स्थानीय जीवन पद्धतिलाई समेत स्थानीय पाठ्यक्रमको माध्यमबाट नियमित सिकाइमा समावेश गर्न सकिन्छ । यसका लागि स्थानीय ज्ञान, सिप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न स्थानीय आवश्यकतामा आधारित विद्यालय पाठ्यक्रम स्थानीय तहमा उपलब्ध जनशक्तिबाट नै तयार गर्न सकिन्छ । यसबाट शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना गरेको सिपयुक्त तथा दक्ष जनशक्ति तयार गर्न सहयोग पुग्दछ । देशको भौगोलिक, सांस्कृतिक, जातीय, लैङ्गिक, वर्गीय, विविधतालाई सम्बोधन गर्ने, समावेशी पाठ्यक्रममा जोड दिने तथा रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्ने शिक्षाको राष्ट्रिय उद्देश्यअनुरूप नै स्थानीय स्तरको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास गरिन्छ । शैक्षिक क्षेत्रमा स्थानीय आवश्यकता सम्बोधन गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्नसमेत स्थानीय पाठ्यक्रम नै एक उपयुक्त विकल्प हुन सक्छ ।

शिक्षाको राष्ट्रिय उद्देश्य र स्थानीय पाठ्यक्रमबिचको सम्बन्ध निम्नलिखित आधारबाट पुष्टि गर्न सकिन्छ :

१. स्थानीय स्तरमा रहेका पेसा, व्यवसाय र रोजगारसम्बन्धी ज्ञान, सिप प्रदान गर्ने विषयवस्तु समेट्ने
२. स्थानीय कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारमा सहयोग पुऱ्याउने
३. पाठ्यक्रम निर्माणमा स्थानीयस्तरमा उपलब्ध विज्ञको समावेशीकरणसहित सक्रिय सहभागिता गराउने

४. शिक्षालाई विद्यार्थीका दैनिक क्रियाकलापसँग जोडी व्यक्तिको जीवन पद्धति विकास गर्न एवम् चरित्रवान् र नैतिकवान् नागरिक तयार गराउने

५. शैक्षिक क्रियाकलापमा अभिभावक तथा समुदायको सहभागिता बढाउने

६. स्थानीय स्रोत, साधन र विज्ञतालाई उपयोगमा ल्याउने

७. स्थानीय तहमा आवश्यक जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउने

८. स्थानीय पाठ्यक्रमबाट समाज र राष्ट्रिय आवश्यकता पुरा गराउने

९. स्थानीय ज्ञान, सिपलाई विश्व ज्ञानसँग उपयुक्त समायोजन गरी कामको संसारसँग सम्बन्धित गराउने

१०. शिक्षण सिकाइमा स्थानीय अभिभावक तथा विज्ञको सहभागिता सुनिश्चित हुने

राष्ट्रिय पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि देशको भौगोलिक, सांस्कृतिक, जातीय, क्षेत्रीय लैङ्गिक, वर्गीय विविधतालाई सम्बोधन गर्न, समावेशी पाठ्यक्रममा जोड दिन, रोजगार एवम् स्वरोजगारलााई प्रोत्साहन गर्न, स्थानीय ज्ञान, सिप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको विकास, विस्तार र कार्यान्वयन गर्न आवश्यक छ ।

### ३.२ राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिचको सम्बन्ध

राष्ट्रिय तहमा रहेर कुनै खास स्थानको आवश्यकतामा आधारित नभई औसत रूपमा राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने गरी देशको शिक्षा नीतिबाट निर्देशित भई केन्द्रीय निकायद्वारा विषय विज्ञबाट निर्माण गरिने पाठ्यक्रम नै राष्ट्रिय पाठ्यक्रम हो । यस्तो पाठ्यक्रमले स्थानीय तहको आवश्यकतालाई पूर्णरूपमा सम्बोधन नगर्न सक्छ ।

कुनै समाज वा देश वा स्थानमा लागु भएको पाठ्यक्रम अर्को समाज वा देश वा स्थानका लागि जस्ताको तस्तै लागु गर्न कठिन हुन सक्दछ । अत: पाठ्यक्रम समय र स्थान विशेष हुनुपर्दछ । विद्यालयीय शिक्षा व्यवस्थापनमा स्थानीयताअनुकूलको पाठ्यक्रमबारे छलफल हुने गर्दछ । सोअनुरूप स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने मान्यता विश्वव्यापी रूपमा अगाडि आएको छ । समाजले आफ्नो स्थानीय आवश्यकता परिपूर्ति गर्न स्थानीय तहमा नै स्थानीय व्यक्तिकै सहभगितामा विकास गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा स्थान विशेष ज्ञान, सिप तथा कलाको विशिष्ट महत्त्व हुन्छ । यो पाठ्यक्रम विकासको विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यास हो ।

माथि उल्लिखित अवस्थालाई हेर्दा स्थानीय पाठ्यक्रमले :

१. स्थानीय आवश्यकताको परिपूर्ति गर्छ ।

२. स्थानीय मागमा आधारित हुन्छ ।

३. स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।

४. सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।

५. अपनत्वको भावनाको विकास गराउँछ ।

६. स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।

७. रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।

८. सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।

९. विद्यार्थीकेन्द्रित विधिमा जोड दिन्छ ।

केन्द्रीय तहमा विकास गरिएको राष्ट्रिय पाठ्यक्रम र स्थानीय आवश्यकतामा आधारित स्थानीयस्तरमा नै तयार गरिएको पाठ्यक्रमका बिचमा निम्नानुसारको समानता रहेका छन् :

१. राष्ट्रिय उद्देश्यबाट निर्देशित हुने

२. पाठ्यकम विकासका ढाँचा र तत्त्व समान रहने

३. आवश्यकतामा आधारित हुने

४. सरोकारवालाको संलग्नता रहने

५. विद्यार्थीलाई ज्ञान, सिप र अभिवृत्ति प्रदान गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. कामको संसारसँग जोड्दै व्यक्तिलाई सहज जीवनयापनका लागि सहयोग गर्ने

८. सामाजिक एकतालाई सुदृढ गर्ने

राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच केही समानता रहे तापनि यी दुई पाठ्यक्रमका बिचमा भिन्नता धेरै छन् । विभिन्न आधारबाट यी दुई पाठ्यक्रमका बिचमा रहेका भिन्नतालाई निम्नअनुसार तुलना गर्न सकिन्छ :

| आधार | राष्ट्रिय पाठ्यक्रम | स्थानीय पाठ्यक्रम |
|---|---|---|
| उद्देश्य | व्यापक दायरा | विशिष्टीकृत दायरा |
| अवधारणा | सिद्धान्तमा आधारित | व्यवहारमा आधारित |
| आवश्यकता | राष्ट्रिय आवश्यकतामा आधारित | स्थानीय आवश्यकता आधारित |
| विकास गर्ने स्थान | केन्द्रीय स्तर | स्थानीय स्तर |
| विकास | विषय विज्ञ | स्थानीय विज्ञ |
| विषय | अनिवार्य विषयमा परम्परागत अवधारणा (केन्द्रीय सोचबाट निर्देशित) | ऐच्छिक विषयमा आधुनिक धारणा (स्थानीय सोचअनुरूप) |

| आधार | राष्ट्रिय पाठ्यक्रम | स्थानीय पाठ्यक्रम |
|---|---|---|
| सहभागिता | प्रतिनिधिमूलक सहभागिता | व्यापक सहभागिता |
| पद्धति | केन्द्रबाट निर्देशित | स्वनिर्देशित |
| प्रकृति | वितरण प्रणालीमा आधारित | मागमा आधारित |
| प्रमाणीकरण | केन्द्रीय स्तरमा | स्थानीय स्तरमा |
| अपनत्व | कम | बढी |
| पाठ्यवस्तु | स्थानीय परिवेशमा सान्दर्भिक नहुन सक्ने | सान्दर्भिक, उपयोगी र ग्राह्य |
| एकरूपता | हुन्छ | हुँदैन |

वर्तमान अवस्थामा विश्वव्यापीकरण र स्थानीयकरणको ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रमले संयोजन गर्नुपर्दछ । यसै तथ्यलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपमा स्थानीय आवश्यकतामा आधारित शिक्षासम्बन्धी अवधारणा अगाडि सारिएको छ ।

परिच्छेद : ४

# स्थानीय पाठ्यक्रमको ढाँचा

स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ । स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमको एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमकै रूपमा राख्ने गरिन्छ तथापि स्थानीय ज्ञान सिपको उपयोग गरी फरक फरक ढाँचा हुँदा पनि आपत्ति हुँदैन । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ । तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रकिया र मूल्याङ्कनका अंश रहनुपर्दछ । यहाँ यी तत्त्वहरू स्थानीय पाठ्यक्रमको हकमा कसरी समावेश गरिन्छ भन्ने बारेमा उल्लेख गरिएको छ ।

### ४.१ सक्षमता/उद्देश्य

पाठ्यक्रम निर्माण गर्ने पहिलो खुड्किलो नै तहगत सक्षमता/उद्देश्य निर्माण गर्नु हो । राष्ट्रिय पाठ्यक्रमको उद्देश्यसँग मेल खाने गरी स्थानीय पाठ्यक्रमको विषयगत र तहगत उद्देश्य निर्धारण गर्नुपर्दछ । तहगत उद्देश्य साधारण उद्देश्य नै हो तसर्थ यहाँ प्रयोग गरिने शब्द वा क्रियापद पनि व्यापक अर्थ दिने हुन्छन् । उदाहरणका लागि :

(क) स्थानीय तहमा प्रचलित परम्परागत व्यावसायिक सिप हासिल गर्न र त्यसको प्रवर्धन गर्न

(ख) स्थानीय स्तरमा प्रचलित सांस्कतिक पर्व र परम्पराप्रति जानकार रही त्यसको संवर्धन गर्न

(ग) स्थानीय जनजाति र वेशभूषा पहिचान गरी विशेषता पहिल्याउन

उद्देश्य तय गर्दा विद्यार्थीको उमेर, बाल मनोविज्ञान, बालबालिकाको सिकाइ स्तर, कक्षा र तह, विषयवस्तुको प्रकृति, स्रोत साधन आदिलाई पनि ख्याल गर्नुपर्छ । हाल सक्षमता तय गरी सिकाइ उपलब्धि तयार गर्ने प्रचलन छ । उद्देश्य र सक्षमताबिच केही समानता रहेका हुन्छन् । सक्षमता व्यावहारिक र पूर्ण हुन्छ । उदाहरणका लागि सक्षमता निम्नअनुसार तय गर्न सकिन्छ :

(क) मातृभाषामा कुराकानी गर्न र लेख्न

(ख) स्थानीय तहमा प्रचलित परम्परागत सिप हासिल

(ग) स्थानीय स्तरमा प्रचलित सांस्कतिक पर्व र परम्पराप्रति जानकार

(घ) स्थानीय जनजाति र वेशभूषा पहिचानस्थानीय भूगोल तथा प्राकृतिक सम्पदाको वर्णन

(ङ) स्थानीय जडीबुटी र औषधीको संरक्षण र प्रवर्धन

### ४.२ विषयवस्तु

कुनै उद्देश्य परिपूर्तिका लागि स्थानीय पाठ्यक्रम बनाउन लागिएको हो भन्ने यकिन भइसकेपछि विभिन्न सरोकारवालाहरूसँग छलफल र कुराकानीद्वारा स्थानीय आवश्यकता पहिचान गरी त्यसअनुरूपको विषय क्षेत्रभित्रका विषयवस्तु छनोट गर्नुपर्दछ । सजिलोका लागि कहिलेकाहीँ उद्देश्य र विषयवस्तुसँगसँगै निर्धारण गर्न सकिन्छ । स्थानीय पाठ्यक्रम भनेकै राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय स्तरका विद्यार्थीलाई सिकाउनै पर्ने कुरा सिकाउन तय गरिने पाठ्यक्रम भएकाले स्थानीय आवश्यकताको खोजी गर्ने काम अत्यन्त महत्त्वपूर्ण र अति आवश्यक कार्य हो । विषयवस्तु छनोट गर्दा स्थानीय व्यक्तिले आफ्ना बालबालिकाले सिक्न चाहेका कुराको भाव, शब्द, व्यवहार, अवलोकनका आधारमा तय गर्नुपर्दछ । जस्तैः स्थानीय व्यक्तिले आफ्ना बालबालिकाले आफ्नो विद्यालय वरपरका ठाउँ, नदीनाला, मठमन्दिर आदिको बारेमा जान्ने भए हुन्थ्यो भन्ने इच्छा राख्छन् भने त्यसका लागि निम्नानुसार विषयवस्तु तय गर्न सकिन्छ :

(क) स्थानीय ठाउँ र स्थल

(ख) स्थानीय नदीनाला

(ग) स्थानीय मठमन्दिर आदि

एउटै मूल विषयवस्तु एकभन्दा बढी कक्षामा राख्नुपर्ने अवस्थामा विषयवस्तु तय गर्दा कक्षागतरूपमा सुरुमा सामान्य र बिस्तारै उपल्लो कक्षामा विशिष्टीकृत गरेर राख्न सकिन्छ । एउटै विषयमात्र एउटा तहको सबै कक्षामा राख्नै पर्छ भन्ने छैन । सामान्य खालका विषयवस्तु भए एउटै कक्षामा वा कक्षापिच्छे फरक फरक राख्न सकिन्छ । विषयवस्तु तहगतरूपमा कक्षाको कठिनाइ स्तरअनुरुप राख्दा विषयवस्तुको क्षेत्र र क्रम तयार पारेर राख्नुपर्दछ ।

### ४.३ कक्षागत सिकाइ उपलब्धि

स्थानीय आवश्यकताअनुसारको विषयक्षेत्रका आधारमा साधारण (तहगत) उद्देश्य र विषयवस्तु छनोट गरिसकेपछि ती सबैका आधारमा कक्षागत सिकाइ उपलब्धि निर्धारण गर्नुपर्ने हुन्छ । कुन विषयवस्तु कति गहिराइमा दिनु उपयुक्त हुन्छ भन्ने ख्याल गरी कक्षागत सिकाइ उपलब्धि तय गरिन्छ । कक्षागत सिकाइ उपलब्धि तय गर्दा सकेसम्म विशिष्ट खालका क्रियापद (Action verb) प्रयोग गर्नुपर्दछ । सिकाइ उपलब्धि स्थानीय स्तरका विषयवस्तुसँग सम्बन्धित र व्यावहारिक हुनुपर्दछ । सिकाइ उपलब्धि तय गर्दा विद्यार्थीको उमेर, ज्ञानको अवस्था, भाषिक स्तर, स्थानीय परिवेश, बालमनोविज्ञान, विषयवस्तुको गहिराइ जस्ता कुरालाई ख्याल गर्नुपर्दछ । सिकाइ उपलब्धि छुट्टै वा पाठ्यक्रम विस्तृतीकरण गर्दा त्यसैमा समेट्न सकिन्छ ।

### ४.४ शिक्षण विधि र प्रक्रिया

स्थानीय पाठ्यक्रम बनाउने क्रममा कुन उद्देश्य पुरा गर्नका लागि कस्तो शिक्षणविधि वा शिक्षणसिकाइ क्रियाकलाप अपनाउँदा उपयुक्त हुन्छ, त्यसका केही नमुनासमेत समावेश गरिनुपर्दछ । कस्तो विधि अपनाउने

भन्ने कुरा उद्देश्य, विषयवस्तुको प्रकृति, विद्यार्थी सङ्ख्या, कक्षाकोठाको वातावरण र व्यवस्थाका साथै शैक्षिक सामग्रीको उपलब्धता आदिमा निर्भर गर्दछ ।

विद्यार्थीले सिकेन भने एकतर्फी शिक्षणको मात्र कुनै औचित्य हुँदैन । शिक्षणसिकाइ क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा व्याख्यान, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, परियोजना कार्य, क्षेत्रभ्रमण आदि उल्लेख गरिएको भए तापनि व्याख्यान विधि बढी प्रयोगमा ल्याइने गरेको देखिन्छ । तर यो विधि सिकाइका लागि प्रभावकारी मानिन्न । यो विधि शिक्षककेन्द्रित विधि भएकाले यसलाई सकेसम्म प्रयोगमा कम गर्नुपर्ने र तल्ला कक्षामा त प्रयोग नै नगर्ने धारणा आधुनिक शिक्षाविद्को पाइन्छ । त्यसैले विद्यार्थी केन्द्रित शिक्षणविधिमा जोड दिनुपर्ने विचार उनीहरूको रहेको छ । प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । प्रत्येक विद्यार्थीमा केही न केही प्रतिभा लुकेको हुन्छ । उक्त प्रतिभालाई बाहिर ल्याउने वातावरण तयार गरिदिनुपर्दछ । विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनुपर्दछ भन्ने मान्यताबाट जानुहुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीलाई गरेर सिक (Learning by doing) भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्दछ किनकि सुनेको कुरा बिर्सिन्छ, देखेको कुरा सम्झिन्छ, गरेको कुरा सिकिन्छ भन्ने भनाइ रहेको छ । कक्षाकोठामा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनुकूल हुने गरी समावेशी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक छ ।

स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्न सकियो भने शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूर्ण, रुचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषयक्षेत्रबिचको अन्तरसम्बन्ध तथा एककीकरणलाई अधिकतम बनाउनु आवश्यक छ । विद्यार्थीको सिकाइस्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । आजभोलि विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जाने र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय पाठ्यक्रमको शिक्षण

सिकाइ क्रियाकलापतर्फ कक्षाकोठामा मात्र सीमित गर्न हुँदैन ।

### ४.५ विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइका बारेमा लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मूल्याङ्कनले पाठ्यक्रमले तोकेअनुसार निर्धारण गरेको उद्देश्य पुरा भयो भएन भन्ने जानकारी प्रदान गर्छ । विद्यार्थीको मूल्याङ्कनका बारेमा छोटो परिचय तल दिइएको छ :

(क) **निर्माणात्मक मूल्याङ्कन** : शिक्षणसिकाइ क्रियाकलाप अभिन्न अङ्गको रूपमा लिई विद्यार्थीको सिकाइको लेखाजोखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन आदि पनि भन्ने गरिन्छ । विद्यार्थीले केकति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्नेबारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसको माध्यमबाट विद्यार्थीको कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रकियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइस्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनको साधन प्रयोग गर्न सकिने भए तापनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनको रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेखसमेत राखी त्यसैको आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ । त्यसैले कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययनलगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ ।

(ख) **निर्णयात्मक मूल्याङ्कन** : आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रो देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि यस्तो मूल्याङ्कन प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ । त्यसैले

विशेष गरेर साना कक्षामा यस्तो मूल्याङ्कन प्रक्रिया अपनाउन हुँदैन भन्ने धारणाको विकास भएको पाइन्छ । नेपालमा पनि विगत केही समय अघिदेखि आधारभूत तहका तल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली हटाई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र त्यसैको आधारमा कक्षोन्नति गर्ने प्रचलन सुरु भएको छ ।

स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रम बनाउने समयमा नै कस्तो प्रकारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने हो, त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्दछ । निर्माणात्मक मूल्याङ्कन प्रणाली मात्र अवलम्बन गर्ने हो, कि निर्माणात्मक र निर्णयाात्मक दुवै मूल्याङ्कन प्रणालीलाई मिश्रित रूपमा अवलम्बन गर्ने हो त्यस सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । कस्तो मूल्याङ्कन प्रकिया अपनाउने भन्ने कुरा विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिमा निर्भर गर्दछ । जुनसुकै प्रकारको मूल्याङ्कन प्रकिया अपनाए पनि मूल्याङ्कनको साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्देश्यले निर्धारण गरेअनुसारको मापन हुने गरी मूल्याङ्कनको साधन प्रयोग गर्नुपर्दछ । जस्तैः उद्देश्य प्रयोग तहको तर मूल्याङ्कन साधन भने ज्ञान तहको मात्र बनाइयो भने सही रूपमा लेखाजोखा गर्न सकिँदैन ।

स्थानीय पाठ्यक्रममा विषयवस्तु प्रायः गरेर स्थानीय स्तरकै हुने हुँदा सैद्धान्तिकभन्दा प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ । तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन प्रणाली र माथिल्ला कक्षालाई मिश्रित प्रणाली उपयुक्त हुन सक्छ ।

### ४.६ समय निर्धारण (पाठ्यभार)

औपचारिक शिक्षाको पाठ्यक्रम तयार गर्दा समयको पनि ख्याल गरिनुपर्दछ । स्थानीय विषयलाई छुट्याइएको समय अवधिभित्र रहेर विषयवस्तुको चयन गर्नुपर्दछ । उक्त विषयलाई साप्ताहिक रूपमा कति समय छुट्याइएको छ, सोको आधारमा एक शैक्षिक सत्रलाई कति घन्टा हुन्छ र सो समयावधिभित्र कति विषयवस्तु पठनपाठन गर्न सकिन्छ, त्यति नै विषयवस्तु छनोट गर्नुपर्दछ । समग्रमा विषयवस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्र पनि कुन एकाइ वा पाठलाई अनुमानित कति समय चाहिन्छ, छुट्याउनु राम्रो हुन्छ । वर्षभरिमा विद्यालय खुल्ने दिन कति हो, खुलेका दिनमध्ये कति दिन पठनपाठन गर्ने, परीक्षा सञ्चालनका लागि कति समय आवश्यक पर्छ, यी सबै कुरालाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै क्रममा शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्यभार) विभाजन गर्न जरुरी हुन्छ । यसरी पाठ्यक्रम तयारीकै क्रममा समय विभाजन गर्न सकियो भने शिक्षकले वार्षिक, मासिक योजना बनाउन र विषयवस्तुको आधारमा एकाइ तथा पाठयोजना बनाउन सजिलो हुन्छ ।

### ४.७ पाठ्यक्रमको विस्तृतीकरण

उल्लिखित सम्पूर्ण कुरा तय गरिसकेपछि पाठ्यक्रमलाई कक्षाकोठामा प्रयोग गर्न सहज होस् भन्ने ध्येयले यसको विस्तृतीकरण गरिन्छ । पाठ्यक्रममा कक्षाकोठामा प्रयोग गर्नुपर्ने सबै कुरा विस्तृतरूपमा समेटिने हुँदा शिक्षकका लागि अति उपयोगी साधन हो । पाठ्यक्रम विस्तृतीकरण बनाउँदा यसमा कक्षा, क्षेत्र,

क्षेत्रगत सिकाइ उपलब्धि, विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन र पाठ्यघन्टीसमेत उल्लेख गरिने हुँदा यसले कक्षा शिक्षणमा सहयोग पुग्दछ । सामान्यतया स्थानीय पाठ्यक्रमअन्तर्गत पाठ्यपुस्तक तयार गर्न साधन, स्रोत र विशेषज्ञताको दृष्टिले सम्भव नहुने हुँदा पाठ्यक्रम विस्तृतीकरण अति आवश्यक हुन्छ । पाठ्यक्रम विस्तृतीकरण तयार पार्दा कक्षागत रूपमा तयार पार्नुपर्छ ।

उल्लिखित सबै कुरालाई क्रमबद्धरूपमा स्थानीय पाठ्यक्रम तयार गर्ने ढाँचा यस प्रकार हुन सक्छ :

**स्थानीय पाठ्यक्रमको ढाँचा**

१. **परिचय** : (यस खण्डमा पाठ्यक्रमका बारेमा सङ्क्षिप्त परिचय लेख्ने)

२. **सक्षमता/तहगत उद्देश्य** : (यस खण्डमा सक्षमता र तहगत उद्देश्य लेख्ने ) जस्तै :

**सक्षमता** :

आधारभूत तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता विकास हुने छन् :

(क) हरित विद्यालयको अवधारणा प्रस्तुति

(ख) विद्यालय परिसरमा पानी र फोहोरको उचित व्यवस्थापन तथा हरियाली प्रवर्धन

(ग) हरित विद्यालयका आधारभूत पक्षको जानकारी

**तहगत उद्देश्य** :

आधारभूत तहको अन्त्यमा विद्यार्थीहरू सक्षम हुने छन् :

(क) हरित विद्यालयको अवधारणा बताउन

(ख) विद्यालय परिसरमा पानी र फोहोरको उचित व्यवस्थापन गरी हरियाली प्रवर्धन गर्न

(ग) हरित विद्यालयका आधारभूत पक्षको जानकारी दिन

३. **कक्षागत सिकाइ उपलब्धि** : (यस खण्डमा कक्षागत सिकाइ उपलब्धि लेख्ने ) जस्तै :

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| हरित विद्यालय | बाल बगैँचाको परिचय दिन | बाल बगैँचाको आवश्यकता र महत्त्व बताउन | बाल बगैँचाको निर्माण गरी संरक्षण गर्न | विद्यालय परिसरमा वृक्षरोपण गर्न | विद्यालय परिसरमा हरियाली प्रवर्धन गर्न | विद्यालय परिसरको फोहोर व्यवस्थापन गर्न | विद्यालयमा पानीको व्यवस्थापनमा सहयोग गर्न | आफ्नो विद्यालयलाई हरित विद्यालयका रूपमा चिनाउन |

**४. विषयवस्तुको क्षेत्र र क्रमः (यस खण्डमा वियायवस्तुको क्षेत्र र क्रम लेख्ने)**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| हरित विद्यालय | बाल बगैँचाको परिचय | बाल बगैँचाको आवश्यकता र महत्त्व | बाल बगैँचाको निर्माण र संरक्षण | विद्यालय परिसरमा वृक्षरोपण | विद्यालय परिसरमा हरियाली प्रवर्धन | विद्यालय परिसरको फोहोर व्यवस्थापन | विद्यालयमा पानीको व्यवस्थापनमा सहयोग | सिकाइ केन्द्रका रूपमा हरित विद्यालय |

**५. विषयवस्तुको विस्तृतीकरण**

**कक्षा :**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार | कैफियत |
|---|---|---|---|---|---|---|
| हरित विद्यालय | बाल बगैँचाको परिचय दिन | स्थानीय क्षेत्रका बाल बगैँचाको अवलोकन गरी विद्यालय परिसरमा निर्माण | • बाल बगैँचाको चित्र सङ्कलन, भिडियो प्रदर्शन र छलफल<br>• शिक्षक र विद्यार्थीको छलफलबाट बाल बगैँचाको क्षेत्र छनोट र समूहगत रूपमा माटाको तयारी<br>• शिक्षकको सहयोगमा विद्यालयमा बाल बगैँचा तयारी र बाल बगैँचाको परिचय प्रस्तुति | • बाल बगैँचा भनेको के हो ?<br>• बाल बगैँचा निर्माण गर्दा कस्तो ठाउँ छनोट गर्नुपर्छ ?<br>• बाल बगैँचामा लगाउन मिल्ने कुनै पाँच बोटबिरुवाको नाम लेख्नुहोस् । | ८ | |

६. **सिकाइ सहजीकरण प्रक्रिया** (यस खण्डमा विद्यार्थीलाई सिकाउने सैद्धान्तिक र प्रायोगिक विधि/तरिका लेख्ने) जस्तै :

- बाल बगैँचाको अवलोकन तथा परिचय
- बाल बगैँचाका लागि ठाउँको छनोट र बाल बगैँचा निर्माण

७. **विद्यार्थी मूल्याङ्कन प्रक्रिया** (यस खण्डमा विद्यार्थीले सिकेका कुराको आँकलन गर्ने प्रक्रिया लेख्ने) जस्तै :

- बाल बगैँचाका लागि बेर्ना उमार्न लगाउने वा सङ्कलन गर्न लगाउने
- बाल बगैँचा निर्माणसम्बन्धी परियोजना कार्य दिने

परिच्छेद : ५

# स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्र

पाठ्यक्रम विकासको सिद्धान्तअनुसार उद्देश्यको निर्धारण गरिसकेपछि उक्त उद्देश्य पुरा गर्न कुनकुन विषयवस्तुको आवश्यकता पर्दछ, त्यसको छनोट गर्नुपर्छ । पाठ्यक्रम बनाउँदा आफ्नो अनुकूलता हेरी उद्देश्य र विषयवस्तुसँगसँगै पनि तयार गर्न सकिन्छ । विषयक्षेत्र भने आवश्यकता पहिचान गर्ने क्रममा नै छनोट गर्न उपयुक्त हुन्छ । विषयवस्तु तहगत र कक्षागत रूपमा उद्देश्य निर्धारणपछि वा उद्देश्य निर्धारणसँगसँगै छनोट गर्नुपर्दछ ।

स्थानीय आवश्यकताका विषयवस्तु पनि अनेकौँ हुन सक्छन् । विद्यालयको स्रोत र साधनलाई ध्यान दिएर विद्यार्थीको चाहना र आवश्यकताका एकभन्दा बढी विषयक्षेत्र पनि छनोट गर्न सकिन्छ । एकभन्दा बढी विषयक्षेत्र एउटा विद्यालयमा पठनपाठन गर्न सम्भव नभएमा त्यस समुदायले सबैभन्दा बढी आवश्यकता ठानेका विषयक्षेत्रको छनोट गरी त्यसैबाट विषयवस्तुको चयन गर्नुपर्दछ ।

## ५.१ स्थानीय विषयका लागि सम्भावित विषय क्षेत्र

राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तहको कक्षा १–३ मा ५ पाठ्यघन्टा र कक्षा ४–८ मा ४ पाठ्यघन्टाको स्थानीय पाठ्यक्रम रहने व्यवस्था गरेको छ भने माध्यमिक तहमा स्थानीय पाठ्यक्रम अलग्गै राखिएको छैन । माध्यमिक तहमा विद्यालयले ऐच्छिक विषय छनोट गर्दा स्थानीय तहसँग समन्वय गर्नुपर्दछ । आधारभूत तहका लागि सम्भाव्य स्थानीय विषयका क्षेत्रहरू यहाँ उल्लेख गरिएको छ ।

### (क) मातृभाषा

नेपाल बहुभाषिक देश हो । बालबालिकालाई मातृभाषा सिक्ने अवसर प्रदान गर्नका लागि लेख्य भाषा भएका भाषिक समुदायका बालालिकाहरूलाई उनीहरूको मातृभाषा सिकाउने कार्यमा प्राथमिकता दिनुपर्दछ । विभिन्न मातृभाषी विद्यार्थीहरू भएको कक्षामा कुन मातृभाषा सिकाउने भन्ने कुराको निर्णय सहज छैन । विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका विभिन्न मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक हुबहु वा आवश्यकतानुसार परिमार्जन गरी प्रयोग गर्न वा निर्धारित ढाँचामा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी प्रयोग गर्न सक्ने छन् ।

### (ख) संस्कृति, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा, पुरातत्त्व

- ऐतिहासिक स्थल, वस्तु, ऐतिहासिक व्यक्तित्व, प्राचीन स्मारक, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थलगायत
- मठमन्दिर, पाटीपौवा, चैत्य, स्तूप, विहार, पुराना दरबार, शिलालेख, ताम्रपत्रलगायत

- स्थानीय स्तरमा मनाइने विभिन्न धर्म, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थललगायत
- स्थानीय समुदायका आदिवासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएका जाति र उनीहरूको रहनसहन, संस्कारलगायत
- स्थानीय स्तरमा बोलिने भाषा, भाषिका र तिनीहरूको संरक्षणलगायत
- स्थानीय स्तरका क्लब, सरकारी तथा गैरसरकारी एवम् समुदायमा आधारित सङ्घ संस्था, सामुदायिक सङ्घ संस्थालगायत
- स्थानीय क्षेत्रका शिक्षा, सामाजिक, सांस्कृतिक, साहित्यिक, कला, खेलकुदलगायतमा ख्यातिप्राप्त व्यक्तिको जीवनीलगायत

**(ग) भूगोल, प्राकृतिक सम्पदा र तिनको सदुपयोग**

- स्थानीय परिवेशको धरातलीय स्वरूप, हावापानी, मौसमलगायत
- स्थानीय परिवेशको जङ्गल, रुखबिरुवा, खोला, नाला, ताल, पोखरीको मूल, जडीबुटी, जीवजन्तु, राष्ट्रिय निकुञ्जलगायत
- स्थानीय प्राकृतिक स्रोत र सम्पदा
- वातावरण र संरक्षण

**(घ) परम्परागत तथा प्रचलित स्थानीय सिप तथा कला**

स्थानीय परिवेशअनुसार परम्परागत रूपमा प्रचलित वा लोपोन्मुख विभिन्न किसिमका कला, सङ्गीत, नृत्य, गायन, चकटी बुन्ने, गुन्द्री बुन्ने, सुकुल बुन्ने, धानको पुतली बनाउने, खेलौना बनाउने, माटाका भाँडा बनाउने, चित्र कोर्ने, गीत गाउने, गीत लेख्ने, मादल बजाउने, डम्फु बजाउने, खैंजडी बजाउने, हार्मोनियम बजाउने, टुङ्ना बजाउने, पन्चेबाजा बजाउने, स्थानीय नृत्य देखाउनेलगायत

**(ङ) स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण**

- फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्यलगायत
- आफ्नो वरपरको वातावरणका तत्त्व, अवस्था र संरक्षणका उपायलगायत
- योगाभ्यास, कपर्दी, थुँगी खेल, भुस दौड, बाघको छाला, गट्टा, डन्डिबियो, हवाई कासा, राजा कपर्दी, एकखुट्टेलगायत
- योग, दैनिक आहारविहार, परम्परागत प्राकृतिक उपचार, आनीबानीलगायत
- आयुर्वेद, जडीबुटीको प्रयोग

**(च) विविध**

- स्थानीय स्तरका कृषि, पन्छी तथा पशुपालन, उद्योग, पर्यटन, जडीबुटीलगायत अन्य आयआर्जनका क्षेत्र पेसा तथा व्यवसायको पहिचान तथा परिचय
- करेसाबारी, बगैँचा, कौसी तरकारी
- स्थानीय सरकारको बनोट र कार्य, स्थानीय शिक्षाको अवस्था
- प्राकृतिक प्रकोप
- उपभोक्ता सचेतना
- स्थानीय पुस्तकालय र वाचनालय
- स्थानीय उद्योग र पर्यटन
- जोखिम व्यवस्थापन

माथि दिइएका विषय क्षेत्र उदाहरण मात्र हुन् । यीबाहेक स्थानीय परिवेशमा अनेकौँ विषयक्षेत्र र विषयवस्तु हुन सक्छन् । तिनीहरूमध्येबाट आवश्यकता हेरी एक वा सोभन्दा बढी पनि छनोट गरी पाठ्यक्रमको संरचनामा ढालेर पठनपाठन गर्न सकिन्छ ।

विषयक्षेत्र छनोट गरिसकेपछि उद्देश्यको आधारमा विषयवस्तु छनोट गर्नुपर्दछ । विषयवस्तुको छनोट गर्दा पनि कक्षा, तह, विद्यार्थीको उमेर, सिकाइस्तर, मनोविज्ञान, उपलब्ध स्रोत र साधन, समय आदिलाई ध्यान दिनुपर्दछ ।

नेपालमा स्थानीय पाठ्यक्रमसम्बन्धी अवधारणा नौलो भएकाले स्थानीय तहका लागि पाठ्यक्रम निर्माण र कार्यान्वयन कसरी गर्ने भन्नेबारेमा केही असहजता हुन सक्छ । पाठ्यक्रम भनेको पठनपाठनलाई मार्गनिर्देश गर्ने खाका हो । पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माण गर्दा हरेक विषयको तहगत उद्देश्य, क्षेत्र, कक्षागत उद्देश्य/सक्षमता, विषयवस्तु, शिक्षण सिकाइ प्रकिया, विद्यार्थी मूल्याङ्कन जस्ता कुरा निर्दिष्ट गरेर पाठ्यक्रम तयार गर्दछ । पठनपाठन सुचारु रूपले अगाडि बढाउन कम्तीमा पठनपाठन गर्ने विषयवस्तु र पठनपाठनको प्रकिया (शिक्षण सिकाइ प्रक्रिया) को खाका भने तयार गर्नु आवश्यक हुन्छ । स्थानीय तहबाट तयार गरिएको यस्तो खाकालाई स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ ।

सूचीबद्ध गरिएका विषयमध्येबाट सबभन्दा उपयोगी विषय स्थानीय विषयका रूपमा छनोट गर्नुपर्छ । अब स्थानीय क्षेत्रमा उपलब्ध सम्बन्धित विषयका विज्ञ वा व्यवसायीको सहयोगमा त्यस विषयभित्र शिक्षण सिकाइ गरिने क्षेत्र ठम्याउनु आवश्यक हुन्छ ।

### ५.२ विभिन्न विषय तथा कक्षामा स्थानीय विषयवस्तु एकीकरण

विषयक्षेत्रका रूपमा अलग्गै स्थानीय पाठ्यक्रम रहने व्यवस्था कक्षा १–८ को पाठ्यक्रम संरचना रहेको

छ । यही संरचनाअनुसार विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास वा अनुकूलन गरी कार्यान्वयन गर्नुपर्दछ भने अन्य विषयक्षेत्रमा पनि विद्यालय तथा सम्बन्धित शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय विषयवस्तु समावेश वा एकीकरण गर्न सक्दछन् । यसमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा, परियोजना कार्यमा स्थानीय परिवेश, विषयवस्तुबाट क्रियाकलाप सुरु गर्ने, यसलाई पाठ्यक्रमका विषयवस्तुसँग जोड्ने गर्न सक्दछन् । त्यसै गरी सिकाइ क्रियाकलापका क्रममा स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्ने, सिकाइलाई स्थानीय परिवेशमा प्रयोग गर्ने, स्थानीय विषय वा परिवेशसँग सम्बन्धित गराउने गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइउपलब्धि हासिल हुने गरी शिक्षण सिकाइमा स्थानीय विषयवस्तु एकीकरण गर्नाले सिकाइलाई रुचिकर र सान्दर्भिक बनाउन थप सहयोग पनि प्राप्त हुन्छ ।

परिच्छेद-६

# स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

प्रभावकारी कार्यान्वयबाट लक्षित उद्देश्य प्राप्ति भएपछि मात्र पाठ्यक्रम निर्माणले पूर्णता प्राप्त गर्छ । प्रभावकारी कार्यान्वयका लागि यसका निश्चित तौरतरिका र प्रक्रिया हुन्छन् । यस खण्डमा स्थानीय पाठ्यक्रम कार्यान्वय प्रक्रिया, सिकाइ/सहजीकरण क्रियाकलाप र स्रोत साधन परिचालन गर्ने तरिका उल्लेख छ ।

## ६.१ स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

स्थानीय आवश्यकतालाई दृष्टिगत गरी स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरेर तयार गरिने हुनाले स्थानीय पाठ्यक्रम कार्यान्वयन सहजै गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक उपलब्ध नभएको अवस्थामा पनि विद्यार्थी, शिक्षकलगायत सम्पूर्ण सरोकारवालाको संयुक्त प्रयासबाट पाठ्यक्रम कार्यान्वयन सजिलै गर्न सकिन्छ । विद्यार्थीले प्रत्यक्ष क्रियाकलापमा संलग्न भएर वा जानकार व्यक्ति वा स्रोतव्यक्तिसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्छन् ।

उदाहरणका लागि करेसाबारी विषयको स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्दा निम्नलिखित विषयवस्तु सिक्नु सिकाउनुपर्ने हुन्छ :

- करेसाबारीको परिचय
- करेसाबारीमा उत्पादन हुने मौसमअनुसारका तरकारी
- तरकारी रोप्ने र हेरचाह तथा गोडमेल गर्ने तरिका
- तरकारी टिप्ने र प्रयोग गर्ने तरिका
- करेसाबारीका फाइदा

स्थानीय विषयवस्तु शिक्षणका लागि स्थानीय तहमै रहेका अनुभवी किसान, अगुवा किसान, व्यक्ति, विशेषज्ञ वा प्राविधिकको सहयोग लिन सकिन्छ । विद्यार्थीलाई करेसाबारीमै लगेर सबै प्रक्रियाको अवलोकन गराउन वा विद्यालयमा कक्षागत र विद्यार्थीगत करेसाबारी बनाएर शिक्षण गर्न सकिन्छ । सिकारुलाई आफ्नो करेसाबारीमा अभ्यास र प्रयोगात्मक कार्य गराइएमा विषयवस्तुमा सजिलै स्पष्ट हुन सक्दछ ।

स्थानीय पाठ्यक्रम कार्यान्यनका लागि सामान्यतया एउटा पूर्ण पाठ्यपुस्तक विकास गरी पाठ्यपुस्तकका आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गर्ने वा विद्यार्थीलाई त्यो पाठ्यपुस्तकमा आश्रित गर्नु उपयुक्त हुँदैन । विषयवस्तुको प्रकृतिअनुसार केही सन्दर्भ सामग्री विकास गर्न र विषयवस्तुअनुसार विभिन्न शिक्षकले वर्कसिट तथा कार्यपत्र तयार गरी विद्यार्थीलाई कार्यमा सरिक गराउन सक्दछन् । तर स्थानीय विषयका रूपमा समावेश हुने मातृभाषामा भने पाठ्यपुस्तक तथा कार्यपुस्तक विकास गर्नु उपयुक्त हुने देखिन्छ । पाठ्यपुस्तक विकास

सम्बन्धमा पछिल्लो खण्डमा चर्चा गरिएको छ ।

### ६.२ सिकाइ सहजीकरण प्रक्रिया

विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि निम्नानुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थी सहजीकरण गर्न सकिन्छ :

**छलफल** : विभिन्न विषयमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो त्यसको पूर्वतयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ । निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारी बनाउन सकिन्छ । उदाहरणका लागि करेसाबारीमा उत्पादन गरिने तरकारीका बारेमा निम्नलिखित बुँदामा छलफल गर्न सकिन्छ :

(क) तरकारीको रूप रङ

(ख) तरकारी फल्ने समय

(ग) खाइने भाग

(घ) खाने तरिका

(ङ) यसबाट हुने फाइदा

त्यस्तै कुनै धार्मिक स्थलको बारेमा छलफल गर्न देहायबमोजिमका बुँदा उपयोगी हुन सक्छन् :

(क) धार्मिक स्थलको नाम

(ख) स्थापना गर्ने व्यक्ति र समय

(ग) धार्मिक स्थलबारेको जनश्रुति

(घ) पूजा/प्रार्थना विधि

(ङ) धार्मिक स्थलमा हुने क्रियाकलाप

(च) धार्मिक स्थलको विकास र संरक्षणलगायत

यसरी करेसाबारीका बारेमा छलफल गर्दा अनुभवी किसान तथा कृषि प्राविधिक, धार्मिक स्थलका बारेमा छलफल गर्दा पूजाआजा कार्य गर्ने व्यक्ति तथा स्थानीय ज्येष्ठ नागरिकलाई बोलाएर वा सम्बन्धित ठाउँमै भेटेर गर्नु राम्रो हुन्छ । सम्भव भएसम्म आवश्यक सामग्री वा वस्तुको प्रदर्शन गरी विद्यार्थीलाई आलोपालो बोल्न पनि लगाउनुपर्छ ।

**प्रदर्शन** : शिक्षक, विद्यार्थी र सरोकारवालाबाट विभिन्न सामग्री सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी भई गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यसबारेमा छलफल गर्ने जस्ता क्रियाकलाप गर्न सकिन्छ । त्यसै गरी कक्षा कोठामा यस्ता सामग्री वा क्रियाकलापको प्रदर्शन गर्न सकिन्छ ।

**अवलोकन भ्रमण र अभ्यास**

विद्यार्थीलाई विभिन्न कुराको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनुपर्छ ।

**परियोजना कार्य**

अभ्यासकै महत्त्वपूर्ण अङ्गका रूपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नुपर्दछ । त्यस्तो खाका बनाउँदा के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुरा पहिले नै सोच्नुपर्छ । गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ । परियोजना कार्य गर्दा विद्यार्थीहरूले विद्यालय तथा घरमा बसेर गरेर सिक्ने अवसरको सिर्जना गर्नुपर्छ ।

## ६.३ स्रोत साधनको व्यवस्थापन र परिचालन

पाठ्यक्रमको कार्यान्वयनका लागि स्रोत साधनको आवश्यकता पर्दछ । त्यस्ता स्रोत साधन भौतिक, आर्थिक, प्राविधिक, प्राज्ञिक, मानवीय आदि किसिमका हुन्छन् । स्थानीय पाठ्यक्रमको विकास स्थानीय स्तरमा हुने भएकाले स्रोत साधन पनि धेरैजसो स्थानीय स्तरमै पाइने खालका हुन्छन् । त्यस्ता स्रोत सामग्रीको उचित प्रबन्ध र व्यवस्थापन निम्नानुसार गर्न सकिन्छ:

**आर्थिक व्यवस्था**

विद्यालय उपलब्ध नियमित सरकारी तथा निजी अनुदानको मात्र भर नपरी स्थानीय निकाय, सरकारी तथा गैरसरकारी सङ्घ संस्था, समुदायमा आधारित सङ्घ संस्था, स्थानीय व्यापारी, उद्योगी, पेसाकर्मी आदिबाट पनि सहयोग जुटाउन सक्छन् । विद्यालयमा आयमूलक काम गरेर पनि केही आम्दानी गर्न सकिन्छ ।

**जनशक्ति व्यवस्थापन**

छनोट गरिएको पाठ्यक्रमको विषयवस्तुअनुरूप स्थानीय तहमा रहेका शिक्षक, अगुवा कृषक, पशुपालक, उद्योगी, व्यवसायी, कलाकार, संस्कृतिविद्, डकर्मी, सिकर्मी विभिन्न विषयका प्राविधिक विशेषज्ञलगायतलाई परिचालन गर्नुपर्दछ ।

## ६.४ क्षमता विकास

पााठ्यक्रम निर्माण र कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता विकास गर्नु पनि त्यत्तिकै जरुरी छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा विशेषत: स्थानीयस्तरका जनशक्ति संलग्न रहने हुँदा तिनको क्षमता विकासको समन्वय पनि सम्बन्धित स्थानीय तहले गर्नुपर्दछ । स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, विद्यालयलगायतका सम्बद्ध व्यक्तिको क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ ।

## ६.५ मूल्याङ्कन प्रणाली

विद्यार्थी मूल्याङ्कनअन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन् । वर्तमान पाठ्यक्रमले

कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १–३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४–५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६–७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ । आधारभूत तहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममा पनि सोही अनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्दछ ।

स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेरभन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको रायप्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीलाई स्थानीय सिप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ । त्यस कारण स्थानीय पाठ्यक्रमबमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिनुपर्दछ । तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ ।

**पाठ्यक्रम मूल्याङ्कन**

पाठ्यक्रमको समग्र मूल्याङ्कन भने संयन्त्र निर्माण गरी (पाठ्यक्रम निर्माण समूह, सल्लाहकार समिति, पाठ्यक्रम विकास तथा मूल्याङ्कन समिति, विज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालासमेत) तिनको संयुक्त प्रयासमा अवलोकन, अन्तर्क्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकाले मूल्याङ्कन नतिजाका आधारमा यसलाई निरन्तर अद्यावधिक गर्दै लैजान आवश्यक हुन्छ ।

परिच्छेद : ७

# स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था

आधारभूत तहसम्मको स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयन देहायबमोजिम हुने छ :

(क) आधारभूत तहमा व्यवस्था गरिएको स्थानीय विषयअन्तर्गत पाठ्यक्रममा मूल विषयका रूपमा समावेश भइसकेका अङ्ग्रेजी भाषा, गणित, नेपाली भाषा, विज्ञानलगायतका विषयबाहेकका अन्य विषय मात्र पठनपाठन गराइने छ ।

(ख) स्थानीय विषयवस्तु समेटी स्थानीय निकायको समन्वयमा आवश्यकताअनुसार मातृभाषा वा नेपाली भाषामा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न सकिने छ । विषयवस्तु छनोट गर्दा प्रयोगात्मक तरिकाले अध्यापन गर्न सकिने र दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्ने प्रकृतिको हुनुपर्ने छ ।

(ग) स्थानीय पाठ्यक्रम विद्यालयगत वा स्थानीय तहगत रूपमा तयार गर्न सकिने छ । स्थानीय तहभर एउटै खालको विषय मिल्दो देखिएमा स्थानीय तहभर र विद्यालयस्तरमा मात्र मिल्ने भएमा विद्यालयस्तरीय पाठ्यक्रम निर्माण गर्न सकिने छ । यसरी स्थानीय तह स्तरमा तयार हुने पाठ्यक्रम मिल्दाजुल्दा आवश्यकता भएका विद्यालयलाई समूहीकृत गरेर विद्यालयको मागबमोजिम फरक फरकरूपमा पनि विकास गरी प्रयोग गर्न सकिने छ । एकभन्दा बढी स्थानीय तहले आपसमा मिलेर स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सक्ने छन् । एक वा सोभन्दा बढी विद्यालयले तयार गरे पनि स्थानीय पाठ्यक्रम स्थानीय तहबाट स्वीकृत भएपश्चात् मात्र लागु गर्नुपर्ने छ ।

(घ) स्थानीय पाठ्यक्रम निर्माण गर्न स्थानीय तहबाट माग आएमा प्रदेशले सहजीकरण गर्न सक्ने छ ।

(ङ) स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा सम्बन्धित स्थानीय तह जिम्मेवार निकायका रूपमा रहने छ । स्थानीय तहको शिक्षा हेर्ने शाखाले स्थानीय तहभित्रका विद्यालयका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न समन्वय तथा संयोजन गरी प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

(च) विद्यार्थी सङ्ख्यालाई ध्यानमा राख्दै अभिभावकको सल्लाह तथा परामर्शका आधारमा मातृभाषामा स्थानीय विषयवस्तुको पठनपाठन गर्न सकिने छ । मातृभाषा विषय वा माध्यम दुवै हुन सक्ने छ ।

(छ) पाठ्यक्रमले तोकेअनुसार सबै विद्यालय (सामुदायिक र संस्थागत) ले स्थानीय विषय अनिवार्य रूपमा लागु गर्नुपर्ने छ । सोको अनुगमन सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट गर्नुपर्ने छ ।

(ज) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयका लागि शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न पाठ्यक्रम विकास केन्द्र तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत आवश्यक व्यवस्था गरिने छ ।

(झ) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गर्ने सरकारी, गैरसरकारी तथा सामुदायिक सङ्घ संस्थालगायतका निकायसँग साझेदारीमा कार्य गर्न अभिप्रेरित गर्न सकिने छ ।

(ञ) स्थानीय तहले स्थानीय विज्ञ वा शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समिति गठन गर्न सक्ने छ । त्यस्तो समितिले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने छ ।

(ट) विद्यालयले आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम विकास गर्न चाहेमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने छ ।

(ठ) स्थानीय तह वा विद्यालयले आवश्यकताअनुसार केन्द्रको वा अन्य निकायबाट विशेषज्ञ सेवा लिन सक्ने छ । सम्बन्धित स्थानीय तहले आवश्यकताअनुसार विभिन्न पाठ्यक्रमका समिति तथा उपसमितिसमेत गठन गर्न सक्ने छ ।

(ड) प्रदेशले विभिन्न स्थानीय विषयका नमुना पाठ्यक्रम विकास गर्न सक्ने छ । प्रदेश तहबाट विकास गरिने नमुना स्थानीय पाठ्यक्रम सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराई लागु गर्न सकिने छ ।

(ढ) स्थानीय तहले आवश्यकतानुसार पाठ्यक्रम विकास केन्द्रबाट प्राविधिक सेवा, सल्लाह र सुझाव लिन सक्ने छ ।

(ण) स्थानीय पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको भावना प्रतिकूल नहुने र धार्मिक, सांस्कृतिक, सामाजिक सद्भावमा नकारात्मक प्रभाव नपर्ने, राजनीतिक पूर्वाग्रह नहुने तथा राष्ट्रिय अखण्डता, सामरिक सुरक्षा, कुटनीतिक सम्बन्ध, अर्थतन्त्रलगायतका विषय राख्दा राष्ट्रियतामा आँच नआउने प्रकृतिका विषयवस्तु समावेश गर्नुपर्ने छ ।

(त) स्थानीय पाठ्यक्रम अध्यापन गर्न आवश्यक शिक्षक/प्रशिक्षकको व्यवस्था विद्यालय, विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहबाट हुने छ ।

(थ) स्थानीय तहले पाठ्यक्रम विकासका लागि आवश्यक संयन्त्र विकास गरी स्वीकृत गरेका स्थानीय तथा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा सहजीकरणको पाठ्यक्रमको सूची तयार गरी पाठ्यक्रमसम्बन्धी नीति निर्माण प्रयोजनका लागि पाठ्यक्रम विकास केन्द्रमा पठाउनुपर्ने छ ।

(द) स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेअनुसारको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लैजानुपर्ने छ ।

(ध) पाठ्यक्रम विकास केन्द्रले विकास गरेका विभिन्न स्थानीय विषयका नमुना पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय पाठ्यक्रमका रूपमा आवश्यकतानुसार कुनै विद्यालय वा स्थानीय तहले प्रयोग गर्न सक्ने छन् ।

परिच्छेद : ८

# स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको जिम्मेवारी

स्थानीय पाठ्यक्रम विकासमा विभिन्न निकायको उल्लेखनीय भूमिका रहन्छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाको सक्रिय भूमिका रहन्छ । तिनले गर्नुपर्ने कार्यको सङ्क्षिप्त विवरण तल प्रस्तुत गरिएको छ :

## ८.१ विद्यालय तह

शिक्षाका तीन सरोकारवाला विद्यालय तहमै हुन्छन् । ती तीन सरोकारवालामा विद्यार्थी, शिक्षक र अभिभावक पर्दछन् । त्यस्तै विद्यालय एक संस्थाको रूपमा आउँछ भने शिक्षक, अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति पनि पर्छ । शिक्षाका नीति, नियम आदिले विद्यालयको सङ्गठन, व्यवस्थापन, सञ्चालन, अनुगमन, मूल्याङ्कनबाट निरन्तर प्रगतिउन्मुख बनाउने अङ्गको रूपमा यी समितिको भूमिकालाई स्पष्ट गर्न खोजेका छन् । तिनीहरूको भूमिका निम्नानुसार रहेको छन :

**(क) विद्यार्थी** : पाठ्यक्रम निर्माणमा १० वर्षदेखि १५ वर्षसम्मका विद्यार्थीको समूहलाई सम्मिलित गराउन सकिन्छ । कक्षा ५ देखि ८ सम्म अध्ययनरत विद्यार्थीले शिक्षण अवधि र प्रक्रियाको कुरा बुझ्न तथा बुझाउन मदत गरेका हुन्छन् । सम्बन्धित तहका विद्यार्थी निरन्तर सम्मिलित हुने वा गराउनुपर्ने समूह हुन् । उनीहरूको भूमिकालाई यसरी उल्लेख गर्न सकिन्छ :

(अ) अध्ययनका कारण, स्थिति तथा अपेक्षा बताउनु

(आ) अध्ययनका विषयवस्तुका पक्षबारेमा कठिनाइ, रुचि, क्षमता, सरलता, सन्दर्भ, आवश्यकता आदिबारे आफ्नो स्वतन्त्र विचार अभिव्यक्त गर्नु

(इ) छलफल, सर्वेक्षण, अध्ययन, अनुसन्धान, योजना, कार्यक्रम, अन्तर्वार्ता आदिमा सक्रिय सहभागिता जनाउनु र आफ्नो अनुभव प्रकट गर्नु

**(ख) शिक्षक/प्रधानाध्यापक** : विद्यार्थीको उमेर, क्षमता, रुचि आदि व्यक्तिगत कुरा तथा उनीहरूको घरायसी अवस्था, विद्यालयको स्थिति, भित्री तथा बाहिरी वातावरण आदिलाई मनन गरी अध्ययन अध्यापनको वास्तविक स्थितिको बोध गराउने प्रमुख सरोकारवाला शिक्षक वर्ग नै हुन् । उनीहरूले नै पाठ्यक्रमको वास्तविक कार्यान्वयन गरेर त्यसको उद्देश्य पुरा गर्दछन् । यसर्थ उनीहरू नै पाठ्यक्रम निर्माण, परिमार्जन तथा परिवर्तनका कारक हुन् । उनीहरूले पाठ्यक्रम निर्माणमा निम्नानुसारको भूमिका निर्वाह गर्न सक्छन् :

(अ) पाठ्यक्रमका विषयवस्तु र सिकाइ प्रक्रियासम्बन्धी वस्तुस्थिति बुझ्न प्रयोग गरिने प्रक्रियामा सक्रिय सहभागिता जनाउने, आवश्यक प्रतिक्रिया दिने, राय, सुझाव दिने, प्रश्नावली, रुजु

सूची, सर्वेक्षण फाराम आदि भर्ने, अन्तर्वार्तामा सहभागी भई सही प्रतिक्रिया अभिव्यक्त गर्ने तथा व्यक्तिगत तथा सामूहिक रूपमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा पाठ्यक्रम निर्माणमा सहभागिता जनाउने र व्यावसायिक प्रतिक्रिया अभिव्यक्त गर्ने

(आ) आफ्नै सक्रियतामा वा निर्देशित रूपमा विद्यार्थी, अभिभावक तथा समुदायमा विभिन्न व्यक्ति, संस्था आदिबाट पाठयक्रमसम्बन्धी रायप्रतिक्रिया सङ्कलन, विश्लेषण र प्रतिवेदन दिने/लिने गरी प्रत्यक्ष रूपमा संलग्न हुने

(इ) विद्यार्थी/अभिभावकको आवश्यकता, स्थिति र पाठ्यक्रमका विषयवस्तु तथा सिकाइ प्रक्रिया अनि सिकाइ सामग्रीबारे सामूहिक तथा पेसागत रूपमा आवश्यक संशोधनका लागि सक्रियता जनाउने

(ई) विद्यार्थीको अध्ययन तथा प्रगतिबारेमा कक्षागत तथा विषयगत अभिलेख अध्ययन गरी आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने, प्रतिवेदन दिने

(उ) पाठ्यक्रम निर्माण समितिमा प्रतिनिधि पठाउने

(ऊ) समितिमा सक्रियतापूर्वक कार्य गर्ने

**(ग) अभिभावक** : अभिभावक नै आफ्ना सन्तानको प्रगति चाहने शिक्षाका प्रमुख सरोकारवाला हुन् । यो शिक्षकसँग सहकार्य गरेर र अलग्गै आफ्ना छोराछोरीको भलो हुने कार्यमा निरन्तर लागिरहने वर्ग पनि हो । यसर्थ उनीहरूले निम्नलिखित भूमिका निर्वाह गरेर पाठ्यक्रम निर्माणमा सहयोग गर्न सक्छन् :

(अ) आफ्ना छोराछोरीको अध्ययनबाट अपेक्षा गरेका कुरा अभिव्यक्त गरेर

(आ) विद्यार्थीका लागि आवश्यक विषयवस्तु र सिकाइ प्रक्रिया निर्धारणमा आफ्नो राय, सुझाव तथा प्रतिक्रिया दिएर

(इ) विद्यालयमा गएर, कक्षामा शिक्षण गरेर र त्यसको अनुभव र अभिलेख आवश्यक व्यक्तिलाई उपलब्ध गराएर

(ई) आआफ्नो व्यावसायिक क्षेत्रका कुरा आवश्यक समयमा विद्यार्थी, शिक्षक तथा अन्य शिक्षासँग सम्बन्धित व्यक्तिलाई आवश्यक ज्ञान, सिप सिकाएर तथा सूचना उपलब्ध गराएर

(उ) मनोनयन वा छनोट भएका बखत प्रत्यक्ष संलग्न भई सक्रिय रूपमा पाठ्यक्रम निर्माणमा संलग्न भएर

**(घ) शिक्षक अभिभावक सङ्घ** : शिक्षक अभिभावक सङ्घले बालबालिकाको अध्ययन, अध्यापन वा सिकाइ प्रक्रियाबारे एकआपसमा विचार आदानप्रदान गरेर पाठ्यक्रमका विषयवस्तु र पाठ्यक्रम कार्यान्वयन प्रक्रियाबारे हुने छलफलमा सामूहिक राय, सुझाव दिएर, प्रतिक्रिया व्यक्त गरेर, अन्तरक्रियामा संलग्न भएर र यथार्थ जानकारी गराएर भूमिका निर्वाह गर्न सक्छ ।

**(ङ) विद्यालय व्यवस्थापन समिति** : विद्यालय व्यवस्थापन समितिले विद्यालय व्यवस्थापनका सिलसिलामा

अनुभव गरेका पाठ्यक्रम कार्यान्वयनका समस्या र समाधानका उपायबारे वास्तविकता वा यथार्थ कुरा सामूहिक रूपमा अभिव्यक्त गरेर आफ्नो भूमिका निर्वाह गर्न सक्छ । समितिबाट प्रतिनिधित्व गर्ने अवस्थामा सक्रिय सहभागीको भूमिका पनि निर्वाह गर्न सक्छ । स्थानीय आवश्यकतामा आधारित विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा त्यसको प्रभावकारिता अध्ययन गर्न सक्छ ।

### ८.२ स्थानीय तह

गाउँपालिका वा नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणका लागि प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्न सक्छ । स्थानीय तहले एउटा विद्यालय वा आफ्नो क्षेत्रभित्रका लागि स्थानीय समुदायको आवश्यकता, चाहना र मागअनुसार स्थानीय पाठ्यक्रम निर्माणमा तल लेखिएअनुसार कार्य गर्न सकिन्छ :

(अ) स्थानीय पाठ्यक्रमसम्बन्धी नीति नियमका निर्देशिका दिइएको

(आ) आफ्नो क्षेत्रभित्रका शिक्षक परिचालन गरी आवश्यक विशेषज्ञता भएका व्यक्तित्व बोलाई पाठ्यक्रम निर्माण समिति गठन गरी अगुवाइ गर्ने

(इ) विद्यालयको बिचमा समन्वय गरी मिल्दो विषयवस्तुको पाठ्यक्रम तयार गर्ने

(ई) स्थानीय तहले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि तय गरेका कार्यक्रमका लागि बजेट विनियोजन गरी स्थानीय पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्ने

(उ) सञ्चालित कार्यक्रमको अनुगमनकर्ता, सुपरिवेक्षण/निरीक्षणकर्ताको र मूल्याङ्कनकर्ताको भूमिका निर्वाह गर्ने

(ऊ) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि कार्यविधि तथा संयन्त्र निर्माण गर्ने

आफ्नो स्रोत, साधन र समन्वयअनुरूप पाठ्यक्रमसम्बन्धी अध्ययनकर्ता, सोधकर्ता, अनुसन्धानकर्ता तथा यस्ता कार्यमा सहभागी हुने अंशियार/हिस्सेदारको रूपमा पनि भूमिका निर्वाह गर्न सक्छ । यसबाट प्राप्त प्रतिवेदनका आधारमा आफ्नो भावी कार्यक्रम तय गर्न सकिन्छ । शिक्षाका कार्यक्रमका साथै पाठ्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा निरन्तर परिमार्जनका कार्य अघि बढाउन सकिन्छ ।

स्थानीय तहको शिक्षा हेर्ने शाखा वा महाशाखा वा विभागले स्थानीय पाठ्यक्रम निर्माणमा निम्नलिखित भूमिका खेल्न सक्छ :

(अ) विद्यालयले सम्बन्धित कार्यका लागि माग गरेमा आफ्नो विशेषज्ञता उपयोग गरी सहयोग गर्न सक्छ ।

(आ) विभिन्न विद्यालयले सामूहिक रूपमा पाठ्यक्रम निर्माण कार्य थलोमा समन्वयकर्ता र संयोजन गर्न सहयोग गरी दुवै किसिमले सहयोग गर्न सकिन्छ ।

(इ) विद्यालयका शिक्षकलाई पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी तालिमको आवश्यकता

भएमा उनीहरूलाई तालिम प्रदान गर्ने प्रशिक्षकको व्यवस्थापन गर्न सक्छ ।

(ई) विद्यालयहरूको सहकार्यका स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको योजना निर्माण र कार्यान्वयन र अनुगमन गर्न सक्दछ ।

(उ) स्थानीय तहभित्र विद्यालयको अग्रसरतामा कार्यक्रम सञ्चालन गरिएमा वा विद्यालयबाट सामूहिक कार्य सञ्चालन गर्न सहयोग मागेमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ । विभिन्न कार्यक्रम अन्तर गाउँपालिका/नगरपालिका स्तर, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालयबाट तय भएमा आवश्यकताअनुसार सहयोग, समन्वय र सञ्चालन गर्न सक्छ ।

(ऊ) स्थानीय तह स्तर वा प्रदेश स्तर वा केन्द्रस्तरबाट तय गरिएका पाठ्यक्रम निर्माण, परिमार्जन जस्ता कार्यमा अध्ययनकर्ता, प्रवर्तनकर्ता, अनुसन्धान तथा मूल्याङ्कन र अनुगमनकर्ताको हैसियतले पनि काम गर्न सक्छ ।

**८.२ स्थानीय तथा सामुदायिक संस्थाहरू**

**(क) धार्मिक, सामाजिक सांस्कृतिक सङ्घसंस्था**

समुदायका विभिन्न क्षेत्रमा कार्य गरिरहेका गुठी, धार्मिक मठमन्दिर, चैत्य, गुम्बा, विहार, मस्जिद आदि सञ्चालन गरिरहेका समूह तथा समुदायले आफूसँग भएको सूचना उपलब्ध गराउने, त्यससम्बन्धी विषयवस्तु स्थानीय पाठ्यक्रममा राख्न लगाउने, स्रोतव्यक्तिको रूपमा विद्यार्थीलाई सिकाउने जस्ता कार्यका अतिरिक्त स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका हुन्छ । यीबाहेक सामाजिक सेवामा कार्यरत समुदाय परिचालन, पाठ्यक्रम निर्माण गर्दा आवश्यक सूचना उपलब्ध गराएर र कार्यान्वयमा स्रोतव्यक्ति उपलब्ध गराएर सहयोग गर्न सक्छ ।

**(ख) शिक्षक, प्रशिक्षक तथा पेसागत सङ्घसङ्गठन**

शिक्षण पेसामा कार्यरत सङ्घ सङ्गठन, प्रशिक्षण संस्थामा कार्यरत व्यक्ति तथा संस्थाले पनि स्थानीय पाठ्यक्रम निर्माणमा आयोजक भएर पाठ्यक्रम निर्माणसम्बन्धी ज्ञान भएकाले प्राविधिक पक्षमा सहयोग गरेर, विशेषज्ञता प्रदान गरेर र विषयगत, तहगत, समुदायगत आदि स्रोत सामग्री उपलब्ध गराएर योगदान गर्न सक्छन् । यससम्बन्धी शिक्षा र अन्य क्षेत्रमा कार्यरत सङ्घसङ्गठनले पनि सहयोग गर्न सक्दछन् । जस्तो स्वास्थ्य प्रशिक्षण संस्था, निर्माण मर्मतसम्बन्धी संस्था जस्ता परम्परागत रूपमा सञ्चालित पेसाकर्मी तथा संस्थाले यस क्षेत्रमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छन् ।

**(ग) उद्योगी व्यवसायी र गैरसरकारी संस्था**

स्थानीय समुदायमा विभिन्न उद्योगी व्यवसायी रहेका हुन सक्छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा उनीहरूले पनि सहयोग गर्न सक्छन् । पाठ्यक्रममा कामसँग सम्बन्धित विषयवस्तु राख्न सहयोग गर्न, कार्यान्वयनको क्रममा उनीहरूका उद्योग तथा व्यवसाय सञ्चालन भएका स्थानमा सिकाउन सकिने हुन सक्छ । त्यसै गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा गैरसरकारी

संस्थासँग पनि साझेदारी गरी सहयोग लिन सकिन्छ ।

## ८.४ प्रदेश तह

### (क) सामाजिक विकास मन्त्रालय

सामाजिक विकास मन्त्रालयले प्रदेश तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने नीति निर्माण गर्न सक्छ । यस्तै स्थानीय तहका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि क्षमता विकासमा सहजीकरण गर्न सक्छ ।

### (ख) शिक्षा विकास निर्देशनालय

शिक्षा विकास निर्देशनालयले स्थानीय तहमा विकास हुने स्थानीय पाठ्यक्रम विकासका लागि सहजीकरण गर्न सक्छ ।

### (ग) शिक्षा तालिम केन्द्र

प्रदेश सरकारको मातहतमा रहेका शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने शिक्षकको पेसागत तालिम तथा अन्य व्यवस्थापकीय तालिममा स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनसम्बन्धी विषयवस्तु समावेश गरी क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न सक्छ ।

## ८.५ सङ्घीय तह

### (क) पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र विद्यालय तहको पाठ्यक्रम विकास गर्ने केन्द्रीय निकाय हो । पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रमसम्बन्धी सूचना सङ्ग्रहकर्ता, पाठ्यक्रम निर्माणकर्ता, कार्यान्वयनकर्ता, अनुसन्धानकर्ता, अन्वेषणकर्ता, प्रवर्तक तथा परिवर्तनकर्ता पनि हो । यो पाठ्यक्रमसम्बन्धी नीति निर्माण गर्ने तथा निर्णयका लागि तयारी गर्ने संस्था पनि हो । हालसम्म केन्द्रीय पाठ्यक्रम निर्माण गरी आएको संस्थाको हैसियतले पाठ्यक्रम निर्माणको केन्द्रीय तथा उच्चतम संस्था हो । देशको परिवर्तित अवस्थामा यसको भूमिकामा पनि परिवर्तन आएको छ । पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम निर्माण गर्ने नीति तय गर्न सक्दछ र सोहीअनुसार आवश्यक मानवीय स्रोत तथा विशेषज्ञता उपलब्ध गराई सहयोग तथा निर्देशन दिई निर्देशकको भूमिका पनि निर्वाह गर्न सक्छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि मार्गदर्शन, नमुना तथा उदाहरण प्रस्तुत गरेर प्रवर्तक र समन्वयकर्ताको कार्य पनि गरिरहेको हुन्छ । परिवर्तित परिप्रेक्ष्यमा आवश्यकताअनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय समुदायले नै आफूलाई आवश्यक पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण वा चयन केकसरी गर्न सकिन्छ भन्ने पक्षमा आवश्यक अध्ययन गर्ने, अनुसन्धान गर्ने, प्रवर्तन गर्ने तथा यी कार्यको प्रचारप्रसार र प्रकाशन गरी आवश्यक सहयोग गर्ने सहयोगी तथा निरन्तर चल्ने संस्थाको रूपमा पाठ्यक्रम विकास केन्द्र रहने छ ।

पाठ्यक्रम विकास केन्द्रले देशभरि लागु हुने विद्यालय शिक्षाको पाठ्यक्रमको ढाँचा तयार गर्नुका साथै नमुना पाठ्यपुस्तकका तथा विद्यार्थी तथा शिक्षकका लागि विभिन्न पाठ्यसामग्री विकास गर्दछ । त्यस्तै गरी विद्यालय तहमा विद्यार्थीको मूल्याङ्कनसम्बन्धी नीति, विधि तथा प्रक्रिया निर्धारण गर्नुका साथै नमुना साधनसमेत विकास गर्न सक्ने भएकाले राष्ट्रिय स्तरमा निर्मितका साथै स्थानीय पाठ्यक्रम विकास र कार्यान्यनमा समेत यसबाट सहयोग पुग्ने छ ।

**(ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालन हुने शिक्षकको पेसागत तालिम तथा अन्य व्यवस्थापकीय तालिममा स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनसम्बन्धी विषयवस्तु समावेश गरी सहभागीलाई सोबारे जानकारी दिन तथा सोसम्बन्धी विषयवस्तु राखी तालिम सञ्चालन गर्न सक्छ ।

**(ग) राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्**

स्थानीय पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकास केन्द्र तथा अन्य सम्बद्ध संस्थाको अध्ययन अनुसन्धानबाट देखाएका समस्या समाधानार्थ आवश्यक सहयोग पुऱ्याई स्थानीय पाठ्यक्रम निर्माणका लागि क्षमता विकास गर्न, स्थानीय आवश्यकताअनुसार पाठ्यक्रम निर्माण गर्न, नीति निर्धारण र प्रक्रिया तय गर्न, निर्णय गरी सहयोग गर्न तथा नीति निर्माणको दायित्व पुरा गर्न यस परिषद्को महत्त्वपूर्ण भूमिका हुन्छ ।

**(घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी नीति निर्माण र सहजीकरण एवम् बजेट व्यवस्थापन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका हुन्छ ।

# मातृभाषाको पाठ्यक्रम विकास तथा कार्यान्वयन

परिच्छेद : ९

# मातृभाषाको पाठ्यक्रमको सन्दर्भ र अवधारणा

## ९.१ पृष्ठभूमि

बालक जन्मेपछि बोल्ने र सञ्चार गर्ने पहिलो भाषा नै उसको मातृभाषा हो । मातृभाषा व्यक्तिगत, सामाजिक, भाषिक तथा सांस्कृतिक पहिचान हो । मातृभाषाको माध्यमबाट बालबालिकालाई ज्ञानआर्जन गर्न सहज हुन्छ । उनीहरूले यसलाई दैनिक व्यवहारमा प्रयोगमा ल्याउने हुँदा आर्जन गरेको ज्ञानको दिगोपना कायम भई सिकाइ गुणस्तरीय हुन्छ ।

विश्वका अधिकांश मुलुकहरूले मातृभाषामा प्राथमिक शिक्षा पाउनुलाई मौलिक अधिकारका रूपमा स्विकारेका छन् । सबैका लागि शिक्षासम्बन्धी डकार सम्मेलनले तय गरेको लक्ष्यले मातृभाषामा शिक्षालाई उच्च महत्त्व दिएको छ । त्यसलाई आत्मसात् गरी सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (नेपाल) ले मातृभाषाका रूपमा शिक्षा दिने सम्बन्धमा थप उद्देश्य तय गरेको थियो । दसौँ पञ्चवर्षीय योजनापछि मातृभाषामा शिक्षा दिने नीतिगत व्यवस्थाले मूर्त रूप पाएको छ । उक्त नीतिगत व्यवस्थालाई आत्मसात् गर्दै अन्तरिम संविधान, २०६३ ले पनि आधारभूत शिक्षा मातृभाषामा पाउने कुरालाई मौलिक हकका रूपमा समावेश गरेको थियो । यसलाई नेपालको संविधानले निरन्तरता दिएको छ । संविधानको सो व्यवस्थालाई कार्यान्वयन गर्न विभिन्न आवधिक योजनामा मातृभाषाका पाठ्यसामग्री विकास तथा शिक्षकहरू तयारी गरी मागबमोजिम बहुभाषिक शिक्षाका अवसरहरूमा विस्तार गरिने नीतिगत व्यवस्था छ । यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले मातृभाषामा प्राथमिक विद्यालय खोल्न पाउने व्यवस्था गरेको छ । शिक्षा ऐन तथा नियमावलीले पनि मातृभाषामा प्राथमिक विद्यालय सञ्चालन गर्न सक्ने व्यवस्था गरी यसलाई थप स्पष्ट र सरल बनाएका छन् । नेपालमा मातृभाषामा शिक्षा पाउनुपर्ने मौलिक अधिकारको संविधानमा नै उल्लेख गरिएको छ ।

बालबालिकाले घरमा बोल्ने भाषामा विद्यालयमा पनि शिक्षण सिकाइ हुनुपर्छ । मातृभाषाले गर्दा शिक्षामा गुणस्तर कायम गर्न सहयोग पुग्छ । शिक्षक र विद्यार्थीबिच शैक्षिक अन्तरक्रिया बढ्छ । यसबाट शिक्षक र विद्यार्थीबिचको सम्बन्ध सुमधुर भई विद्यार्थी सिकाइप्रति आकर्षित हुन्छन् । विद्यालयमा नियमितता बढी विद्यालय छोड्ने क्रम घट्छ । अन्ततः भाषाको माध्यमबाट सांस्कृतिक पक्षहरू बुझ्न सजिलो पनि हुन्छ किनकि उनीहरूले आफ्नो मातृभाषा पहिल्यै जानेका हुन्छन् । विद्यालयमा भर्ना भएपछि बालबालिकाहरू आफ्ना वरिपरिका सम्पर्कमा आइरहने वस्तुहरू देखेर वा छोएर अनुभूति गर्न सकिने र नमुना देखाएर स्पष्ट पार्न सकिने ठोस चिज वा वस्तुका बारेमा कुराकानी गर्न थाल्दछन् । यस्ता विषयमा तिनीहरू सुरुसुरुमा आफ्नै मौलिक लवजमा बोल्न सक्छन् । बालबालिकामा आफ्ना मातृभाषाका व्याकरणको सामान्य जानकारीका साथै ठोस वस्तुहरूको सामान्य शब्दभण्डार पनि हुन्छ । उनीहरू सहजरूपले मातृभाषामा आफ्ना आधारभूत आवश्यकताबारे व्याख्या गर्न सक्छन् र आपसी सञ्चार पनि सहजै गर्न सक्छन् ।

समाजको परिचय साहित्य र संस्कृतिले दिन्छ । समाजको भाषा बाँचे मात्र साहित्य र संस्कृति बाँच्छन् । बालबालिकालाई मातृभाषामा पठनपाठन गराउँदा भाषा बाँच्छ । मातृभाषामा पठनपाठन गराउनु भनेको मातृभाषा पुस्तान्तरण गर्नु हो । मातृभाषालाई विषय र माध्यम गरी दुइटा विधिबाट कार्यान्वयन गर्ने गरिन्छ । मातृभाषाको शिक्षा र मातृभाषामा शिक्षा दुइटा फरक कुरा हुन् । मातृभाषाको शिक्षा भनेको मातृभाषासम्बन्धी विषयवस्तुको शिक्षा हो । मातृभाषामा शिक्षा भनेको चाहिँ पढाउने माध्यम हो । बालबालिकालाई मातृभाषामा सिकाउँदा ज्ञानको पहुँचसम्म पुग्न र मातृभाषा संरक्षणमा दिगोपना ल्याउन सहज हुन्छ । मातृभाषामा शिक्षा भन्नाले सिकारुको मातृभाषा वा पहिलो पटक सिकेकै भाषामा दिइने शिक्षालाई बुझाउँछ । विद्यालयको कक्षाकोठामा भाषाविषयबाहेक अन्य विषयको पठनपाठन मातृभाषाको माध्यमबाट गर्ने प्रक्रिया मातृभाषामा शिक्षा हो । मातृभाषामा आधारित बहुभाषिक शिक्षा विश्वव्यापी प्रचलन र अभ्यासमा रहेको छ । यस पद्धतिमा शिक्षण सिकाइमा विद्यार्थीको मातृभाषाका साथै अन्य माध्यम भाषाको प्रयोग हुने गर्दछ । तसर्थ एकभन्दा बढी भाषिक माध्यमको प्रयोग गरिने हुँदा यस पद्धतिलाई बहुभाषिक शिक्षा भन्ने गरिएको पाइन्छ । मातृभाषामा शिक्षाका लागि मातृभाषा शिक्षणको आवश्यकता पहिचान वा आवश्यकताका आधारमा विद्यालय नक्साङ्कन, पाठ्यसामग्रीको उपलब्धता, शिक्षणका लागि शिक्षकको व्यवस्थापन र सक्षमता विकास, मातृभाषामा कक्षा सञ्चालन वा शिक्षणसिकाइ सञ्चालनको रणनीति तथा मूल्याङ्कन र परीक्षा व्यवस्थापनजस्ता सर्त आवश्यक हुन्छन् ।

मातृभाषाको शिक्षा वा मातृभाषा विषय शिक्षा भन्नु एउटै हो । यसमा मातृभाषाको भाषिक सिप र सामर्थ्यको विकास गरिन्छ । यसमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा जोड दिइन्छ । यसका लागि मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी उक्त भाषाको विकासमा जोड दिइन्छ । यस खण्ड मातृभाषा विषयको शिक्षाका लागि पाठ्यक्रम निर्माण र सो पाठ्यक्रमको कार्यान्वयन सम्बन्धमा उल्लेख गरिएको छ ।

### ९.२ वर्तमान अवस्थाको विश्लेषण

नेपाल बहुभाषिक देश हो । वि.सं २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषा रहेको तथ्याङ्क छ । यसकारण नेपाल भाषा, संस्कृति र संस्कारका दृष्टिकोणबाट समृद्धशाली देश हो । यस्तो बहुभाषिक भाषिक स्रोतको सदुपयोग गर्ने सिलसिलामा नेपाल सरकारले २०४९ सालमा नीति बनाई २०५४ सालदेखि मातृभाषाको शिक्षासम्बन्धी कार्य थालेको हो । अहिलेसम्ममा पाठ्यक्रम विकास केन्द्रबाट कक्षा १ देखि ५ सम्मका मैथिली, भोजपुरी, अवधी, लिम्बु, बान्तवा राई, चाम्लिङ राई, शेर्पा, गुरुङ, तामाङ, मगर, नेपाल भाषा, थारु, सुनुवार, राजवंशी, याक्खा, मुगाली, थारु (मध्य क्षेत्र), तामाङ सम्भोटा, धिमाल, मगर (अथार मगरात), बज्जिका, कुलुङ, चेपाङ, खालिङ राई, माझी र राना थारु भाषाका पाठ्यपुस्तक विकास गरिएको छ । पाठ्यक्रम विकास केन्द्रले कक्षा ६ देखि ८ सम्मका पनि केही भाषाका पाठ्यक्रम बनाएको अवस्था छ ।

नेपाल सरकारले मातृभाषा र मातृभाषामा शिक्षा सम्बन्धमा नेपालको संविधान, शिक्षा ऐन २०२८ तथा शिक्षा

नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप, विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजनाको आधार पत्रमा प्रतिबद्धता जाहेर गरेको छ । नेपालले मातृभाषामा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूमा पनि हस्ताक्षर गरेर प्रतिबद्धता जाहेर गरेको छ । आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, बाल अधिकारसम्बन्धी अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, अल्पसङ्ख्यकहरूको अधिकारसम्बन्धी घोषणापत्र, मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रमा प्रतिबद्धता जनाइसकेको छ ।

यसरी नीतिगत व्यवस्थाका साथै मातृभाषा ३० ओटा जति भाषामा पाठ्यपुस्तक विकास भए पनि मातृभाषा शिक्षाको प्रभावकारी कार्यान्वयन हुन नसक्नुमा नीति कार्यान्वयनमा विभिन्न तहको उदासीनता, सम्बन्धित मातृभाषी समुदायको सक्रियताको कमी, विश्वव्यापीकरण र बढ्दो अङ्ग्रेजी मोहको परिप्रेक्ष्यमा प्राथमिकता र चाख यसतर्फ हुन नसक्नु, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षकको उपलब्धताको कमी जस्ता कारण छन् ।

### ९.३ मातृभाषाको पाठ्यक्रमको औचित्य

औपचारिक शिक्षाका लागि उपयोग हुने पाठ्यक्रमका सन्दर्भमा भाषालाई भाषाको संरक्षण, प्रवर्धन र विकासको पक्ष तथा पठनपाठनको पक्ष गरी दुई प्रमुख पक्षका आधारमा विश्लेषण गरिन्छ । भाषाको संरक्षण, प्रवर्धन र विकासको पक्षको सन्दर्भमा मातृभाषा शिक्षा दिइनु अर्थात् मातृभाषा पढाउनुपर्छ । अर्कोतर्फ विशेष गरी प्रारम्भिक तहका कक्षाहरूमा ध्वनि, वर्ण, शब्दभण्डार, पठन प्रवाह, वाक्य संरचना, बोध र लेखाइका कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षणसमेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठनपाठन गर्न उपयुक्त हुने कुरा अध्ययनहरूले औंल्याएका छन् ।

भाषाको सम्बन्ध समुदायको गौरव, परम्परा, अस्तित्व र सांस्कृतिक गरिमासँग रहेको हुन्छ । भाषाको प्रयोग नहुनु तथा लोप हुनु भनेकै सम्बन्धित समुदायको संस्कृति, सांस्कृतिक परम्परा, लिपि र कलासमेतको उपेक्षा हुनु वा लोप हुनु नै हो । यसर्थ हरेक जातजाति वा समुदाय विशेषका भाषा, कला र सांस्कृतिक परम्पराहरू मुलुकका सम्पत्ति हुन् । मौखिक रूपमा चलनमा रहेको भाषिक अभ्यासले पनि विशिष्ट परम्परा तथा व्यवहारका रूपमा कला, संस्कृति, भाषाको अन्तर्निहित विशेषता र सिर्जनशीलता जीवित राख्ने गर्छ । मातृभाषामा कम प्रयोगकर्ता भए पनि लामो परम्परा, इतिहास र पृथक् भाषिक अस्तित्वका कारण यसको विशेष गरिमा र महत्त्व हुन्छ । मातृभाषा शिक्षाको महत्त्व कुनै एक भाषाको शिक्षण सिकाइका लागि मात्र नभई राष्ट्रिय अस्तित्व, गौरव तथा परम्पराको संरक्षण तथा संवर्धनका लागि पनि छ । मातृभाषामा शिक्षा र मातृभाषाको शिक्षालाई सन्तुलित रूपमा उपयोग गर्दै शैक्षिक उन्नयन गर्न जरुरी छ ।

राष्ट्रिय पाठ्यक्रममा स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई अपेक्षाकृत रूपले समेट्न सम्भव हुँदैन । विभिन्न मातृभाषा तथा संस्कृतिको जगेर्ना गर्न मातृभाषाका दक्ष जनशक्ति तयार गर्नुपर्छ । यसका लागि सरोकारवालामा मातृभाषाप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ ।

नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीति नियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनताले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ । यसका लागि मातृभाषाका पाठ्यसामग्री विकास गरी पठनपाठनको माध्यमले विभिन्न राष्ट्रभाषामा आवश्यकताअनुसार सक्षमता विकास गर्दै लैजानु यसको औचित्य हो । मातृभाषामा पाठ्यक्रम विकास गरी पठनपाठन गराउनुको औचित्यलाई यसप्रकार देखाउन सकिन्छ :

- मातृभाषामा सिक्न पाउने संवैधानिक बाल अधिकार सुनिश्चित गर्न विद्यालय तहमा मातृभाषालाई विषय र सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गर्नु
- विद्यालय तहमा मातृभाषाका पाठ्यसामग्री पठनपाठन गराई भाषा प्रयोगको अवसर वृद्धि गर्नु
- मातृभाषाप्रतिको अपनत्व विकास गरी मातृभाषाको सबलीकरणका माध्यमले अन्य भाषा र विषयको सिकाइमा सहयोग गर्नु
- मातृभाषामा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गरेर सिकारुको सिकाइमा दिगोपना कायम गरी शैक्षिक गुणस्तरको अवस्थामा सुधार गर्नु

### ९.४ मातृभाषा पाठ्यक्रमका चुनौती

मातृभाषालाई औपचारिक शिक्षामा समावेश गरी कार्यान्वयनमा लैजानु व्यावहारिक र सान्दर्भिक मानिन्छ । यसको विशेष महत्त्व र औचित्य रहँदारहँदै पनि मातृभाषा पाठ्यक्रममा विविध समस्या तथा चुनौती रहेका छन्

भौगोलिक, सामाजिक, लैङ्गिक, आर्थिक, उमेरगत, परिवेशगत र प्रयोगगत आधारमा भाषाको प्रयोगमा विविधता आउँछ । यसरी सिर्जना हुने विविधता प्राय: गरी सबै भाषामा रहेने गर्छ । कहिलेकाहीँ एउटै भाषामा पनि यस्तो विविधता देखिन्छ । मातृभाषा शिक्षा सम्बन्धमा निम्नलिखित पक्षहरू चुनौतीका रूपमा रहेका छन् :

- विविध सामाजिक, सांस्कृतिक र भाषिक संरचनायुक्त मिश्रित समाजको अवस्थितिमा भाषाको व्यवस्थापन
- भाषिक विविधतालाई बाधा मान्ने र भाषा शिक्षणमा पनि व्यावहारिकताभन्दा पाठ्यपुस्तककेन्द्रित मानसिकता
- द्वैभाषिक एवम् बहुभाषिक शिक्षणका लागि उपलब्ध जनशक्ति (शिक्षक तयारी) को व्यवस्थापन
- स्थानीय तहको सक्रियता र सहयोगबाट मातृभाषी शिक्षक व्यवस्थापनमा चासो
- अधिकांश मातृभाषाको लिपि, शब्दकोश, व्याकरण र लेख्य परम्पराको विकास
- मातृभाषासम्बन्धी आवश्यक स्रोतसामग्रीहरूको सहज रूपमा उपलब्धता
- नमुनाका रूपमा मातृभाषाको पाठ्यक्रम विकास तथा कार्यान्वयन
- स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास

- विकास वा निर्माण भइसकेका मातृभाषाका पाठ्यपुस्तकका पाठ्यसामग्री पूर्ण रूपमा कार्यान्वयन
- बढ्दो अङ्ग्रेजी मोह तथा यसबाट बालबालिकाको प्रारम्भिक सिकाइमा परेको प्रभाव

उल्लिखित चुनौती सामना गरी मातृभाषा शिक्षाको विकास तथा प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम विकास गर्दा मातृभाषाहरूको पहिचान, मातृभाषाहरूको संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहसँगको सहकार्य, मातृभाषाका सामग्री प्रकाशनका लागि प्रोत्साहन, भाषामा प्रविधिको प्रयोग विस्तार र भाषाका विज्ञहरूको पहिचान गरी सूचीकरणलगायतका कार्यलाई महत्त्व दिनुपर्छ । त्यसै गरी उच्च अध्ययन अनुसन्धान गर्ने अवसर प्रदान गरी नेपालमा बोलिने विभिन्न राष्ट्रभाषाका सक्षम जनशक्ति तयार गर्नु आवश्यक छ । एउटै कक्षामा दुईभन्दा धेरै मातृभाषा बोल्ने बालबालिका भएका विद्यालयहरूमा भाषिक नीति कस्तो हुने ? न्यूनतम शिक्षक सङ्ख्याको समेत व्यवस्थापन गर्न नसकिएको वास्तविकतामा बहुभाषिक विविधतालाई सम्बोधन गर्ने गरी शिक्षकको व्यवस्थापन कसरी गर्ने ? कस्तो प्रकारको पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्री तयार गर्ने ? भन्ने जस्ता प्रश्नका उत्तर दिई मातृभाषा शिक्षामा देखिएका चुनौतीको सामना गर्नुपर्दछ । यसका लागि गनुपर्ने केही कार्यहरू निम्नअनुसार छन् :

- मातृभाषाका शिक्षाका लागि सान्दर्भिक पाठ्यसामग्री तयारी र कार्यान्वयन गर्न मातृभाषामा शब्दकोश निर्माण, व्याकरण तयारी, सामग्री रचना वा विकास र प्रकाशन, विद्यालयमा मातृभाषाको माध्यमबाट शिक्षण सिकाइ
- मातृभाषाको माध्यमबाट शिक्षा पाउन पहल गर्ने, स्थानीय तहमा मातृभाषी विद्यालय सञ्चालन गर्ने जस्ता जनचेतना अभिवृद्धि
- राष्ट्रभाषाहरूको प्रयोग विस्तारका लागि सङ्घ, प्रदेश र स्थानीय तहले बहुभाषिक नीति निर्माण र कार्यान्वयन
- मातृभाषालाई विषयका रूपमा वा माध्यमका रूपमा हेर्ने दृष्टिकोणमा स्पष्टता कायम

## परिच्छेद : १०

# मातृभाषाको शिक्षासम्बन्धी विद्यमान प्रावधान

मातृभाषाको पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा मातृभाषाका पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

### १०.१ नेपालको संविधान

नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३१ मा शिक्षासम्बन्धी व्यवस्था गरिएको छ । यसको उपधारा (१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ भन्ने व्यवस्था गरिएको छ भने सोही धाराको उपधारा (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने छ, उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । अतः यसलाई व्यवहारमा उतार्न वा कार्यान्वयनका लागि मातृभाषाका पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक सशक्त माध्यम रहेको छ ।

### १०.२ आवधिक योजना

पन्ध्रौँ योजनाको अवधारणा पत्रको रणनीति ४ को कार्यनीति २ मा विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक समयानुकूल परिवर्तन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षणका लागि आवश्यकतानुसार माध्यम भाषाका रूपमा मातृभाषामा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घबाट तोकिएको मापदण्डबमोजिम *विद्यालय तहको स्थानीय पाठ्यक्रम* तथा *पाठ्यसामग्री स्थानीय तह*बाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गर्ने प्रावधान रहेको छ । यसै गरी पन्ध्रौँ योजनाको अवधारणा पत्रको अपेक्षित उपलब्धिमा मातृभाषामा पठनपाठन हुने विद्यालय सङ्ख्या २० प्रतिशतले वृद्धि भएको हुने कुरा उल्लेख भएको छ ।

### १०.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको

अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी मातृभाषाको पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (फ) मा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास तथा ११ (फ) (१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजन, कार्यान्वयन, अनुगमन र नियमन गर्ने कुरा उल्लेख गरिएको छ ।

### १०.४ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३

यस प्रारूपले पाठ्यक्रमसम्बद्ध समसामयिक र महत्त्वपूर्ण पक्षहरू, मुद्दा एवम् चुनौतीहरूअन्तर्गत मातृभाषिक मुद्दाको विश्लेषण गरेको छ । यसका आधारमा उक्त प्रारूपले निम्नानुसारका व्यवस्था गरेको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने छ ।

(ख) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

### १०.५ प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५ले मातृभाषाका सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने छ ।

(ख) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

(ग) स्थानीय विषय/मातृभाषाका लागि पाठ्यभार ४ र पूर्णाङ्क १०० हुने व्यवस्था गरेको छ ।

### १०.६ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

२०४६ सालको आन्दोलनपछि २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकार समक्ष प्रतिवेदन पेस गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहायबमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

(क) बहुभाषिक समुदायका बालबालिकाहरूलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्ने र नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रूपमा राष्ट्रिय भाषाको प्रयोग गर्न सकिने

(ख) नेपालीबाहेक नेपालमा बोलिने अन्य भाषाहरूमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री

उपलब्ध हुन नसकेमा त्यस्ता पाठ्यसामग्री उपयुक्त मात्रमा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने

**१०.७ उच्चस्तरीय राष्ट्रिय आयोगको प्रतिवेदन २०५५**

(क) पूर्वप्राथमिक शिक्षामा मातृभाषाको प्रयोगलाई प्राथमिकता दिने सन्दर्भ उल्लेख गरेको

**१०.८ विद्यालय क्षेत्र विकास योजना**

सन् २०१६ देखि सन् २०२२ सम्मका लागि ल्याइएको विद्यालय क्षेत्र विकास योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्तअन्तर्गत शिक्षाको भाषा रणनीतिक कार्यक्रममा मातृभाषामा शिक्षा दिन पर्ने र गैरनेपाली मातृभाषी बालबालिकालाई पनि नेपाली भाषा सिक्न अभिप्रेरित गराउने उद्देश्य रहेको छ । यसमा निम्नानुसारको प्रावधान रहेको छ :

(क) बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्ने

(ख) मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सघाउने

(ग) भातृभाषाका साथै नेपाली र अङ्ग्रेजी भाषाका सिपको विकास गराई सोको प्रयोगद्वारा प्राज्ञिक, सामाजिक, आर्थिक समृद्धि र जीवन्त समाजको निर्माण गर्ने क्षमता विकास गर्न भाषा शिक्षा प्रारूप तयार गर्ने

(घ) विद्यालयमा प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ३ सम्म बालबालिकाको सिकाइमा मातृभाषाको अहम् भूमिका रहने हुँदा यस्ता विद्यालयमा तिनका सिकाइमा मातृभाषाको प्रयोग गर्दै क्रमश: माध्यम भाषाका रूपमा नेपालीतर्फ रूपान्तरण गर्न सहयोग गरिने

(ङ) विद्यालयमा नेपाली इतरका मातृभाषाको सम्मान गरिने

(च) नेपाली भाषामा भएको प्रारम्भिक पढाइ सिप कार्यक्रमको सिकाइका आधारमा अन्य मातृभाषामा पनि सिकाइ सामग्रीको विकास र विस्तार गरिने

(ट) शिक्षकहरूलाई विशेष प्रकारको तालिम दिई मातृभाषामा पढाउने र त्यसबाट नेपालीमा रूपान्तरण गर्ने तालिम सञ्चालन गरिने

(ठ) द्विभाषिक शिक्षकको व्यवस्था गर्ने

(ठ) प्रारम्भिक कक्षामा माध्यम भाषा तथा मातृभाषा शिक्षण, विद्यालयहरूमा त्रैमासिक शिक्षण अनुसरण गर्ने तथा नेपालीबाहेक अन्य मातृभाषा भएका बालबालिकाका लागि विषयका रूपमा नेपाली भाषा शिक्षण गर्नेलगायत शिक्षाको माध्यम भाषाको नीति निर्धारण गर्ने

(ड) नेपाली तथा मातृभाषामा भाषागत दक्षतासहितको एकमहिने तालिम लिएका शिक्षक वृद्धि गर्ने

(ढ) दोस्रो भाषामा नेपाली सिक्नेका लागि माध्यम भाषा मातृभाषामा आधारित बहुभाषी शिक्षाका पेसागत विकासका सामग्री विकास गर्ने

(ण) लिङ्ग, जात तथा सांस्कृतिक भिन्नताका आधारमा पहुँच, छात्रवृत्ति वितरण र प्रारम्भिक कक्षामा मातृभाषामा शिक्षाका अवसर जस्ता नीति निर्देशहरूको पुनरवलोकन गर्ने

(त) मातृभाषालाई सिकाइको आधारका रूपमा प्रयोग गर्दै मातृभाषामा बोलाइ सिपको विकास गराउने तथा मातृभाषाका माध्यमबाट साक्षरता सिपको विकास गराउने

(थ) बालबालिकाको मातृभाषालाई महत्त्व प्रदान गरी तिनको मातृभाषामा बोलाइ सिपको विकासमा सहयोग पुऱ्याउने

### १०.९ आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९

आभारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रम २०६२ भन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रस्ट पार्दै भनिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

(ख) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोतकेन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

### १०.१० भाषा आयोगको प्रतिवेदन, २०७५

(क) विद्यालय तहमा सामुदायिक एवम् संस्थागत विद्यालयमा मातृभाषाको माध्यमबाट शिक्षा उपलब्ध गराउने प्रावधानका साथै मातृभाषा विषयको रूपमा पठनपाठन अनिवार्य हुने र माथिल्लो तहसम्म लम्बीय सन्तुलन कायम गर्न मौजुदा पाठ्यक्रमको प्रावधान कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

(ख) राष्ट्रभाषाहरूको पाठ्यसामग्रीमा स्थानीय ज्ञान, सिप, अभ्यास र वातावरणलाई समावेश गराई उपयोगी र व्यावहारिक बनाउन स्थानीयस्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक तयार गर्न स्थानीयस्तरमा क्षमता विकास गर्नुपर्छ ।

(ग) सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपालका संस्थागत तथा सामुदायिक विद्यालयमा नैतिक शिक्षा र सामाजिक शिक्षा विषयलाई माध्यमिक तहसम्म मातृभाषामा अध्ययन गर्न पाउने व्यवस्था मिलाउनु आवश्यक छ ।

(घ) नेपालमा बोलिने विभिन्न मातृभाषामा आवश्यकताका आधारमा बालकन्द्रित सिन्के सामग्री विकास गर्ने तथा विदेशी भाषामा विदेशमै बनेका यस्ता सामग्रीबाट मातृभाषामा हुने भाषिक र सांस्कृतिक अतिक्रमण रोक्न नेपाल सरकारले नीतिगत निर्णय गर्नु आवश्यक छ ।

(ङ) मातृभाषामा श्रव्य दृश्य सामग्री विकास गर्दा बाह्य मुलुकका आयातीत श्रव्य दृश्य सामग्री नेपाली वा नेपालका मातृभाषामा उपशीर्षकसहित भाष्य रूपान्तरण गर्ने र त्यस्तो रूपान्तरण गर्दा मातृभाषाको मौलिकता कायम राख्ने गरी योजना बनाउन जरुरी छ ।

(च) नेपालका मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहले प्रोत्साहनमुखी कार्यक्रम ल्याउनु जरुरी छ ।

(छ) आधारभूत तहमा मातृभाषा शिक्षालाई माध्यम र विषयका रूपमा प्रयोग गरिनुपर्छ । विषयका रूपमा मातृभाषाको पठनपाठन माथिल्ला कक्षाहरूमा निरन्तरता दिने व्यवस्था गर्नुपर्छ ।

(ज) मातृभाषामा शिक्षाको आवश्यकताबारे जनचेतना जगाउनु आवश्यक छ ।

(झ) मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयन गर्न विद्यालयगत भाषिक सर्वेक्षण गरेर विद्यालयहरूको पहिचान गरी योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

(ञ) शिक्षक नियुक्तिसम्बन्धी विद्यमान प्रावधान पुनर्विचार गरी आधारभूत तहमा मातृभाषी शिक्षकको आपूर्ति गर्न मातृभाषी पृष्ठभूमिका शिक्षकलाई प्राथमिकता दिने नीति अवलम्बन गर्नुपर्छ ।

### १०.११ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५

राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को २०७५/२/१८ को बैठकले सिफारिस गरेको विद्यायल शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ मा कक्षा १ देखि ३ सम्म ५ पाठ्यभार र कक्षा ४ देखि ८ सम्म ४ पाठ्यभारको स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा तथा अन्य स्थानीय विषय समावेश गरिनुपर्ने उल्लेख भएको छ भने माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा विभिन्न भाषाका पाठ्यक्रमहरू रहने व्यवस्था छ । त्यसै गरी आधारभूत तहसम्मको शिक्षाका लागि मातृभाषा माध्यमको रूपमा प्रयोग गर्न सकिने छ ।

### १०.१२ आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७५

आधारभूत तहमा पाठ्यक्रम निर्माण तथा विकास गर्दा स्थानीय विषय स्थानीय तहले समावेश गर्नुपर्दछ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, कला, संस्कृति, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको समन्वयमा स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

परिच्छेद : ११

# मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको ढाँचा

मातृभाषाका पाठ्यक्रमले मूलत: स्थानीय आवश्यकता, स्थानीय सहभागिता र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ । यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमकै रूपमा राख्ने गरिन्छ । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ । मातृभाषाका पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, सक्षमता, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि, सिकाइ सहजीकरण प्रकिया र मूल्याङ्कनका अंश रहनुपर्दछ ।

### ११.१ सक्षमता

पाठ्यक्रम निर्माण गर्ने पहिलो खुड्किलो नै तहगत सक्षमता निर्माण गर्नु हो । राष्ट्रिय पाठ्यक्रमको उद्देश्यसँग मेल खाने गरी मातृभाषाको पाठ्यक्रममा सक्षमता एवम् विषयगत र तहगत उद्देश्य निर्धारण गर्नुपर्दछ । सक्षमता व्यावहारिक र पूर्ण हुन्छ । उदाहरणका लागि सक्षमता निम्नअनुसार तय गर्न सकिन्छ :

(क) मातृभाषामा कुराकानी तथा लेखन

(ख) स्थानीय तहमा प्रचलित भाषाका सिप हासिल

### ११.२ भाषिक सिप/विषयवस्तु

मातृभाषाका पाठ्यक्रम विकास गर्न विभिन्न सरोकारवालाहरूसँग छलफल र कुराकानीद्वारा स्थानीय आवश्यकता पहिचान गरी त्यसअनुरूपको विषय क्षेत्रभित्रका विषयवस्तु छनोट गर्नुपर्दछ । सजिलोका लागि कहिलेकाहीँ उद्देश्य र विषयवस्तु सँगसँगै निर्धारण गर्न सकिन्छ । मातृभाषाका पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय स्तरका विद्यार्थीलाई सिकाउनै पर्ने कुरा सिकाउन तय गरिने पाठ्यक्रम भएकाले स्थानीय आवश्यकताको खोजी गर्ने काम अत्यन्त महत्त्वपूर्ण र अति आवश्यक कार्य हो । विषयवस्तु छनोट गर्दा स्थानीय व्यक्तिले आफ्ना बालबालिकाले सिक्न चाहेका कुराको भाव, शब्द, व्यवहार, अवलोकनलाई आधार लिनुपर्छ । जस्तै: स्थानीय व्यक्तिले आफ्ना बालबालिकाले आफ्नो विद्यालय वरपरका व्यक्ति, जन्तुजनावर र वस्तुहरूको बारेमा जाने हुन्थ्यो भन्ने इच्छा राख्छन् भने त्यसका लागि निम्नानुसार विषयवस्तु तय गर्न सकिन्छ :

(क) विभिन्न व्यक्ति, जन्तु जनावर र वस्तुहरूको आवाज सुनेर तिनको पहिचान

(ख) सम्बन्धित भाषामा कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बोध तथा प्रतिक्रिया

एउटै मूल विषयवस्तु एकभन्दा बढी कक्षामा राख्नुपर्ने अवस्थामा विषयवस्तु तय गर्दा कक्षागत रूपमा सुरुमा

सामान्य र बिस्तारै माथिल्लो कक्षामा विशिष्टीकृत गरेर राख्न सकिन्छ । एउटै विषयमात्र एउटा तहको सबै कक्षामा राख्नै पर्छ भन्ने छैन । सामान्य खालका विषयवस्तु भए एउटै कक्षामा वा कक्षापिच्छे फरक फरक राख्न सकिन्छ । विषयवस्तु तहगत रूपमा कक्षा कक्षाको कठिनाइ स्तरअनुरूप राख्दा विषयवस्तुको क्षेत्र र क्रम तयार पारेर राख्नुपर्दछ ।

**११.३ कक्षागत सिकाइ उपलब्धि**

स्थानीय आवश्यकताअनुसारको विषय क्षेत्र साधारण (तहगत) उद्देश्य र विषयवस्तु छनोट गरिसकेपछि ती सबैका आधारमा कक्षागत सिकाइ उपलब्धि निर्धारण गर्नुपर्ने हुन्छ । कुन विषयवस्तु कति गहिराइमा दिनु उपयुक्त हुन्छ भन्ने ख्याल गरी कक्षागत सिकाइ उपलब्धि तय गरिन्छ । कक्षागत सिकाइ उपलब्धि तय गर्दा सकेसम्म विशिष्ट खालका क्रियापद (Action verb) प्रयोग गर्नुपर्दछ । सिकाइ उपलब्धि स्थानीय स्तरका विषयवस्तुसँग सम्बन्धित र व्यावहारिक हुनुपर्दछ । सिकाइ उपलब्धि तय गर्दा विद्यार्थीको उमेर, ज्ञानको अवस्था, भाषिक स्तर, स्थानीय परिवेश, बाल मनोविज्ञान, विषयवस्तुको गहिराइजस्ता कुरालाई ख्याल गर्नुपर्दछ । सिकाइ उपलब्धि छुट्टै वा पाठ्यक्रम विस्तृतीकरण गर्दा त्यसैमा समेट्न सकिन्छ ।

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| १. भाषिक सिप : सुनाइ | १. जनावरको आवाज वा बाजाका ध्वनिहरू सुनेर छुट्याउन<br>२. दुईजनाको बिचमा हुने सामान्य कुराकानी सुनेर प्रतिक्रिया जनाउन | १. उस्तैउस्तै ध्वनि सुनी शब्द सुनेर छुट्याउन<br>२. तीन/चार जनाका बिचका सामान्य कुराकानी सुनेर प्रतिक्रिया जनाउन | १. उस्तैउस्तै ध्वनि सुनिने शब्द सुनेर छुट्याउन<br>२. विशेष परिवेशमा भएका कुराकानी सुनेर प्रतिक्रिया जनाउन | १. फरक किसिमका वाक्यहरू सुनेर तिनीहरूको फरक अर्थ बताउन<br>२. कुराकानी छलफल वर्णन सुनेर प्रतिक्रिया जनाउन | १. आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन<br>२. कुराकानी, छलफल वर्णन सुनेर प्रतिक्रिया जनाउन | १. अरुले भनेको कुरा ध्यानपूर्वक सुन्न र भन्न<br>२. सम्बन्धित भाषाको शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न | १. सम्बन्धित भाषाका सुनेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न<br>२. सम्बन्धित भाषा शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न | १. सम्बन्धित भाषाका शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याउन र सोहिअनुरुप शब्द उच्चारण गर्न<br>२. सम्बन्धित भाषामा अरुले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न |

### ११.४ सहजीकरण प्रक्रिया

मातृभाषाका पाठ्यक्रम बनाउने क्रममा कुन उद्देश्य पूरा गर्नका लागि कस्तो शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलाप अपनाउँदा उपयुक्त हुन्छ, त्यसका केही नमुनासमेत समावेश गरिनुपर्दछ । कस्तो विधि अपनाउने भन्ने कुरा उद्देश्य, विषयवस्तुको प्रकृति, विद्यार्थी सङ्ख्या, कक्षाकोठाको वातावरण र व्यवस्थाका साथै शैक्षिक सामग्रीको उपलब्धता आदिमा निर्भर गर्दछ ।

शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा प्रत्यक्ष, संरचनात्मक, सहभागितामूलक, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज आदि उल्लेख गरिएको भए पनि प्रत्यक्ष विधि बढी प्रयोगमा ल्याइने गरेको देखिन्छ । प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । प्रत्येक विद्यार्थीमा केही न केही प्रतिभा लुकेको हुन्छ । उक्त प्रतिभालाई बाहिर ल्याउने वातावरण तयार गरिदिनुपर्दछ । विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनुपर्दछ भन्ने मान्यताबाट जानुहुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीलाई भाषिक अभ्यास गरेर सिक (Learning by doing) भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्दछ किनकि सुनेको कुरा बिर्सिन्छ, देखेको कुरा सम्झिन्छ, गरेको कुरा सिकिन्छ भन्ने भनाइ रहेको छ ।

मातृभाषाको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित भाषा बोल्ने व्यक्तिसँग भेट गराउने, कुनै भाषासँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोतव्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्न सकियो भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

भाषा सिकाउँदा विद्यार्थीको सिकाइ स्तर र मानसिक तथा शारीरिक अवस्था, विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जाने र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ ।

मातृभाषालाई विभिन्न विषयको सिकाइमा माध्यमका रूपमा पनि प्रयोग गर्न सकिन्छ । अन्य विषयको अध्ययन अध्यापनका क्रममा विद्यार्थीलाई अवधारणा बुझाउन कठिन भएका बखत शिक्षकले विद्यार्थीको मातृभाषालाई उपयोग गरेर छलफल वा अन्य क्रियाकलाप गराउनु उपयुक्त हुन्छ । यस्ता क्रियाकलाप गराउँदा एकै मातृभाषा भएका विद्यार्थीको समूह निर्माणसमेत गर्न सकिन्छ ।

उदाहरणका लागि सुनाइ शिक्षणका सम्भाव्य सहजीकरण कार्यकलाप निम्नानुसार हुन सक्छन् :

- विद्यार्थीहरूलाई आँखा चिम्लन लगाई विभिन्न आवाज सुनाएर पहिचान गर्न लगाउने
- विभिन्न आवाजहरू सुनाएर त्यसअनुसार नक्कल गर्न लगाउने
- विद्यार्थीसँग घरपरिवारका बारेमा प्रश्नोत्तर गर्ने
- विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार गर्न लगाउने
- कुराकानी सुनाएर प्रतिक्रिया व्यक्त गर्न लगाउने
- संस्कृति झल्किने विभिन्न रमाइला कथा, कविता आदि सुनाएर विद्यार्थीहरूलाई पनि भन्न लगाउने
- वर्ण, शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गराउने आदि ।

**११.५ विद्यार्थी मूल्याङ्कन**

विद्यार्थीको सिकाइका बारेमा लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मूल्याङ्कनले पाठ्यक्रमले तोकेअनुसार निर्धारण गरेको उद्देश्य पूरा भयो भएन भन्ने जानकारी प्रदान गर्छ । विद्यार्थीको मूल्याङ्कनका बारेमा छोटो परिचय तल दिइएको छ :

(क) **निर्माणात्मक मूल्याङ्कन** : शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिई विद्यार्थीको सिकाइको लेखाजोखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन पनि भन्ने गरिन्छ । विद्यार्थीले केकति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्नेबारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसको माध्यमबाट विद्यार्थीको कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रकियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइ स्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनको साधन प्रयोग गर्न सकिने भए तापनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनको रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गर्दा प्रश्नको भाव वा निर्देशन नबुझेमा वा भाषिक कठिनाइ भएमा विद्यार्थीको मातृभाषालाई उपयोग गरी मूल्याङ्कन गर्न सकिन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेखसमेत राखी त्यसैको आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ ।

(ख) **निर्णयात्मक मूल्याङ्कन** : आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा

चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रो देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि यस्तो मूल्याङ्कन प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ । त्यसैले विशेष गरेर साना कक्षामा यस्तो मूल्याङ्कन प्रक्रिया अपनाउन हुँदैन भन्ने धारणाको विकास भएको पाइन्छ । नेपालमा पनि विगत केही समय अगिदेखि आधारभूत तहका तल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली हटाई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र त्यसैको आधारमा कक्षोन्नति गर्ने प्रचलन सुरु भएको छ ।

मातृभाषाका पाठ्यक्रममा पनि पाठ्यक्रम बनाउने समयमा नै कस्तो प्रकारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने हो, त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्दछ । निर्माणात्मक मूल्याङ्कन प्रणाली मात्र अवलम्बन गर्ने हो कि वा दुवै मूल्याङ्कन प्रणालीलाई मिश्रित रूपमा अवलम्बन गर्ने हो त्यस सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । कस्तो मूल्याङ्कन प्रकिया अपनाउने भन्ने कुरा विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिले निर्भर गर्दछ । जुनसुकै प्रकारको मूल्याङ्कन प्रकिया अपनाए पनि मूल्याङ्कनको साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्देश्यले निर्धारण गरेअनुसारको मापन हुने गरी मूल्याङ्कनको साधन प्रयोग गर्नुपर्दछ । जस्तै: उद्देश्य प्रयोग तहको तर मूल्याङ्कन साधन भने ज्ञान तहको मात्रा बनाइयो भने सही रूपमा लेखाजोखा गर्न सकिँदैन ।

मातृभाषाका पाठ्यक्रममा विषयवस्तु प्राय: गरेर स्थानीय स्तरकै हुने हुँदा सैद्धान्तिकभन्दा अभ्यास र प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ । तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन प्रणाली र माथिल्ला कक्षालाई मिश्रित प्रणाली उपयुक्त हुन सक्छ । निर्णयात्मक मूल्याङ्कन गर्दा समेत भाषिक समस्या उत्पन्न भएमा मातृभाषाको उपयोग गर्न सकिन्छ ।

### ११.६ समय निर्धारण (पाठ्यभार)

औपचारिक शिक्षाको पाठ्यक्रम तयार गर्दा समयको पनि ख्याल गरिनुपर्दछ । मातृभाषा विषयलाई छुट्याइएको समय अवधिभित्र रहेर विषयवस्तुको चयन गर्नुपर्दछ । उक्त विषयलाई साप्ताहिक रूपमा कति समय छुट्याइएको छ, सोको आधारमा एक शैक्षिक सत्रलाई कति घन्टा हुन्छ र सो समयावधिभित्र कति विषयवस्तु

पठनपाठन गर्न सकिन्छ, त्यति नै विषयवस्तु छनोट गर्नुपर्दछ । समग्रमा विषयवस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्र पनि कुन एकाइ वा पाठलाई अनुमानित कति समय चाहिन्छ, छुट्याउनु राम्रो हुन्छ । वर्षभरिमा विद्यालय खुल्ने दिन कति हो, खुलेका दिनमध्ये कति दिन पठनपाठन गर्ने, परीक्षा सञ्चालनका लागि कति समय आवश्यक पर्छ, यी सबै कुरालाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै क्रममा शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्यभार) विभाजन गर्न जरुरी हुन्छ । यसरी पाठ्यक्रम तयारीकै क्रममा समय विभाजन गर्न सकियो भने शिक्षकले वार्षिक, मासिक योजना बनाउन र विषयवस्तुको आधारमा एकाइ तथा पाठयोजना बनाउन सजिलो हुन्छ । अन्य विषयको शिक्षणमा समेत मातृभाषाको उपयोग गर्न सकिन्छ ।

**११.७ मातृभाषाको पाठ्यक्रमको ढाँचा**

मातृभाषाका पाठ्यपुस्तकको ढाँचा निम्नानुसार हुने छ :

१. परिचय

२. सक्षमता/तहगत उद्देश्य

३. कक्षागत सिकाइ उपलब्धि

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ....... |
|---|---|---|---|---|---|
| | | | | | |

४. सिप/विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ....... |
|---|---|---|---|---|---|
| | | | | | |

६. सिकाइ सहजीकरण प्रक्रिया

७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

**११.८ मातृभाषाको पाठ्यक्रम विकासको नमुना ढाँचा**

१. **परिचय** : यस खण्डमा सम्बन्धित मातृभाषाको छोटो परिचय लेख्ने

२. **आधारभूत शिक्षाका उद्देश्य** : यस खण्डमा राष्ट्रिय पाठ्यक्रममा उल्लिखित आधारभूत शिक्षाका उद्देश्य लेख्ने

३. **मातृभाषाका सिपगत सिकाइ उपलब्धि** : यस खण्डमा निम्नानुसारका क्षेत्रमा सिकाइ उपलब्धि लेख्ने

(क) सुनाइ

जस्तै : विभिन्न व्यक्ति, जन्तु जनावर र वस्तुहरूको आवाज सुनेर तिनको पहिचान गर्न

**(ख) बोलाइ**

जस्तै :सम्बन्धित भाषाका शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी बोल्न

**(ग) पढाइ**

जस्तै : सम्बन्धित भाषामा लेखिएका पाठहरू गति र यति मिलाई पढ्न

**(घ) लेखाइ**

जस्तै : सम्बन्धित भाषाको लेख्य संरचनाअनुसार वर्णहरू ठिक दुरीमा बान्की मिलाएर लेख्न

४. **कक्षागत सिकाइ उपलब्धि** : यस खण्डमा सम्बन्धित तहमा विद्यार्थीले सिक्नुपर्ने भाषिक सिपलाई समेटेर मापन गर्न सकिने खालका सिकाइ उपलब्धि लेख्ने । जस्तै :

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| १. भाषिक सिप (क) सुनाइ | १. साथीले भनेका कुरा सुनेका आधारमा सोधेका प्रश्नको जवाफ दिन | १. शिक्षकले बताएका कुराहरू सुनेका आधारमा सोधिएका प्रश्नहरूको जवाफ दिन | १. समूहमा सुनेका कुराको आधारमा सोधिएका प्रश्नहरूको जवाफ दिन | १. औपचारिक रूपमा दिइएका अभिव्यक्ति अरुलाई विस्तृत रूपमा सुनाउन सक्ने र गरी सुन्न | १.सञ्चार माध्यमबाट सुनेका कुराहरूका आधारमा कुराकानीमा भाग लिन | १.अरुले भनेको कुरा ध्यानपूर्वक सुन्न र भन्न | १. सम्बन्धित भाषा शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न | १. सम्बन्धित भाषाका शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याउन र सोहिअनुरूप शब्द उच्चारण गर्न |
| (ख) बोलाइ | १. वर्णमालाका सग्ला, संयुक्त र मात्रासहितका वर्ण र शब्दहरू उच्चारण गर्न | १. संयुक्त वर्ण भएका र उस्तै उस्तै ध्वनि सुनिने शब्दहरूको शुद्ध उच्चारण गर्न | १. संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गर्न | १. संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न | १. संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न | १.सम्बन्धित भाषाको शब्दहरूको ुरु र स्पष्ट उच्चारण गर्न | १.सम्बन्धित भाषा शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न | १. सम्बन्धित भाषामा अरुले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न |
| (ग) पढाइ | १. सग्ला तथा मात्रा लागेका वर्ण चिन्न र शुद्धसँग उच्चारण गरी पढ्न | १. उस्तै ध्वनि सुनिने वर्ण तथा शब्द बिचको भिन्नता छुट्याई पढ्न | १. शुद्ध र स्पष्ट उच्चारण गरी वाक्य तथा अनुच्छेद पढ्न | १. बालगीत तथा बालकविता गति, यति, लय मिलाई पढ्न | १. बालगीत तथा बालकविता गति, यति, लय मिलाई पढ्न | १.सम्बन्धित भाषाका लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न | १. सम्बन्धित भाषामा लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न | १. सम्बन्धित भाषाका पाठमा व्यक्त भावअनुसार गति, यति, लय मिलाई पढ्न |
| (घ) लेखाइ | १. मात्रा लागेका वर्ण र दिइएका चित्रको नाम लेख्न | १. तोकिएका वस्तुहरूको नाम लेख्न | १. दिइएका चित्रका बारेमा शिक्षकको निर्देशनअनुसार लिखित वर्णन गर्न | १. ठोस वस्तुको वर्णन गर्न | १. चित्र र अन्य विषयवस्तुको लिखित वर्णन गर्न | १. हिज्जे र लेख्यचिह्न मिलाई शुद्ध र स्पष्टसँग लेख्न | १. सम्बन्धित भाषाका शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न | १. सम्बन्धित भाषाका हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न |
| २. शब्द भण्डार | १.५०० शब्दसम्म प्रयोग गर्न | १. ८००० शब्दसम्म प्रयोग गर्न | १. १००० शब्दसम्म प्रयोग गर्न | १. १२०० शब्दसम्म प्रयोग गर्न | १. १५०० शब्दसम्म प्रयोग गर्न | १. १८०० शब्दसम्म प्रयोग गर्न | १.२००० शब्दसम्म प्रयोग गर्न | १.२१०० शब्दसम्म प्रयोग गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (क) वाक्यमा शब्द सङ्ख्या | १. दुई, तीन शब्दका वाक्य बोल्न र लेख्न | १. तीन, चार शब्दका वाक्य बोल्न र लेख्न | १. संयोजक प्रयोग गरी चार, पाँच शब्दका वाक्य बोल्न र लेख्न | १. संयोजक प्रयोग गरी पाँच, छ शब्दका वाक्य बोल्न र लेख्न | १. संयोजक प्रयोग गरी छ, सात शब्दका वाक्य बोल्न र लेख्न | १. संयोजक प्रयोग गरी सात, आठ शब्दका वाक्य बोल्न र लेख्न | १. संयोजक प्रयोग गरी आठ, नौ शब्दका वाक्य बोल्न र लेख्न | १. संयोजक प्रयोग गरी नौ, दश शब्दका वाक्य बोल्न र लेख्न |
| (ख) लेखाइ | १. मात्रा लागेका वर्ण र दिइएका चित्रको नाम लेख्न | १. तोकिएका वस्तुहरूको नाम लेख्न | १. दिइएका चित्रका बारेमा शिक्षकको निर्देशनअनुसार लिखित वार्णन गर्न | १. ठोस वस्तुको वार्णन गर्न | १. चित्र र अन्य विषयवस्तुको लिखित वर्णन गर्न | १. सम्बन्धित भाषाका शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न | १. सम्बन्धित भाषाका शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न | १. सम्बन्धित भाषाका हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न |

**५. सिप/विषयवस्तुको क्षेत्र र क्रम : यस खण्डमा अघिल्लो खण्डमा लेखिएका सिकाइ उपलब्धिका आधारमा सिप/विषयवस्तुको क्षेत्र र क्रम लेख्ने । जस्तै :**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| १. भाषिक सीप<br>(क) सुनाइ | सोधिएका प्रश्नको जवाफ | आफ्नो परिवेशका बारेमा सोधिएका प्रश्नहरूको जवाफ | सोधिएका विभिन्न प्रश्नहरूको जबाफ | औपचारिक अभिव्यक्ति सुनी प्रतिक्रिया | दुई वा सोभन्दा बढी व्यक्तिसँगको कुराकानीमा सहभागिता | अरुले भनेको कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया | सम्बन्धित भाषा शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिचान गरी उच्चारण | प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्दोच्चारण |

६.	**सहजीकरण प्रक्रिया : यस खण्डमा निर्धारित विषय क्षेत्रको सहजीकरणका लागि आवश्यक शिक्षण क्रियाकलाप लेख्ने**

आधारभूत तहको भाषा शिक्षणसिकाइ प्रक्रियामा प्रशस्त अभ्यासको आवश्यकता पर्ने भएकाले यस तहमा सुनाइ र बोलाइका लागि कुराकानी, छलफल, प्रश्नोत्तर, वर्णन तथा भूमिका निर्वाह, खेलजस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधिको उपयोग गर्नुपर्ने हुन्छ । पढाइ र लेखाइ सिप विकासका लागि आवश्यकताअनुसारका पढाइ र लेखाइसँग सम्बन्धित सस्वरवाचन मौनपठन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर र स्वतन्त्र लेखन जस्ता कार्यकलाप गराउनुपर्ने हुन्छ ।

- सुनाइ शिक्षणका सम्भाव्य कार्यकलाप :
- बोलाइ शिक्षणका सम्भाव्य कार्यकलाप :
- पढाइ शिक्षणका सम्भाव्य कार्यकलाप :
- लेखाइ शिक्षणका सम्भाव्य कार्यकलाप :
- कार्यमूलक व्याकरण शिक्षणका सम्भाव्य कार्यकलाप :
- शब्दभण्डार शिक्षणका सम्भाव्य कार्यकलाप :

७.	**मूल्याङ्कन प्रक्रिया** : यस खण्डमा विद्यार्थीको मूल्याङ्कन गर्ने सैद्धान्तिक र प्रयोगात्मक कार्यकलाप लेख्ने

| सिप/क्षेत्र | प्रयोगात्मक कार्य (निर्माणात्मक मूल्याङ्कन) | सैद्धान्तिक कार्य (निर्माणात्मक/निर्णयात्मक मूल्याङ्कन) | सह/अतिरिक्त कार्यकलाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

### ११.९ मातृभाषाको पाठ्यपुस्तक विकास

आधारभूत तहको पाठ्यक्रमको संरचनाअनुसार विभिन्न मातृभाषा पठनपाठन गराउन सकिने प्रावधान रहेको छ । उक्त संरचनाअनुसार विद्यालय, स्थानीय तह वा प्रदेश स्तरमा पाठ्यसामग्रीहरू बनाई पठनपाठन गराउन सक्ने प्रावधान गरिएको छ । मातृभाषाहरूको छुट्टै विषय विशेषज्ञ पाउन कठिन हुँदा प्राय: सबै भाषाहरूको पाठ्यपुस्तक विकास कार्यमा सम्बन्धित भाषिक समुदाय, स्थानीय सङ्घसंस्था र विद्यालय र सम्बन्धित भाषिक समुदायका जानकार व्यक्तिहरूलाई संलग्न गराई पाठ्यसामग्री विकास गर्न सकिन्छ ।

भाषाको प्रकृतिअनुसार पाठ्यपुस्तकहरूमा विविधता आउनु स्वाभाविक हो । यस विषयलाई पठनपाठनका

लागि छुट्याइएको समय, सबै भाषाका लागि आवश्यक पर्ने भाषिक सिप, भाषा सिक्न विषयवस्तुको रूपमा प्रयोग गरिने कक्षागत विधा, विद्यार्थीको उमेरअनुसार वर्णको साइज, सबै भाषा पठनपाठन गर्दा अपनाउनुपर्ने क्रियाकलाप आदिमा एकपता हुनुपर्ने महसुस गरी यो मार्गदर्शन तयार पारिएको हो ।

यसमा पाठ्यपुस्तक तयार पार्दा ध्यान दिनुपर्ने कुरा, पाठ्यपुस्तकको आकार प्रकार, कक्षागत र विधागत पाठ सङ्ख्या, चित्र र विषयवस्तुको अनुपात र वर्णको आकार (साइज) का सम्बन्धमा आवश्यक न्यूनतम आधार तोकिएका छन् ।

सम्बन्धित भाषिक समुदाय, विद्यालय, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूले यस मार्गदर्शनअनुसार मातृभाषाका पाठ्यपुस्तक विकास गर्न सक्ने छन् । मातृभाषाका पाठ्यपुस्तकहरू तयार गर्दा भाषिक सिप सिकाउने उद्देश्यबाट विषयवस्तुको छनोटमा विशेष ध्यान दिनु आवश्यक छ । विषयवस्तु विद्यार्थीहरूको अनुभव, स्थानीय आवश्यकता भाषिक सन्दर्भ र शैक्षिक गुणस्तरअनुसारको हुनुपर्छ । पाठ्यपुस्तकका पाठहरू तयार गर्दा उपयुक्त शीर्षक दिनुपर्छ र अभ्यासका लागि मूल्याङ्कनसम्बन्धी विविध क्रियाकलाप पनि पाठमा दिइएको हुनुपर्छ ।

**पाठ्यपुस्तक तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू**

१. **पाठ्यपुस्तकको आका प्रकार**

(क) आधारभूत तहका पाठ्यपुस्तकको साइज (Trim size) १८ सेन्टिमिटर (cm)× २४ सेन्टिमिटर (cm) वा २१ सेन्टिमिटर (cm)× २८ सेन्टिमिटर (cm) हुने छ ।

(ख) आधारभूतका पाठ्यपुस्तकको विषयवस्तुको आकार (Running text) १४ सेन्टिमिटर (cm) × २० सेन्टिमिटर (cm) वा १७ सेन्टिमिटर (cm) × २४ सेन्टिमिटर (cm) हुने छ ।

(ग) पुस्तकमा ८० देखि १५० सम्मको पेज सङ्ख्या रहनुपर्ने छ तर अभ्यास पुस्तिकासमेत समावेश भएका बढीमा २०० पेजसम्म हुन सक्ने छ । यो पेज सङ्ख्या ४ देखि ५ पाठ्यघन्टाका लागि भएकाले २ देखि ३ पाठ्यघन्टाका लागि ४० देखि ८० पेजको पुस्तक रहन सक्ने तर अभ्यास पुस्तिकासमेत समावेश भएका बढीमा १२५ पेजसम्म हुन सक्ने छ ।

(घ) प्रतिपाठ पेज सङ्ख्या अभ्यास तथा क्रियाकलापसहित औसत कम्तीमा ४ पेज हुनुपर्ने छ ।

## २. पाठ्यपुस्तकको विषयवस्तु (विधा) :

भाषा सिकाउनका लागि निम्नलिखित विधाहरूलाई समेटेर पाठ्यपुस्तक तयार गर्नुपर्ने छ :

| क्र. स. | विधा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालकथा (आवश्यकतानुसार गाउँखाने र चित्रकथासहित) | ४-५ | ४-५ | ४-५ | ४-५ | ५-६ | ५-६ | ५-६ | ५-६ |
| २ | बालगीत/बालकविता | ४-५ | ४-५ | ४-५ | ४-५ | ४-५ | ५-६ | ५-६ | ५-६ |
| ३ | संवाद | १-२ | २-३ | २-३ | २-३ | २-३ | २-३ | २-३ | २-३ |
| ४ | प्रबन्ध/निबन्ध | ४-५ | ४-५ | ४-५ | ४-५ | ४-५ | ४-५ | ४-५ | ४-५ |
| ५ | चिठी | | १-२ | १-२ | १-२ | १-२ | १-२ | १-२ | १-२ |
| ६ | जीवनी | | | १-२ | २-३ | २-३ | २-३ | २-३ | २-३ |
| ७ | दैनिकी | | | | | | | १-२ | १-२ |
| ८ | वादविवाद | | | | | | | | १-२ |
| | पाठ सङ्ख्या | १३-१७ | १५-१९ | १६-२२ | १७-२३ | १८-२४ | १९-१५ | २०-२७ | २१-२९ |

उल्लिखित तालिका ४ वा ५ पाठ्यघन्टाका लागि भएकाले २ वा ३ पाठ्घन्टाका लागि कुन कुन भाषिक सिपहरूको प्राप्तिमा जोड दिने उद्देश्य राखिएको छ सोहीअनुसार विधाको सङ्ख्या समायोजन गर्ने गरी २० देखि ४० प्रतिशतले घटाउनुपर्छ ।

## ३. चित्र र विषयवस्तुको अनुपात

कक्षा १ देखि ५ सम्म चित्र र अन्य विषयवस्तुको अनुपात सामान्यतया निम्नानुसार हुनुपर्ने छ ।

| कक्षा | चित्र | विषयवस्तु |
|---|---|---|
| १ | ६० प्रतिशत | ४० प्रतिशत |
| २ | ५० प्रतिशत | ५० प्रतिशत |
| ३ | ४० प्रतिशत | ६० प्रतिशत |
| ४ | ३० प्रतिशत | ७० प्रतिशत |
| ५ | ३० प्रतिशत | ७० प्रतिशत |

| | | |
|---|---|---|
| ६ | २० प्रतिशत | ८० प्रतिशत |
| ७ | २० प्रतिशत | ८० प्रतिशत |
| ८ | २० प्रतिशत | ८० प्रतिशत |

**४. वर्णको आकार (साइज) :**

देवनागरी लिपिको हिमाली तथा प्रीति फन्टमा निम्नानुसारको वर्ण साइज हुनुपर्ने छ :

| कक्षा | शीर्षक | उपशीर्षक | मूलपाठ |
|---|---|---|---|
| १ | २८ गाढा | २६ गाढा | २४ |
| २ | २८ गाढा | २६ गाढा | २४ |
| ३ | २६ गाढा | २४ गाढा | २२ |
| ४ | २४ गाढा | २२ गाढा | १८ |
| ५ | २४ गाढा | २२ गाढा | १८ |
| ६ | २० गाढा | १८ गाढा | १६ |
| ७ | २० गाढा | १८ गाढा | १६ |
| ८ | २० गाढा | १६ गाढा | १६ |

**नोट** : देवनागरी लिपिबाहेक अन्य लिपिमा पाठ्यपुस्तक तयार गर्दा माथि उल्लिखित साइज (आकार) हुने गरी फन्ट साइज प्रयोग गर्नुपर्दछ ।

**५. पाठ्यपुस्तकको अन्य पक्ष**

- चित्रहरू सकेसम्म सम्बन्धित भाषिक समुदायको संस्कृति सुहाउँदो हुनुपर्ने छ ।
- चित्रहरू सफा, स्पष्ट, बुझिने र सन्देशमूलक हुनुपर्ने छ ।
- पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु तथा चित्र राष्ट्रिय अखण्डतामा आँच नपुग्ने हुनुपर्ने छ ।
- पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु, चित्र इत्यादिले नेपालको विविधतालाई सम्मान गर्नुपर्दछ ।
- पाठ्यपुस्तकमा समावेश भएका सामग्रीहरूमा लैङ्गिक रूपले भेदभाव गरिनु हुँदैन ।
- मानवीय अस्तित्व बोध गराउन र समाजमा रहेका विभिन्न जातजाति, संस्कृतिबिच एकआपसमा समभाव जनाउन, तिनीहरूको संरक्षण तथा संवर्धन गर्न सोअनुसारका सन्देशमूलक सामग्री समावेश गर्नुपर्ने छ ।
- पाठ्यपुस्तकमा समावेश गरिएका पाठ तथा अभ्यासहरू बालकेन्द्रित हुनुपर्ने छ ।

- प्रत्येक पाठमा कठिन शब्दका अर्थ आफ्नै मातृभाषामा दिनुपर्ने छ ।
- पाठ्यपुस्तकका पाठहरू तयार गर्दा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरूलाई समेट्नुपर्ने छ ।
- पाठ्यक्रमले निर्धारण गरेका व्याकरण पक्षलाई पाठ्यपुस्तकमा अलग रूपमा नराखी एकीकृत (Integrated) रूपमा राख्नुपर्ने छ । व्याकरणको प्रस्तुति कार्यमूलक हुनुपर्छ ।
- पाठहरू तयार गर्दा तल्ला कक्षाहरू (१-३) मा सुनाइ र बोलाइ सिपलाई बढी प्राथमिकता दिनुपर्ने छ भने माथिल्ला कक्षाहरू (४-८) मा पढाइ र लेखाइ सिपलाई जोड दिनुपर्ने छ ।
- पाठ्यपुस्तकमा समावेश भएका पाठ तथा शिक्षणसिकाइ क्रियाकलापलाई नमुनाका रूपमा समावेश गरी थप अभ्यासका लागि शिक्षकलाई निर्देशन दिनुपर्ने छ ।
- प्रत्येक पाठ्यपुस्तकको पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको प्रकाशन शैलीअनुसार सुरुमा आवरण, प्रकाशक, प्राक्कथन, पाठ्यपुस्तक प्रयोगसम्बन्धी निर्देशन र विषयसूची समावेश गर्नुपर्ने छ ।
- पाठ्यपुस्तकको अन्तिममा आवश्यकतानुसार परिशिष्ट, सन्दर्भ ग्रन्थ, शब्दावली आदि समावेश गर्नुपर्ने छ ।
- पाठ्यपुस्तकमा समावेश गरिने पाठहरू तयार गर्दा कक्षाको स्तर, विद्यार्थीहरूको रुचि तथा क्षमता, समुदायको आवश्यकता र स्थानीय परिवेशलाई पर्याप्त रूपमा ख्याल गरिनु आवश्यक छ ।

परिच्छेद : १२

# मातृभाषाका पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था

मातृभाषाको पाठ्यक्रम विकास, निर्माण र कार्यान्वय देहायबमोजिम हुने छ :

(क) आधारभूत तहमा व्यवस्था गरिएको मातृभाषा विषयअन्तर्गत मातृभाषाका विषयवस्तु र सिपको अध्ययन अध्यापन गराइने छ ।

(ख) मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न विषयवस्तु छनोट गर्दा व्यावहारिक तरिकाले अध्यापन गर्न सकिने र सकारात्मक प्रभाव पार्ने प्रकृतिको हुनुपर्ने छ ।

(ग) मातृभाषाको पाठ्यक्रम विद्यालयगत वा स्थानीय तहगत रूपमा तयार गर्न सकिने छ । स्थानीय तहभर एउटै मातृभाषाको पठनपाठन हुन सक्ने भएमा स्थानीय तहभर र विद्यालय स्तरमा मात्र मिल्ने भएमा विद्यालयस्तरीय पाठ्यक्रम निर्माण गर्न सकिने छ । यसरी स्थानीय तह स्तरमा तयार हुने पाठ्यक्रम मिल्दाजुल्दा आवश्यकता भएका विद्यालयलाई समूहीकृत गरेर विद्यालयको मागबमोजिम फरक फरक रूपमा पनि विकास गरी प्रयोग गर्न सकिने छ । एकभन्दा बढी स्थानीय तहले आपसमा मिलेर मातृभाषाका पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सक्ने छन् ।

(घ) प्रदेशभर एकै प्रकारको पाठ्यक्रम लागु गर्न सकिने अवस्थामा प्रदेशले प्रदेश तहमा मातृभाषाका पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सक्ने छ । प्रदेशभर लागु हुन नसक्ने अवस्थामा स्थानीय तहका लागि पाठ्यक्रम विकास गरिदिन सक्ने छ ।

(ङ) मातृभाषाको पाठ्यक्रम निर्माणका सन्दर्भमा सम्बन्धित स्थानीय तह जिम्मेवार हुने छ । स्थानीय तहको शिक्षा हेर्ने शाखाले सो क्षेत्रभित्रका विद्यालयका लागि मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न समन्वय तथा संयोजन गरी प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

(च) स्थानीय आवश्यकता र अभिभावक एवम् सरोकारवालाको सल्लाह तथा परामर्शका आधारमा मातृभाषामा स्थानीय विषयवस्तुको पठनपाठन गर्न सकिने छ । मातृभाषा विषय वा माध्यम दुवै हुन सक्ने छ ।

(छ) पाठ्यक्रमले तोकेअनुसार सबै किसिमका विद्यालयले मातृभाषा/स्थानीय विषय अनिवार्य रूपमा लागु गर्नुपर्ने छ । सोको अनुगमन सम्बन्धित स्थानीय तहबाट हुने छ ।

(ज) मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयनका लागि स्थानीय तहमा कार्यरत जनशक्तिको पेसागत दक्षता अभिवृद्धिका लागि स्थानीय तह जिम्मेवार हुने छ । यस कार्यमा प्रादेशिक तथा सङ्घीय तहले प्राविधिक तथा अन्य सहयोग गर्न सक्ने छ ।

(झ) मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गर्न सरकारी, गैरसरकारी तथा सामुदायिक सङ्घसंस्थासँग सहकार्य गर्न सकिने छ ।

(ञ) स्थानीय तहले आवश्यकताअनुसार विज्ञ, शिक्षा हेर्ने प्रमुख वा अधिकृतको संयोजकत्वमा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, परिमार्जन र कार्यान्वयनका लागि कार्यदल/समिति गठन गर्न सक्ने छ । त्यस्तो कार्यदल/समितिले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने छ ।

(ट) स्थानीय तह वा विद्यालयले आवश्यकताअनुसार सङ्घ, प्रदेश वा अन्य निकायबाट विशेषज्ञ सेवा लिन सक्ने छ । सम्बन्धित स्थानीय तहले आवश्यकताअनुसार विभिन्न पाठ्यक्रमका समिति/उपसमिति/कार्यदलसमेत गठन गर्न सक्ने छ ।

(ठ) प्रदेश तहबाट विकास तथा कार्यान्वयन गरिने मातृभाषाका पाठ्यक्रम प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराई लागु गर्नुपर्ने छ ।

(ड) स्थानीय तहले आवश्यकतानुसार पाठ्यक्रम विकास केन्द्रबाट प्राविधिक र विशेषज्ञ सेवा, सल्लाह र सुझाव लिन सक्ने छन् ।

(ढ) मातृभाषाका पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको भावना प्रतिकूल नहुने र धार्मिक, सांस्कृतिक, सामाजिक सद्भावमा नकारात्मक प्रभाव नपर्ने राजनीतिक पूर्वाग्रह नहुने तथा राष्ट्रिय अखण्डता, सामरिक सुरक्षा, कुटनीतिक सम्बन्ध, अर्थतन्त्रलगायतका विषय राख्दा राष्ट्रियतामा आँच नआउने प्रकृतिका विषयवस्तु समावेश गर्नुपर्ने छ ।

(त) मातृभाषाका शिक्षक/प्रशिक्षकको व्यवस्था विद्यालय/विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहबाट हुने छ ।

(थ) स्थानीय तहले स्वीकृत गरेका मातृभाषाका पाठ्यक्रमको सूची तयार गरी प्रत्येक वर्षको असार मसान्तभित्र पाठ्यक्रम विकास केन्द्रमा पठाउनुपर्ने छ ।

(द) पाठ्यक्रम विकास केन्द्रले मातृभाषाका नमुना सामग्री विकास गर्न सक्ने छ र केन्द्रले विकास गरेका विभिन्न मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री प्रदेश, स्थानीय तह र विद्यालयले प्रयोग गर्न सक्ने छन् । हालसम्म पाठ्यक्रम विकास केन्द्रले विकास गरेका पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रद्वारा विकसित र प्रकाशित भएको व्यहोरा उल्लेख गरी कुनै पनि विद्यालय तथा स्थानीय तहले शैक्षिक प्रयोजनमा प्रयोग गर्न सक्ने छन् तर यस्ता पुस्तकहरू व्यापारिक प्रयोजनका लागि कुनै पनि विद्यालय, स्थानीय तहले प्रयोग गर्न वा प्रयोग गर्ने स्वीकृति दिन सक्ने छैनन् ।

परिच्छेद : १३

# मातृभाषा शिक्षणको कार्यान्वयन

**१३.१ कार्यान्वयन**

मातृभाषा शिक्षण कार्यक्रम कार्यान्वयनमा विभिन्न पक्ष जिम्मेवार हुन्छन् । पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्दा देशको समग्र शिक्षा नीति, देशले लिएको शैक्षिक प्रतिबद्धता, राष्ट्रिय मानक तथा मापदण्ड आदि सबैलाई आधारका रूपमा लिनुपर्ने हुन्छ । अत: सबै तहका सरकारहरू मातृभाषिक शिक्षण कार्यक्रम कार्यान्वयनमा जिम्मेवार हुन्छन् । यस खण्डमा मातृभाषा शिक्षण कार्यक्रम कार्यान्वयनमा तीन ओटै सङ्घ, प्रदेश र स्थानीय तहले निर्वाह गर्नुपर्ने जिम्मेवारीका बारेमा चर्चा गरिएको छ ।

**(क) सङ्घीय तहबाट हुने कार्यहरू**

सङ्घीय सरकारले देहायका जिम्मेवारी निर्वाह गर्न सकेमा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकासमा सहजता पुग्न जान्छ :

- मातृभाषाको पाठ्यक्रम तथा सिकाइ सामग्री विकाससम्बन्धी राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्ने
- देशभर अभ्यासमा रहेका मातृभाषाको सूचना तथा तथ्याङ्क अद्यावधिक गर्ने
- नमुनाका रूपमा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी प्रदेश तथा स्थानीय सरकारलाई सर्वसुलभ गराउने
- मातृभाषाको संरक्षण, संवर्धन तथा प्रवर्तनसँग सम्बन्धित कार्यहरू गर्ने
- विद्युतीय स्रोतमा आधारित मातृभाषाका सिकाइ सामग्री विकास गरी तिनको सर्वसुलभताको अवस्था सुनिश्चित गर्ने

**(ख) प्रदेश तहबाट गरिने कार्यहरू**

मातृभाषा शिक्षण कार्यको प्रभावकारी व्यवस्थापनका लागि प्रदेश सरकार पनि समान रूपमा जिम्मेवार रहन्छ । प्रदेशको मातृभाषिक नीति तथा कार्यक्रम, बजेट व्यवस्थापन, स्थानीय तहलाई थप सहयोग र सहजीकरणका लागि प्रदेश जिम्मेवार हुन्छ । स्थानीय तहको सक्षमता विकास र मातृभाषिक वातावरण निर्माणमा प्रदेशको भूमिका अहम् रहन्छ । देहायको कार्य जिम्मेवारी प्रदेशले निर्वाह गर्दाको अवस्थामा मातृभाषिक शिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जान्छ :

- मातृभाषाको पाठ्यक्रम तथा सिकाइ सामग्री विकाससम्बन्धी राष्ट्रिय मानक तथा मापदण्डका आधारमा प्रादेशिक तहको मानक तथा मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउने

- माातृभाषाको पठनपाठनलाई व्यवस्थित गर्न स्थानीय तहको क्षमता विकास गर्ने
- मातृभाषाका सिकाइ सामग्री विकास तथा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने
- मातृभाषाको सरक्षण, संवर्धन तथा प्रवर्तनका लागि अध्ययन अनुसन्धान गरी तिनको सुझावका आधारमा मातृभाषिक कार्यक्रम विकास तथा कार्यान्वयनका लागि स्थानीय तहलाई सहजीकरण गर्ने
- मातृभाषाको पाठ्यक्रम विकास तथा सिकाइ सामग्री विकास र तिनको उचित प्रयोगका लागि प्रदेश निश्चित प्रतिशत बजेट व्यवस्था गर्ने र स्थानीय तहले निश्चित प्रतिशत बजेट व्यवस्था गर्ने अवस्था सुनिश्चित गर्ने
- मातृभाषामा आधारित बहुभाषिक शिक्षण पद्धति लागु गर्न स्थानीय तहलाई आवश्यक सहजीकरण गर्ने
- प्रदेशमा प्रयोगमा रहेका मातृभाषाको सूचना तथा तथ्याङ्क अद्यावधिक गर्ने

**(ग) स्थानीय तहबाट गरिने कार्यहरू**

संविधानले स्थानीय तहलाई विद्यालय तहको शिक्षा व्यवस्थापन तथा सञ्चालनको अधिकार प्रदान गरेको छ । अत: मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयनको प्रमुख जिम्मेवार स्थानीय तह हो । देहायका कार्यहरू सम्पादन गर्दाको अवस्थामा मातृभाषिक शिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जान्छ :

- स्थानीय तहले शिक्षा ऐन, नियमावली तथा अन्य शैक्षिक नीति तय गर्दा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयनको स्पष्ट नीति तय गर्ने
- समुदायमा अभ्यासमा रहेका मातृभाषाहरूको लिपि भएमा सोसहितको तथ्याङ्क अद्यावधिक गर्ने
- सङ्घ तथा प्रदेशले तय गरेको मापदण्डमा रही मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास नीति तय गरी कार्यान्वयनमा ल्याउने
- प्रत्येक विद्यालयले आफ्नो समुदायमा प्रचलनमा रहेको मातृभाषाको विकास तथा विस्तारका लागि आवश्यकतामा आधारित भई मातृभाषाको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउने
- विद्यालयहरूमा मातृभाषामा आधारित बहुभाषिक शिक्षण पद्धति लागु गर्न आवश्यक सहजीकरण गर्ने
- विद्यालयहरूमा मातृभाषाको पाठ्यक्रम विकास तथा कार्यान्वयनको अवस्थाको नियमित रूपमा अनुगमन गर्ने र आवश्यक सहयोग गर्ने नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याउने
- मातृभाषा तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनलाई व्यवस्थित गर्न एउटा स्थायी संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याउने
- मातृभाषा तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि निश्चित बजेटको व्यवस्था सुनिश्चित गर्ने
- विद्यालयहरूको मातृभाषाको पाठ्यक्रम तथा सिकाइ सामग्री विकास र कार्यान्वयनका लागि आवश्यक सक्षमता विकास गर्ने

### (घ) विद्यालय तहको जिम्मेवारी

विद्यालय पाठ्यक्रम कार्यान्वयनको प्रमुख निकाय हो । वास्तविक रूपमा विद्यालयका शिक्षक नै पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि जिम्मेवार हुन्छन् । विद्यालय र विद्यालयका शिक्षकको सक्रियता विना मातृभाषिक शिक्षण कार्यक्रम कार्यान्वयन हुन सक्दैन । यस अर्थमा विद्यालय र विद्यालयका शिक्षकहरूको जिम्मेवारी महत्त्वपूर्ण छ । देहायका कार्यहरू विद्यालय तहबाट सम्पादन हुन सकेको अवस्थामा मातृभाषिक शिक्षा कार्यक्रम प्रभावकारी हुन जाने देखिन्छ :

- विद्यालयले स्थानीय तहको नीति, मापदण्ड तथा प्राप्त निर्देशिकाहरूको आधारमा विद्यालयमा समुदायको आवश्यकताबमोजिम स्थानीय पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी कार्यान्वयनमा ल्याउने
- स्थानीय तहको समन्वयमा अध्यापन गराउने मातृभाषा छनोट, पाठ्यभार निर्धारण र पाठ्यसामग्री छनोट तथा विकास गर्ने
- मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि स्थानीय तहमा उपलब्ध विज्ञहरूको समूह तयार गरी आवश्यकताअनुसार प्रयोगमा ल्याउने
- मातृभाषाको सहज कार्यान्वयनका लागि विद्यालयमा उपलब्ध शिक्षकहरूको मातृभाषाको विज्ञताका आधारमा मातृभाषाको शिक्षण सिकाइ हुने गरी शिक्षकको शैक्षणिक जिम्मेवारी तय गर्ने
- मातृभाषाको शिक्षण सिकाइका लागि आवश्यक शैक्षणिक सक्षमता विकास गर्ने नीति अवलम्बन गर्ने
- वार्षिक रूपमा विद्यालय सुधार योजनाको अद्यावधिक गर्दा मातृभाषाको शिक्षण सिकाइ सुनिश्चित हुने क्रियाकलाप तथा आवश्यक बजेटको व्यवस्था गर्ने
- मातृभाषाको पाठ्यक्रम तथा सिकाइ सामग्री विकास तथा कार्यान्वयनमा अभिभावक तथा समुदायको सहभागिता सुनिश्चित गर्ने
- समुदायमा उपलब्ध विज्ञहरूको सूची तय गरी मातृभाषाको पाठ्यक्रम पाठ्यसामग्री विकास र प्रभावकारी कार्यान्वयनका लागि प्रयोगमा ल्याउने
- मातृभाषाको शैक्षिक महत्त्वका बारेमा अभिभावक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने
- मातृभाषाको पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि विद्यालय सुधार योजनाबमोजिम आवश्यक बजेटका लागि प्रस्ताव तयार गरी स्थानीय तह समक्ष बजेट माग गर्ने

### (ङ) मातृभाषी समुदायको जिम्मेवारी

मातृभाषाको पाठ्यक्रम तथा यसको कार्यान्वयनमा सम्बन्धित समुदायको सहभागिताको महत्त्वपूर्ण स्थान रहन्छ । समुदायको मागअनुसार नै मातृभाषा पाठ्यक्रम विकास तथा कार्यान्वयन हुन्छ । समुदाय जति बढी सक्रिय हुन सक्यो त्यति नै बढी प्रभावकारी कार्यान्वयन हुन जान्छ । देहायका कार्यहरूमार्फत समुदाय सक्रिय हुन्छन् :

- मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीबाट सिकारुको गुणस्तरीय शिक्षामा पर्ने सकारात्मक प्रभावका बारेमा सामुदायिक सचेतना विकास गर्ने
- आफ्नो समुदायको आवश्यकताअनुसार मातृभाषाको पठनपाठन सुनिश्चित गर्न विद्यालय सुधार योजनामार्फत स्थानीय तहबाट निश्चित बजेट व्यवस्थापन गर्न विद्यालयलाई आवश्यक सहयोग गर्ने
- मातृभाषाका विज्ञहरूको सूची तयार गरी विद्यालयलाई उपलब्ध गराउने
- मातृभाषामा शिक्षण गर्न शिक्षकलाई आवश्यक पर्ने सक्षमता विकास गर्न विद्यालयलाई सहयोग गर्ने
- विज्ञसमूह परिचालन गरी विद्यालयमा नमुनाका रूपमा मातृभाषाको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- मातृभाषाका पाठ्यक्रम तथा सिकाइ सामग्री विकासमा सहयोग गर्ने
- विद्यालयले नियमित रूपमा मातृभाषामा शिक्षण सिकाइ कार्य गरे नगरेको अवस्थाको नियमित रूपमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

### १३.२ मातृभाषा शिक्षण कार्यान्वयनमा सहयोग र सहजीकरण

- स्थानीय तह, विद्यालय र समुदायले मातृभाषा शिक्षण कार्यान्वयनमा निरन्तर सहयोग र सहजीकरण गर्नुपर्छ ।
- प्रदेश सरकारले मातृभाषाको कार्यान्वयनलाई सहज बनाउन आवश्यक सक्षमता विकास, पाठ्यक्रम, सिकाइ सामग्री विकास, तिनको छपाइ र वितरणकार्यलाई व्यवस्थित गरी सहयोग गर्न सक्छ ।
- स्थानीय तहले मातृभाषाको पाठ्यक्रम, सिकाइ सामग्री विकास र कार्यान्वयनका लागि आवश्यक सक्षमता विकास, बजेटको व्यवस्थापन र विद्यालयमा आधारित अनुगमन तथा पृष्ठपोषण प्रदान गरी मातृभाषा शिक्षण कार्यान्वयनमा सहयोग एवम् सहजीकरण गर्न सक्छ ।
- विद्यालयले मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्री विकास, तिनको प्रभावकारी कार्यान्वयन, मातृभाषिक शिक्षकको व्यवस्थापन, शिक्षकको सक्षमता विकास, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन तथा निरन्तर अनुगमन र पृष्ठपोषण प्रदान गरी मातृभाषाको सहज कार्यान्वयनमा सहयोग गर्न सक्छ ।
- सङ्घ तथा प्रदेशले वार्षिक बजेटमार्फत निश्चित प्रतिशत बजेट मातृभाषाको पाठ्यक्रम तथा सिकाइ सामग्री विकासमा विनियोजन गरी स्थानीय तहलाई मातृभाषाको पाठ्यक्रम विकास तथा कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गर्न सक्छ ।

### १३.३ मातृभाषाका शिक्षकको व्यवस्था

मातृभाषामा प्रभावकारी शिक्षणका लागि शिक्षकको व्यवस्था गर्नु राम्रो हुन्छ । शिक्षकको व्यवस्थापन गर्दा देहायका विकल्पहरू प्रयोगमा ल्याउन सकिन्छ :

(क) विद्यायलयमा कार्यरत शिक्षकहरूमध्ये सम्बन्धित भाषिक समुदायका इच्छुक शिक्षकलाई मातृभाषा

शिक्षणको जिम्मेवारी प्रदान गर्ने

(ख) स्थानीय तह वा विद्यालयको आर्थिक सहयोगमा मातृभाषिक समुदायका व्यक्तिहरूबाट योग्य व्यक्तिलाई मातृभाषिक शिक्षण सिकाइको जिम्मेवारी प्रदान गर्ने

(ग) स्थानीय समुदायमा बसोवास गर्ने मातृभाषिक शिक्षाप्रेमी व्यक्तिहरूबाट स्वयम्सेवकको रूपमा मातृभाषिक शिक्षण सिकाइ सञ्चालन गर्ने

(घ) मातृभाषिक समुदायका व्यक्तिहरूबाट योग्य व्यक्तिलाई मातृभाषिक शिक्षण सिकाइको जिम्मेवारी प्रदान गर्ने र कक्षा सञ्चालन गरेबापत प्रतिकक्षा निश्चित पारिश्रमिक उपलब्ध गराउने

(ङ) मातृभाषा शिक्षणको तालिम सञ्चालन गरी क्षमता विकास गराउने

**सन्दर्भ सामग्री**


पाठ्यक्रम विकास केन्द्र (२०५७), *प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ (कक्षा १-५),* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६०), *स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६०,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६२), *प्राथमिक शिक्षा, २०६२ (कक्षा १-३),* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (प्राथमिक तह) २०६४,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *प्राथमिक शिक्षा, २०६२ (कक्षा ४-५),* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वियसम्बन्धी सचेतना सामग्री, २०६५,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *स्थानीय पाठ्यक्रम : स्रोत सामग्री,* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), *स्थानीय पाठ्यक्रम प्रारूप :* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७५), *आधारभूत तह कक्षा १–३ को पाठ्यक्रम प्रारूप :* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७५), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५,* सानोठिमी, भक्तपुर : लेखक (अप्रकाशित) ।

पाठ्यक्रम विकास केन्द (२०६४), *मातृभाषाको नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास निर्देशिका, २०६४ (कक्षा १-५),* सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७०), म*ातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका लागि मार्गदर्शन पुस्तिका,* सानोठिमी, भक्तपुर : लेख ।

भाषा आयोग (२०७५), *भाषा आयोगको प्रतिवेदन (दोस्रो),* भाषा आयोग, काठमाडौं : लेखक ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७४), *शैक्षिक सूचना, सिंहदरबार,* काठमाडौं : लेखक ।

Subedi, R. P. (2012). *Development and Implementation of Local Curriculum in Nepal.* Dissertation for Master's of Philosophy in Education: Tribhuvan University (Unpublished).

Thomas, L.(2012). *Thinking about an Area based Curriculum.* RSA-action research centre. www.thersa.org

www2.unescobkk.org/elib/ publications/building curriculumDe

अनुसूचीहरू

अनुसूची १.

पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तकको सूची

| सि.नं. | मातृभाषा | कक्षा | छपाइको अवस्था |
|---|---|---|---|
| १. | मैथिली | १-६ | पाविकेबाट नमुनाप्रति छपाइ भएको, कक्षा ६ को मुद्रणीय प्रति तयार |
| २. | भोजपुरी | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ३. | अवधी | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ४. | लिम्बू | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ५. | बान्तवा राई | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ६. | चाम्लिङ राई | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ७. | शेर्पा | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ८. | गुरुङ | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ९. | तामाङ | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १०. | मगर | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| ११. | नेपाल भाषा | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १२. | थारु | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १३. | सुनुवार | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १४. | राजवंशी | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १५. | याख्खा | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १६. | मुगाली | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १७. | थारु (मध्यक्षेत्र) | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १८. | तामाङ (सम्भोटा) | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| १९. | धिमाल | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| २०. | मगर (अथार मगरात) | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |

| | | | |
|---|---|---|---|
| २१. | बज्जिका | १-५ | पाविकेबाट नमुनाप्रति तयार भएको |
| २२. | कुलुङ | १-५ | पाविकेबाट नमुनाप्रति छपाइ भएको |
| २३. | चेपाङ | १-५ | कक्षा १-४ को पाविकेबाट नमुनाप्रति तयार भएको |
| २४. | खालिङ राई | १-५ | कक्षा १-४ को पाविकेबाट नमुनाप्रति तयार भएको |
| २५. | माझी | १-५ | कक्षा १-२ को पाविकेबाट नमुनाप्रति तयार भएको |
| २६. | राना थारु | १-५ | कक्षा १-२ को पाविकेबाट नमुनाप्रति तयार भएको |

अनुसूची २.

## पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका मातृभाषाका सन्दर्भ सामग्रीको सूची

| नेपाली | अवधी | मैथिली | रानाथारु कोनो |
|---|---|---|---|
| १. धनियाले साइकल सिकिन् | १. गोपी कै टोपी | १. लाल ओढनी | १. मुच्छड ददाको |
| २. चरी खै ? | २. घूमघाम | २. माछेवाला भैयाके कोठली | २. चिम्पु और घडी |
| ३. मिलीजुली घर | ३. लाल चुनरी | ३. जतन | ३. भुँखानो रक्षत |
| ४. मुजुरको प्वाँख | ४. जतन | ४. सजमैन दादी | ४. आबओ गिनएँ १,२,३-- |
| ५. रातो पछ्यौरी | ५. दाजू मामा | ५. मनु औ मोध | ५. मुच्छड ददाको कोनो |
| ६. गोपीको टोपी | ६. आजी कै खिस्से | ६. घुमफिर | ६. धनियाँ सइकलि सिखि |
| ७. छरीबरी | ७. रिचईया कहाँ गई ? | ७. गोपीके टोपी | ७. लाल पिछौडा |
| ८. चिम्पु र घडी | ८. दोस्ती | ८. चिडैया कतक | ८. लौकी दादि |
| ९. आऊ गनौं १,२,३ | ९. हमरे सबका घर | ९. दादी माँके खिस्सा | ९. नाचएँ गामएँ ! |
| १०. भोको राक्षस | १०. मनु और मधु | १०. साइकल सिखलक | १०. मिलजलको घर |
| ११. लौका बज्यै | ११. लौकहिया आजी | ११. चिम्पु आ घडी | ११. मनु और सहत |
| १२. पोल्ने रातो | १२. चिम्पु और घडी | १२. आऊ गनी १,२,३-- | १२. मुल्लाको पखना |
| १३. साझा फूलबारी | १३. हमरे सब कै फुलवारी | १३. भूखाएल राक्षस | १३. भुजनबारो लाल |
| १४. मित्रता | १४. मोछाडे बाबा कै कोठरी | १४. चाइरकोना साथीसब | १४. टोम्पी टेम्पो |
| १५. नयाँ बिहानी | १५. मजोर कै पोखन | १५. छिरियाएल बिरियाएल | १५. चिरैया कितए ? |
| १६. चारकुने साथीहरू | १६. आओ गना जाय १,२,३-- | १६. टोम्पी टेम्पो | १६. तितर बितर |
| १७. हजुरआमाको कथा | १७. छितरान् | १७. सझिया फूलबारी | १७. साझा फूलबारी |
| १८. जुँगेदाइको कोठा | १८. भुख्खड राक्षस | १८. सोनुके किनमेल | १८. रामु कि किनमेल |
| १९. मनु र मह | १९. चौकोनहा दोस्त | १९. पाकडवला लाल | १९. नयाँ सबेरो |
| २०. नाचौं गाऔं | २०. आओ नाचा गावा जाय ! | २०. नव बिहान | २०. चारकोनो |
| २१. घुमघाम | २१. नई सबह | २१. नाचू ! गाऊ ! | २१. दादिकि बात |
| २२. जतन | २२. धनियाँ साइकिल सिखिन् | २२. दोस्ती | २२. रेखदेख |
| २३. टोम्पी टेम्पो | २३. लाल कोइला | २३. सझिया घर | २३. घुमघाम |
| २४. जादु मामा | २४. टोम्पी टेम्पो | २४. मजुरको पाँखि | २४. गोपीकि टोपी |

अनुसूची ३.

**मातृभाषाका बाल सिकाइ सामग्रीको विवरण**

| सि.नं. | मातृभाषा | विधा |
|---|---|---|
| १. | मैथिली | कथा, जीवनी र संस्कृति |
| २. | भोजपुरी | कथा, जीवनी र संस्कृति |
| ३. | लिम्बू | कथा, जीवनी र संस्कृति |
| ४. | थारु | कथा, जीवनी र संस्कृति |
| ५. | अवधी | कथा, जीवनी र संस्कृति |
| ६. | मगर | कथा, जीवनी र संस्कृति |
| ७. | नेपाल भाषा | कथा, जीवनी र संस्कृति |
| ८. | डोटेली | कथा, जीवनी र संस्कृति |
| ९. | थकाली | कथा, जीवनी र संस्कृति |
| १०. | चाम्लिङ | कथा, जीवनी र संस्कृति |
| ११. | गुरुङ | कथा, जीवनी र संस्कृति |
| १२. | शेर्पा | कथा, जीवनी र संस्कृति |
| १३. | बान्तवा राई | कथा, जीवनी र संस्कृति |
| १४. | उर्दू | कथा, जीवनी र संस्कृति |
| १५. | संस्कृत | कथा, जीवनी र संस्कृति |